
माघ – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन


| वर्ष २७, अङ्क १९ | २०७५, माघ १-१५ | पूर्णाङ्क ६३७ |
|---|---|---|


प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

**माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत - अध्यक्ष**
**मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई - सदस्य**
**नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय - सदस्य**
**अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन - सदस्य**
**वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय - सदस्य**
**सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ७ | इजलास नं. १० | ५ |
| इजलास नं. १ | ३ | इजलास नं. ११ | ४ |
| इजलास नं. २ | ११ | इजलास नं. १२ | ५ |
| इजलास नं. ३ | ७ | इजलास नं. १३ | ४ |
| इजलास नं. ४ | ४ | इजलास नं. १४ | ३ |
| इजलास नं. ५ | ५ | इजलास नं. १५ | २ |
| इजलास नं. ६ | ४ | इजलास नं. १६ | १ |
| इजलास नं. ७ | ३२ | इजलास नं. १८ | २ |
| इजलास नं. ८ | १२ | इजलास नं. १९ | १ |
| इजलास नं. ९ | ८ | एकल इजलास | १ |
| जम्मा | ९३ | जम्मा | २८ |

**कूल जम्मा ९३ + २८ = १२१**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **<u>www.nkp.gov.np</u>** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **<u>शब्दबाट फैसला खोज्नुहोस्</u>** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **<u>वृहत् खोज</u>** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **<u>नेकाप प्रत्येक वर्ष</u>** र **<u>हाम्रो बारेमा</u>** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, माघ – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ६** |
| १. | उत्प्रेषण / परमादेश | नरेन्द्रकुमार कार्की वि. राजकुमार विमलीसमेत | |
| २. | परमादेश | शेरबहादुर कठायतसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत | |
| ३. | उत्प्रेषण / प्रतिषेध / परमादेश | युवराज गौतम वि. पुनरावेदन अदालत, विराटनगरसमेत | |
| ४. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. जनक साहतेलीसमेत | |
| ५. | अंश चलन | सुशीला बास्तोलासमेत वि. शम्भुप्रसाद बास्तोलासमेत | |
| ६. | निर्णय बदर दर्ता हक कायम | बिनु गिरीसमेत वि. श्याम सुन्दर तामाङसमेत | |
| ७. | उत्प्रेषण / परमादेश | हरेन्द्र राय यादवसमेत वि. सम्मानीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| **इजलास नं. १** | | | **६ - ८** |
| ८. | कर्तव्य ज्यान | बालकृष्ण खत्री वि. नेपाल सरकार | |
| ९. | उत्प्रेषण / परमादेश | टिकाप्रसाद सापकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | |

| | | | |
|---|---|---|---|
| **इजलास नं. २** | | | **८ - ९** |
| १०. | अंश दपोट | नीरमाया तामाङ वि. कृष्णबहादुर तामाङ | |
| ११. | अंश दर्ता | मदन साह सोनार वि. छठिया देवीसमेत | |
| **इजलास नं. ३** | | | **९ - १५** |
| १२. | कर्तव्य ज्यान | धनबहादुर शाहीसमेत वि. नेपाल सरकार | |
| १३. | लागु औषध | सन्तोष श्रेष्ठ वि. नेपाल सरकार | |
| १४. | कर्तव्य ज्यान | प्रवेश यादवसमेत वि. नेपाल सरकार | |
| १५. | उत्प्रेषण / परमादेश | रविन्द्र जोशी वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहलसमेत | |
| १६. | उत्प्रेषण / परमादेश | कृष्ण कटुवाल वि. वैदेशिक रोजगार न्यायाधिकरण, घट्टेकुलो, काठमाडौंसमेत | |
| १७. | उत्प्रेषण / परमादेश | शिवकुमार अहिर वि. पुनरावेदन अदालत, बुटवलसमेत | |
| **इजलास नं. ४** | | | **१५ - १८** |
| १८. | ठगी | नेपाल सरकार वि. हरिभक्त संग्रौलासमेत | |
| १९. | उत्प्रेषण | राजेन्द्र श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | |
| २०. | हातहतियार खरखजाना | नेपाल सरकार वि. रामानन्द सहनीसमेत | |

| | | |
|---|---|---|
| २१. | कर्तव्य ज्यान | सन्तकुमार सुवेदी वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **१८ - २२** |
| २२. | उत्प्रेषण | नरबहादुर बुढासमेत वि. पुनरावेदन अदालत, बागलुङसमेत |
| २३. | कर्तव्य ज्यान र जबरजस्ती चोरी | अनिलकुमार पण्डित वि. नेपाल सरकार |
| २४. | कर्तव्य ज्यान | राजेशकुमार बुढा मगरसमेत वि. नेपाल सरकार |
| २५. | उत्प्रेषण / परमादेश | अरविन्दकुमार पाठक वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासीसमेत |
| २६. | उत्प्रेषण | खेमलाल गुरूङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत |
| **इजलास नं. ६** | | **२३ - २५** |
| २७. | भ्रष्टाचार | नेपाल सरकार वि. दिपक खड्का |
| २८. | भ्रष्टाचार (ना.प्र.प.) | क्रान्तिकुमार झवाली वि. नेपाल सरकार |
| २९. | भ्रष्टाचार | प्रेमबहादुर के.सी. वि. नेपाल सरकार |
| ३०. | भ्रष्टाचार | परविर वैगार वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **२५ - २९** |
| ३१. | जबरजस्ती करणी, कर्तव्य ज्यान र डाँका चोरी | देशी भन्ने अरमान वि.क. सुनारसमेत वि. नेपाल सरकार |
| ३२. | उत्प्रेषण | राजकुमार दास तत्मासमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत |
| ३३. | भ्रष्टाचार | पूर्णबहादुर बस्नेतसमेत वि. नेपाल सरकार |
| **इजलास नं. ८** | | **३० - ३६** |
| ३४. | उत्प्रेषण / परमादेश | उमा पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| ३५. | लेनदेन | भोगेन्द्र पाठक वि. नन्दकुमार गोइत |
| ३६. | आगजनी | नेपाल सरकार वि. प्रियराज जोशीसमेत |
| ३७. | अंश चलन | कान्छी दुलालसमेत वि. साबित्री दुलाल |
| ३८. | जालसाजी | सानुबाबु खत्री वि. सिता आचार्य |
| ३९. | अंश चलन | सानुबाबु खत्री वि. ज्ञानबहादुर घर्तीसमेत |
| ४०. | उत्प्रेषण | जयराम यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत |
| ४१. | जबरजस्ती चोरी | नेपाल सरकार वि. होमबहादुर बुढाथोकी |
| **इजलास नं. ९** | | **३६ - ३७** |
| ४२. | अंश दर्ता | सन्त साह कानु वि. महन्थ साह कानु |
| ४३. | करार बमोजिमको जग्गा नामसारी र.पा. गरिपाउँ | जैसिंह महरा वि. पोचे मोर |

| | | | |
|---|---|---|---|
| ४४. | सार्वजनिक गौचर जग्गा दर्ता गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. मधुसुदन थपलियासमेत | |
| **इजलास नं. १०** | | | **३७ - ४१** |
| ४५. | भ्रष्टाचार | लिला न्यौपाने वि. नेपाल सरकार | |
| ४६. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. न्हुछेबहादुर महर्जन | |
| ४७. | फैसला बदर पोखरी र डिल सार्वजनिक गरिपाऊँ | खुदनीवती यादवनीसमेत वि. महेन्द्र यादव | |
| ४८. | दाइजोबापतको सुनको गहना फिर्ता | सरीता अधिकारी वि. विनोद अधिकारी | |
| ४९. | मानव बेचबिखन तथा ओसारपसार | विशाल बोहरा वि. नेपाल सरकार | |
| **इजलास नं. ११** | | | **४१ - ४४** |
| ५०. | जबरजस्ती करणी | नेपाल सरकार वि. सन्तु मेगबहादुर भन्ने मेखबहादुर आलेसमेत | |
| ५१. | हक कायमसमेत | लक्ष्मीप्रसाद कोजुसमेत वि. मसिनु सुवालसमेत | |
| ५२. | उत्प्रेषण | कामता अहिर वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत | |
| ५३. | उत्प्रेषण | ध्रुवप्रसाद चौलागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| **इजलास नं. १२** | | | **४४ - ४८** |
| ५४. | अवैध रूपमा भवन निर्माण | पूजा श्रेष्ठ वि. मिनु प्रसाई | |
| ५५. | जबरजस्ती करणी | नेपाल सरकार वि. चित्रबहादुर गुरूङसमेत | |
| ५६. | जबरजस्ती करणी | नेपाल सरकार वि. नरेश श्रेष्ठ | |
| ५७. | लिखत दर्ता बदर दर्ता | मिरहसन अन्सारी वि. गोबर्द्धन राउत कुर्मी | |
| ५८. | अंश दर्ता | वृजलाल यादवसमेत वि. धनराज यादव | |
| **इजलास नं. १३** | | | **४८ - ५१** |
| ५९. | अबन्डा जग्गा बन्डा गरिपाऊँ | चन्द्रदेव मंडरसमेत वि. हरि नारायण मंडरसमेत | |
| ६०. | लिखत बदर दर्ता बदर दर्ता | देवेन्द्र शाह वि. वेचनी सिंह दनुवारनीसमेत | |
| ६१. | बिना इजाजत राष्ट्रिय वनको रूख कटान गरेको | नेपाल सरकार वि. हिमकान्त अधिकारीसमेत | |
| ६२. | वन पैदावार हानि नोक्सानी | नेपाल सरकार वि. देवीमाया कटुवाल | |
| **इजलास नं. १४** | | | **५१ - ५४** |
| ६३. | लुटपिट | हिरालाल यादवसमेत वि. सोतीलाल यादवसमेत | |

| | | | |
|---|---|---|---|
| ६४. | लिखत दर्ता बदर दर्ता कायम | रत्नमाया थापा मगर वि. मनकुमारी थापा मगरसमेत | |
| ६५. | बकसपत्र लिखत बदर | रामकुमार थापासमेत वि. श्यामकुमार थापा | |
| **इजलास नं. १५** | | | **५४ - ५६** |
| ६६. | लिखत दर्ता बदर दर्ता | विजयकुमार साहसमेत वि. फेकन साहसमेत | |
| ६७. | निर्णय दर्ता बदर पर्खाल भत्काई खिचोला मेटाई चलन | जीवनकुमार पौड्यालसमेत वि. गोपाल मानन्धर | |
| **इजलास नं. १६** | | | **५६ - ५७** |
| ६८. | जबरजस्ती करणी | मनोज आचार्य वि. नेपाल सरकार | |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १८** | | | **५७ - ५८** |
| ६९. | उत्प्रेषण / परमादेश | पवनकुमार खड्का वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, भाटभटेनी, काठमाडौंसमेत | |
| ७०. | कर्तव्य ज्यान | हरिराम थारू वि. नेपाल सरकार | |
| **इजलास नं. १९** | | | **५८ - ५९** |
| ७१. | उत्प्रेषण / परमादेश | नुतनकुमार थापा मगर वि. यादव सिंह मगरसमेत | |
| **एकल इजलास** | | | **५९ - ६०** |
| ७२. | उत्प्रेषण | सुनिलकुमार पटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपककुमार कार्की,** ०६८-WO-०८३२, उत्प्रेषण / परमादेश, *नरेन्द्रकुमार कार्की वि. राजकुमार विमलीसमेत*

श्रम अदालतबाट मिति २०६७।१०।२० मा भएको फैसला कार्यान्वयनको क्रममा श्रम अदालत, र पुनरावेदन अदालत, पाटनबाट भएको आदेश रिट निवेदकले बदर गर्न माग गरी प्रस्तुत निवेदन दायर गरेको र यिनै रिट निवेदकहरूले नै उक्त श्रम अदालतको २०६७।१०।२० को फैसला गैरकानूनी भएकोले बदर गरिपाउँ भनी यस अदालतमा दायर गरेको रिट नं. ०६९-WO-०३५० को रिट निवेदन यस अदालतबाट मिति २०७३।४।१८ मा निवेदन खारेज हुने ठहरी फैसला भएकोसमेत देखिन्छ । यसरी श्रम अदालतबाट भएको उक्त मिति २०६७।१०।२० को फैसला बदर गर्न माग गरेकोमा सो निवेदन खारेज भई उक्त श्रम अदालतको फैसला कायम रहिरहेको र सोही फैसला कार्यान्वयनको सिलसिलामा परेको निवेदनउपर कानूनबमोजिम भएका आदेशलाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ, उल्लिखित तथ्य एवम् विवेचनासमेतका आधारमा अदालतबाट फैसला भई अन्तिम भई बसेको फैसला कार्यान्वयनको सिलसिलामा अदातलबाट कानूनबमोजिम भएको आदेशउपर निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा निवेदन मागबमोजमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल असोज १० गते रोज २ शुभम् ।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६६-WO-०८७०, परमादेश, *शेरबहादुर कठायतसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकहरू साबिकमा बसोबास गर्दै आएको रौतेली विचवा गा.वि.स. वडा नं.१ बडनीखेडाको ३-२-१९ जग्गामध्ये ०-१६-१३ अधिग्रहणमा परेको, सोबापत साबिक महेन्द्रनगर हाल भीमदत्त न.पा. वडा नं. २(च) वागफाँटाको साबिक कि.नं. ६८ हाल १९८४ को ०-९-५-० जग्गा प्राप्त गरेकोमा सो जग्गामा पहिलेदेखि नै स्थानीय लक्ष्मी मा.वि. र शुक्लाफाँटा आरक्षबीच विवाद रहेकोमा सो विवादको दिगो समाधान नगरी निवेदकलाई सट्टाभर्नाबापत दिइएको, सो सट्टाभर्ना पाएको जग्गामा घर गोठसमेत बनाई बसोबास गरेको अवस्थामा विद्यालयले निवेदकलाई बलपूर्वक हटाई जग्गा प्रयोग गरेको र त्यसपछि निवेदक आफ्नो पुरानै रौतेलीबीचमा गा.वि.स. वडा नं.१ बडनीखेडाको ३-२-१९ जग्गामध्ये ०-१६-१३ जग्गा आरक्ष विस्तारमा परी बाँकी रहेको जग्गामा गई घर गोठ बनाई बसोबास गरेको अवस्थामा तहाँबाट समेत आरक्ष प्रशासनले हटाएको र निवेदकले सट्टाभर्ना पाएको उल्लिखित साबिक कि.नं. ६८ हाल १९८४ को ०-९-५-० जग्गा हाल स्थानीय लक्ष्मी मा.वि. र शुक्लाफाँटा आरक्ष जग्गा समस्या समाधान समितिबीच भएको सहमतिअनुरूप सो समितिको मिति २०६३।७।२२ को निर्णयबाट विद्यालयले प्राप्त गरेको भन्ने निवेदन जिकिरहरू रहेको देखिएकोमा निवेदकले सट्टाभर्ना पाएको भनिएको जग्गा निवेदकले उपभोग नै गर्न नपाई विद्यालयले प्राप्त गरेको कारण निवेदकको सम्पत्ति र बसोबाससम्बन्धी अधिकारको हनन भएको भन्ने प्रश्न उपस्थित भएको हुँदा निवेदन जिकिरअनुसार क्षतिपूर्ति भराई पाउनुपर्ने नपर्ने समष्टिगत विषयमा वस्तुनिष्ठ प्रमाण तथा साबिकका कारबाहीहरूसमेत अध्ययन र विश्लेषण

गरी शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालयसमेतका विपक्षीहरूबाट उपयुक्त निर्णय हुनुपर्ने देखिने।

निवेदकहरूले सट्टाभर्नाबापत पाएको जग्गा नै निजहरूले प्राप्त नगरी विद्यालयले प्राप्त र भोग गरेको भन्ने जिकिर रहेको र निवेदकहरूलाई क्षतिपूर्ति दिने विषयमा शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय, सकारात्मक रहेकोसमेत देखिँदा शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालयको सिफारिससमेतका आधारमा निवेदन माग तथा क्षतिपूर्तिको विषयमा यथाशीघ्र उपयुक्त तथा कानूनसम्मत निर्णय गर्नु भनी विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयसमेतका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल पुस ११ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०३६४, उत्प्रेषण / प्रतिषेध / परमादेश, *युवराज गौतम वि. पुनरावेदन अदालत, विराटनगरसमेत*

प्रस्तुत निवेदनमा विपक्षीहरू मनोज ग्याँस उद्योग प्रा.लि. र लिलाराज गौतमका बीचमा ग्याँस बिक्रीसम्बन्धी सम्झौता भएको र ग्याँसको रकम नदिएको भनी मनोज ग्याँस उद्योगले लिलाराज गौतमउपर लेनदेन मुद्दा पर्सा जिल्ला अदालतमा दायर गरी दाबीबमोजिमको बिगो भराई पाउने ठहर भई फैसला भएको र सोही फैसला कार्यान्वयनका लागि ग्याँस उद्योगका तर्फबाट बिगो भराई पाउँ भनी निवेदन परेको र लिलाराज गौतमका नामको जग्गाले बिगो असुलउपर हुन नसक्ने भनी यी रिट निवेदकका नामको जग्गासमेत देखाई निवेदन दिएको भन्ने देखिन्छ । रिट निवेदक र विपक्षीमध्येका लिलाराज गौतम छुट्टी भिन्न भइसकेको हुँदा निवेदकको नामको जग्गाबाट विपक्षीले बिगो भराउन नमिल्ने हुँदा उक्त निवेदकका नामको जग्गा रोक्का राख्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७२।२।२८ मा भएको आदेश बदर गरिपाउँ भन्ने मुख्य मागदाबी रहेको देखिने।

विपक्षीमध्येका मनोज ग्याँस उद्योगका अधिकारप्राप्त व्यक्ति अरूणकुमार दास र लिलाराज गौतमका बीचमा चलेको २०७२ सालको बिगो नं. ६।२५२ को मुद्दामा दुवै पक्षबीच लेनदेन भई मिति २०७३।४।९ मा मिलापत्र भएको भनी मिलापत्रको कागजको प्रतिलिपिसहित मोरङ जिल्ला अदालतबाट जानकारी प्राप्त भई मिसिल सामेल रहेको देखिन्छ । जुन विवादमा निवेदकका नामको जग्गा रोक्का राख्ने भन्ने आदेश पुनरावेदन अदालत, विराटनगरबाट भएको हो सोही विवादमा विवादका दुई पक्षबीच मिलापत्र भइसकेको देखिँदा हाल आएर सोही विषयमा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुको कुनै औचित्य रहेको नदेखिने।

अतः उल्लिखित तथ्य एवं विवेचनासमेतको आधारमा बिगो भराई पाउनको लागि रिट निवेदकको जग्गा रोक्का राखिएकोमा बिगो भराई पाउँ भन्ने निवेदनका पक्ष विपक्षीका बीचमा मिलापत्र भइसकेको देखिएकोले रिट निवेदनको कुनै औचित्य रहेको नदेखिँदा निवेदन मागबमोजमको आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल असोज ९ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०३३५, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. जनक साहतेलीसमेत*

"भ्रष्टाचार" शब्दले अख्तियारप्राप्त व्यक्तिले आफूलाई वा अरू कसैलाई फाइदा पुर्‍याउने नियतले आफ्नो पद वा शक्तिको दुरूपयोग गरी सरकारी सम्पत्ति हिनामिना गरेको अवस्थालाई जनाउँछ । भ्रष्टाचारमा

मनसायतत्त्व निहित रहेको हुन्छ । आफ्नो वा अरू कसैको फाइदाको लागि बदनियत राखी पद वा शक्तिको दुरूपयोग गरी वा दबाब दिई पद वा शक्तिको दुरूपयोग गर्न लगाई सरकारी सम्पत्ति हिनामिना गर्ने कार्य गरेको अवस्थामा भ्रष्टाचारजन्य कसुर गरेको मानिने ।

"बेरूजु" शब्दले अख्तियारप्राप्त व्यक्तिले सरकारी रकम खर्च गर्दा राख्नु पर्ने लेखा दुरूस्त नराखी वा एउटा शीर्षकमा प्राप्त रकम अर्को शीर्षकमा खर्च गरी वा तत्काल उब्जिएको संकटलाई व्यवस्थापन गर्नु परेको अवस्थामा कुनै रकम खर्च गरेको तर त्यसलाई रूजु गराई फरफारक गर्न नसकेको अवस्थालाई बुझिने ।

बेरूजु व्यक्तिगत फाइदाको लागि गलत नियत राखी सरकारी सम्पत्ति मासे वा मास्न लगाएको अवस्था नभई सरकारी रकम खर्च गर्दा नियमित रूपमा राख्नु पर्ने स्रेस्ता अद्यावधिक गर्न नसकेको कारण त्यस्तो सरकारी रकमको नियमितता र औचित्यता पुष्टि हुन नसकी अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार भएको भनी लेखा परीक्षणबाट औंल्याइएको अवस्था हो । बेरूजु रकमलाई सम्बन्धित निकायबाट संपरीक्षण गराई वा बेरूजु रकम भुक्तानी भएपछि जसका नाममा बेरूजु औंल्याइएको हो त्यस्तो व्यक्तिले सो दायित्वबाट उन्मुक्ति पाउने ।

दाबीको रकम प्रतिवादीले गैरकानूनी तवरले हिनामिना गरेको नभई बेरूजुको रूपमा रहेको रकम प्रतिवादीले नेपाल सरकारको राजस्व खातामा जम्मा दाखिला भइसकेको देखिँदा विद्यालयको नाममा निकासा भएको रकम प्रतिवादीले खाई मासी हिनामिना गरेको भनी मान्न मिल्ने नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीअनुसार सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ जिल्ला शिक्षा कार्यालय, बारा, कलैयाको पत्रबाट विद्यालयलाई गएको निकासा उल्लेख गरी सोमध्ये लेखा परीक्षणबाट खर्च भएको देखाएको रकम कट्टा गरी बाँकी बेरूजु देखिएको रकमसमेत बेरूजु खातामा जम्मा भइसकेको बाँकी बक्यौता र बेरूजु नदेखिएको बेहोरा उल्लेख भएको देखिन आएकाले विद्यालय चलेको अवस्थामा भएको खर्चको समेत लेखा परीक्षण भई बेरूजु देखिएको रकमसमेत दाखिला भएकोसमेतका प्रमाण आधारबाट प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७३।२।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

५

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CI-०५२५, अंश चलन, *सुशीला बास्तोलासमेत वि. शम्भुप्रसाद बास्तोलासमेत*

आम्दानीको स्रोतको प्रमाणिकता हुनु र सोही आर्जित रकमबाट सम्पत्ति खरिद गरेको देखिनु फरक फरक विषय हुने ।

प्रतिवादी शम्भुप्रसादले आफ्नो प्रतिउत्तरपत्रमा स्वआर्जनबाट कमाई आफूले लाई खाई बचाएको पैसा समयसमयमा घर पठाई घर व्यवहारमा सहयोग गर्दै पुनरावेदकहरूको पढाई लेखाइमा समेत खर्च गरी आएको भन्ने उल्लेख गरेको देखिन्छ । निजले प्राप्त गरेको तलब भत्तालाई एकमुष्ट रूपमा गणितीय तवरबाट उल्लेख गर्दैमा घर परिवारसमेतको दायित्व बहन गरी आएका विपक्षीले प्राप्त गरेको सबै रकम बचत भएको भनी अनुमान गर्न सकिने अवस्था नरहने ।

विवादित जग्गामध्ये काठमाडौं स्थित कि.नं. ३६८ को जग्गा २०६० सालमा रू.५,५०,०००।- खरिद गरेको देखिन्छ । सो रकम तलब भत्ता वा सञ्चय कोषलगायतको के कुन स्रोतबाट खरिद गरेको हो भनी

वस्तुनिष्ठ तवरबाट पुष्टि हुन सकेको देखिँदैन। त्यसैगरी प्रतिवादीले सञ्चय कोषबाट सापट लिएको भन्ने देखिए तापनि विवादित जग्गाहरू खरिद गरेको समय र ऋण लिएको समय एउटै नभई समयान्तरलाई हेर्दा सो रकमबाट नै विवादित जग्गा खरिद गरेको विश्वास गर्न सकिने अवस्थासमेत देखिएन। विपक्षी प्रतिवादी शम्भुप्रसाद बास्तोलाकै साक्षी गणेशप्रसाद बास्तोलाले सुरू अदालतमा गरेको बकपत्रको स.ज. ८ समेतबाट झापाको जग्गा किन्दा सगोलको पैतृक सम्पत्ति पप्री खेत बन्धकी राखी ऋण लिएको तथ्यलाई स्वीकार गरेको देखिने।

यस अदालतबाट प्रतिवादी झिकाउने आदेश भई सो आदेश तामेल गर्ने प्रयोजनका लागि पुनरावेदकले प्रतिवादीहरूको वतन खुलाउँदा प्रतिवादीमध्येका नन्दराज बास्तोला, पदमकुमारी बास्तोला र दिव्यप्रसाद बास्तोला हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.६ स्थित प्रतिवादी शम्भुप्रसाद बास्तोलाको नाममा दर्तामा रहेको विवादित कि.नं. ३६८ को जग्गामा रहेको घरमा बसी आउनु भएको भनी वतन खुलाइदिएको देखिन्छ। सो वतनमा यस अदालतबाट म्याद जारी भई तामेल भई निजहरू उपस्थित भएको अवस्थासमेतलाई दृष्टिगत गर्दा विवादित जग्गामा वादी एवम् प्रतिवादीहरूसमेतले हालसम्म सामूहिक भोगचलन गरी आएको देखिने।

सगोलको अंशियारले आफ्नो नाममा रहेका सम्पत्तिमा आफ्नो Exclusive right अर्थात् अन्य अंशियारबाहेकको आफ्नो निजी हक भनी दाबी गर्नका लागि कानूनले निजी मानिने र देखिने आधारभूत, निश्चयात्मक वा अकाट्य प्रमाणबाट समर्थित गराउन सक्नु पर्ने।

विवादित जग्गा शिक्षण पेसाको आयबाट खरिद गरेको सम्पत्ति हो भनी जिकिर लिए तापनि सो जिकिरलाई तदनुसारको कुनै वैध लिखत वा अन्य कानूनबमोजिमको ग्रहणयोग्य प्रमाणबाट पुष्टि भएको देखिन आउँदैन । प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार अन्यथा प्रमाणित नभएसम्म जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति भएको भनी अदालतले अनुमान गर्नुपर्ने हुन्छ। अदालतको सो अनुमानलाई अन्यथा प्रमाणित गरी खण्डन गर्न प्रतिवादीले सकेको नदेखिने।

अतः विवादको कि.नं.३६८ र कि.नं.३०२७ को जग्गा पुनरावेदक / प्रत्यर्थी शम्भुप्रसाद बास्तोलाले निजी रूपमा आर्जन गरी खरिद गरेको भन्ने आधारभूत र निश्चयात्मक प्रमाणबाट समर्थित हुन नसकेको स्थितिमा प्रमाण ऐन, २०३१ को दफा ६(क) विपरीत भएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१०।२६ गतेको फैसला उल्टी भई विवादित जग्गासमेतबाट बन्डा हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।१।१३ को फैसला सदर हुने।

इजलास अधिकृत : ठाकुरप्रसाद खरेल

इति संवत् २०७५ साल असार ५ गते रोज ३ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CI-०७३२, निर्णय बदर दर्ता हक कायम, *बिनु गिरीसमेत वि. श्याम सुन्दर तामाङसमेत*

जग्गा नाप जाँच ऐन, २०१९ को दफा ६ (५क) मा दर्ता तिरो नभएको घरजग्गाको स्वामित्व घरायसी लिखतको आधारबाट पाई कम्तीमा पन्ध्र वर्षसम्म आफ्नो हक जानी अटुट भोग गरेको र सो अवधिमा सो लिखतलाई लिएर कुनै अदालतमा नालिस उजुर नपरेको भए लिखत रजिस्ट्रेसन नभएको भए तापनि सदर मानी त्यस्तो घर जग्गा भोगवाला व्यक्तिको नाउँमा दर्ता गर्नुपर्ने भन्ने कानूनी व्यवस्था भए पनि प्रस्तुत सन्दर्भमा विवादित जग्गा प्रतिवादीकै नाउँमा दर्ता स्रेस्ता रही निजले नै तिरो तिरी आएको र निजको नाउँको दर्ता स्रेस्ता हालसम्म अन्यथा नभएको

अवस्थामा सो कानूनी व्यवस्था प्रस्तुत सन्दर्भमा आकर्षित हुन सक्ने अवस्था नरहने।

जग्गा (नापजाँच) ऐन, २०१९ तथा अन्य प्रचलित कानूनी व्यवस्थासमेतबाट विवादित जग्गाको स्वामित्व प्रतिवादी बिनु गिरीसमेतकै नाउँमा रहेको अवस्थामा उक्त जग्गा वादीले भोग गरी आएकै कारणले मात्र निजको नाउँमा दर्ता हुन सक्ने अवस्थाको सिर्जना हुन सक्ने अवस्था नहुँदा प्रतिकूल भोग भएकै अवस्थामा पनि Adverse Possession कै अवधारणाको आधारमा स्वत: स्वामित्वसमेत हस्तान्तरण हुन सक्ने अवस्था नरहने।

सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिको आधार र कार्यप्रणाली ऐनबमोजिम हुनेछ भनी संवैधानिक प्रत्याभूति गरेको अवस्थामा नरबढीको नाउँमा दर्ता स्रेस्ताअनुसारको जग्गाको स्वामित्व नै शून्य वा समाप्त हुन सक्ने अवस्था नरहने।

एकाको दर्ताको जग्गामा हकै नपुग्नेले पर्खाल लगाई आफ्नो कम्पाउण्डभित्र पारेकै अवस्थामा पनि दर्तावालाको हक सधैँलाई समाप्त हुन्छ भनी भन्न नमिल्ने।

वादी सडक डिभिजनले फिराद दायर गर्दा नै आफ्नो वास्तविक दर्ता स्रेस्ताको क्षे.फ.०-१४-० मात्र भएको र विवादको जग्गा नरबढीअन्तर्गत भनी उल्लेख गरेको अवस्था छ। त्यसैगरी पुनरावेदक / प्रतिवादीले कि.नं. ६६४ र ६६६ को जग्गा मिति २०५७।५।२९ मा गिसुपनिख प्रसिकाबाट राजीनामा पारित गरी लिएकोमा कि.नं. ६६४ कित्ताफोड भई कि.नं. ५१४९ भएको तथा कि.नं. ६६६ समेत दुवै कित्तामा गरी ०-१-२ जग्गा कायम भएको भन्ने देखिन्छ। सर्वे नक्सा तथा सुरू अदालतबाट भइआएको नक्सा मुचुल्काबाट वादी पूर्वाञ्चल सडक डिभिजन कार्यालयको कि.नं. २८ को जग्गा कि.नं. २७ तथा न.नं. ७ को बाटोभन्दा पूर्वतर्फ पर्ने देखिएको स्थितिमा न.नं. ७ (बाटो) भन्दा पश्चिमतर्फको विवादित कि.नं. २६ अन्तर्गतको न.नं. ५ र ६ को जग्गा वादीले उल्लेख गरेअनुसार नरबढीको जग्गा भनी मान्न सकिने अवस्था नदेखिने।

अत: विवेचित आधार प्रमाणसमेतबाट विवादित जग्गासमेतमा वादीको हक कायम हुने ठहर्‍याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७०।१०।८ को फैसला मिलेको नदेखिँदा उल्टी भई ७ नं. नापी गोश्वाराको मिति २०६५।५।५ मा भएको आदेश सदर हुने।

इजलास अधिकृत : ठाकुरप्रसाद खरेल

इति संवत् २०७५ साल असार ५ गते रोज ३ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७४-WO-०४४५, उत्प्रेषण / परमादेश, *हरेन्द्र राय यादवसमेत वि. सम्मानीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निर्वाचनजस्ता विषयमा त्रुटि भयो भनी दाबी गर्नेले निर्वाचन हुनुपूर्व वा निर्वाचन सम्पन्न हुनुभन्दा पहिला नै सो विषयमा भएका काम कारबाही बदरको माग गरी अदालत प्रवेश गर्नुपर्ने हुन्छ। समग्र निर्वाचन प्रक्रिया सम्पन्न भई परिणामसमेत घोषणा भइसकेपश्चात् सो विषयमा रिट दिँदैमा सम्पूर्ण निर्वाचन प्रक्रिया नै बदर हुन सक्ने हुँदैन। प्रस्तुत रिट निवेदन दायर हुँदाका अवस्थामा नेपालको संविधानबमोजिम संघीय प्रतिनिधिसभा र प्रदेश सभाको समानुपातिकतर्फको निर्वाचन प्रक्रियासमेत सम्पन्न भइसकेको र हालसम्म निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भइसकेको देखिँदा अहिले आएर उक्त निर्वाचनको प्रक्रियालाई लिएर निवेदकले माग गरेजस्तो उत्प्रेषण तथा परमादेश जारी हुन सक्ने अवस्था देखिन नआउने।

अतः नेपालको संविधान तथा निर्वाचनसम्बन्धी कानूनले गरेको व्यवस्थाबमोजिम

भएको निर्वाचनका सबै प्रक्रिया सम्पन्न भइसकेको देखिँदा हाल आएर निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुन सक्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७५ साल जेठ २४ गते रोज ५ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७२-CR-१८०८, कर्तव्य ज्यान, *बालकृष्ण खत्री वि. नेपाल सरकार*

प्रतिवादी बालकृष्ण खत्री निजको श्रीमतीसँग झगडा गरेपछि शिव सुवेदीको पसलमा गएको देखिएको छ भने सोबखत नै मरेको भनी घटनाको प्रत्यक्षदर्शी जेनिसा खत्रीको मौकाको कथनबाट देखिँदैन। जेनिसा खत्रीले अदालतमा बकपत्र गर्दा बाबाले आमालाई लाठीले हानेको हो, आमालाई बौलाहाले झुन्ड्याएको हो, बौलाहा बालकृष्ण हो, भनी बकपत्र गरे पनि सोही बकपत्रको स.ज. १२ मा बौलाहाले मार्‍यो भनी हजुरआमाले सिकाएको भनी बकपत्र गरेको देखिँदा नाबालकलाई त्यसरी सिकाई बकपत्र गरेको भन्ने देखिएको र दुईवटा वारदात भएको देखिएकोमा पछिल्लो वारदात अर्थात झुन्डिएको (Hanging) वा झुन्ड्याइएको सम्बन्धमा जेनिसा खत्री कुनै तथ्यपरक घटनाको चित्रण गर्न नसकेको अवस्थामा सोबखतको प्रत्यक्षदर्शी हो भनी विश्वास गर्न सकिने अवस्था नरहने।

झगडा कुटपिट तथा झुन्ड्याउने कार्यसमेत वारदातमा भएको देख्ने कोही प्रत्यक्षदर्शी मिसिल कागजातबाट नदेखिएको र सरिता सिंहले वारदातको दिन झगडा कुटपिट भएको सुनेको भनेकोमा सो तथ्यलाई प्रतिवादीको मौका तथा अदालतको बयानबाट वारदात दिनको अघिल्लो वारदात हो भनी स्वीकारी रहेको र सो कुटपिटबाट मृतक मरेको बेहोस भएको वा सोही चोटपीरले मरेको भन्ने नदेखिएको अवस्थामा वारदातको दिनमा पीडित मृतक र प्रतिवादीबीच झगडा र कुटपिट भएको तथ्य पुष्टि गरी अघिल्लो कुटपिटको वारदातलाईसम्म इङ्गित गरेकोमा सो वारदात मृत्युको कारण (cause of death) नदेखिएको र शव परीक्षण प्रतिवेदनमा Cause of Death due to Asphyseal Death by Hanging भन्ने देखिने।

वस्तुत: प्रतिवादी बालकृष्ण खत्रीको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको इन्कारी बयान, प्रतिवादीले मृतकलाई मारेको देख्ने प्रत्यक्षदर्शी र मारेको पुष्टि हुने कुनै ठोस वस्तुनिष्ठ प्रमाण नभएको, शव परीक्षण प्रतिवेदनको External Examination मा Inverted-V mark is present on left side of neck. देखिएको, cause of death: Asphyxia death by hanging भन्ने र परीक्षण गर्ने डा. ले डोरीको छाप देब्रेतिर उल्टो V आकारमा डाम परेको डोरी गडेको ठाउँमा रातो डामहरू देखा परेको दुवै खुट्टामा Hypostasis mark देखिएकोले झुन्डिएको कारणले मरेको तथ्य पाइन्छ भन्ने अदालतसमक्षको बकपत्र, मृतक र प्रतिवादी उस्तै उमेर देखिएकोमा नमर्दै एक्लै झुन्ड्याउन सक्ने अवस्थासमेत नदेखिएकोले शङ्कारहित प्रमाणको अभावमा कसुरदार ठहर गर्न नमिल्ने हुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने आधार नदेखिँदा सफाई दिनुपर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम सजाय गरेको सुरू सुर्खेत जिल्ला अदालतको फैसला केही उल्टी गरी ज्यानसम्बन्धीको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद गरी अ.बं.१८८ नं. बमोजिम प्रतिवादी बालकृष्ण खत्रीलाई ७ (सात) वर्ष कैद गरेको पुनरावेदन अदालत, सुर्खेतको फैसला मिलेको देखिन नआउने।

तसर्थ विवेचित आधार कारणबाट प्रतिवादी बालकृष्ण खत्रीले अभियोग दाबीबाट सफाइ पाउने

ठहर गर्नुपर्नेमा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० वर्ष कैद सजाय गरेको मिति २०७१।१२।१ को सुरू सुर्खेत जिल्ला अदालतको फैसला केही उल्टी गरी ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुरमा सोही १३(३) बमोजिम सर्वस्वसहित जन्मकैद गरी अ.बं.१८८ नं. बमोजिम प्रतिवादी बालकृष्ण खत्रीलाई ७ (सात) वर्ष कैद गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७२।१२।२२ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी बालकृष्ण खत्रीले अभियोग दाबीको कसुरबाट सफाई पाउने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७३ साल चैत १७ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६६-WO-१३३४, उत्प्रेषण / परमादेश, *टिकाप्रसाद सापकोटा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

विलम्बको सिद्धान्त कानूनको रूपमा व्यवस्थित भएको सिद्धान्त नभई, अदालतले मुद्दा मामिलामा उचित न्याय (Equitable Justice) गर्नका लागि प्रतिपादित गरेको सिद्धान्त भएकोले आफ्नो अधिकारको बेवास्ता गर्ने व्यक्तिलाई मद्दत गर्न अदालतलाई पनि कर लाग्दैन भन्ने तर्कमा विलम्बको सिद्धान्त आधारित हुन्छ । हदम्यादसम्बन्धी कानूनी व्यवस्थाजस्तो समयको गणना गरेर विलम्बको सिद्धान्तलाई प्रयोग गर्नु हुँदैन। यसको लागि समय तत्त्व (Time factor) निश्चय नै महत्त्वपूर्ण हुने।

२०३३ सालमा नै सर्भे नापी भएको अवस्थामा निवेदक फिल्डमा उपस्थित रहेको र जग्गा नापजाँच भई निवेदन दाबीको जग्गामा जग्गाधनी प्रमाण पुर्जा प्राप्त नभएपछि उपचार माग गरिएको विषयको तत्कालीन समयमा नै जानकारी निवेदकलाई भएपछि लामो समयसम्म त्यस विषयमा सार्थक सरोकार वा चासो नदेखाइनुका साथै त्यस किसिमको अनावश्यक विलम्बको वस्तुनिष्ठ आधारसमेत प्रस्तुत गर्न नसकेको अवस्थामा हाल रिट क्षेत्राधिकारबाट उपचारको मार्ग अवलम्बन गरेकोले अनुचित विलम्ब गरेको नै देखिन आयो । अत: निवेदकले २०३३ सालको नापी र २०५० सालमा दाबीको जग्गा नेपाल सरकारको नाउँमा नापी भएकोमा अनुचित विलम्ब गरी उपचारको मार्ग अवलम्बन गरेको देखिँदा निवेदनमा उठाएका विषयभित्र प्रवेश गरी रहनु पर्ने देखिन नआउने।

मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिम छुट जग्गा दर्ताको लागि निवेदन सम्बन्धमा दाबीको कि.नं.५५१ को जग्गा नापीको समयमा नापनक्सा हुँदा बाँझो भनी जोताहाका महलमा लेखिएको र मिति २०५०।११।२२ मा तत्कालीन श्री ५ को सरकारका नाममा दर्तासमेत स्रेस्तासमेत तयार भइसकेको अवस्था देखिँदा निवेदकको मागबमोजिम दर्ता गर्नसक्ने अवस्था नभएको भनी तामेलीमा राख्ने गरी मालपोत कार्यालय, काभ्रेपलाञ्चोकले मिति २०६७।२।२० मा निर्णय गरेकोमा त्यस्तो मालपोत ऐन, २०३४ को दफा ७(२) को निर्णयउपर मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन लाग्ने वैकल्पिक कानूनी व्यवस्था भएकोमा त्यस्तो वैकल्पिक मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिने।

तसर्थ २०३३ सालमा जग्गा नापजाँच भएको र २०५० सालमा नै दाबीको जग्गा नेपाल सरकारका नाउँमा दर्ता गर्ने निर्णय भएकोमा लामो अवधि व्यतित गरी सो निर्णय बदरको लागि अनुचित विलम्ब गरी प्रस्तुत निवेदन माग गरेको र मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिमको छुट जग्गातर्फको दाबीमा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकको निर्णयउपर सोही ऐनको दफा ३१ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने वैकल्पिक उपचारको मार्ग अपनाउन

सकिनेमा रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा निवेदकको निवेदन मागबमोजिम आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम्।

- यसै प्रकृतिको ०६६-WO-१३३५, उत्प्रेषण / परमादेश, *जितबहादुर लामा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-१५२१, अंश दपोट, *नीरमाया तामाङ वि. कृष्णबहादुर तामाङ*

मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम बुझिएका व्यक्ति प्रतिवादी कृष्णबहादुर तामाङका साइला बाबु सन्त तामाङको छोरा गोपाल तामाङ र कान्छा बाबुकान्छा तामाङको पत्नी कान्छी तामाङसमेतले कि.नं.१५ को क्षेत्रफल ७-७-०-० जग्गा कृष्णबहादुर तामाङको स्वआर्जनको निजी जग्गा हो। सो जग्गा निजले मोहन गिरीका छोरा रामबहादुर गिरी र प्रेमबहादुर गिरीसँग २०३२।११।१८ मा जंगी अड्डाको जुनियर मिस्त्रीमा जागिर खाई सो जागिरबाट प्राप्त भएको रकमबाट खरिद गरी लिएका हुन भनी अदालतसमक्ष बकपत्र गरिदिएको देखिन्छ। विवादित कि.नं. १५ को जग्गामा प्रतिवादी कृष्णबहादुर तामाङसमेतको घर रहेको कुरा निजको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्रबाट देखिएको र सो एउटै स्थानको जग्गा सगोलको बन्डा लाग्ने सम्पत्ति रहे भएको भए मिति २०५५।०९।१० मा अंशबन्डा गर्दा यी पुनरावेदक / वादीलाई थाहा जानकारी हुन नसक्ने अवस्था पनि देखिन नआउने।

प्रतिवादी कृष्णबहादुर तामाङको नाउँमा रहेको कि.नं. १५ को जग्गा मोहीसमेत लागेको जग्गा भन्ने मिसिलबाट देखिन्छ र सो जग्गामा निज कृष्णबहादुरले घर बनाई भोग बसोबास गरिरहेको स्थितिमा उक्त सम्पत्ति सगोलको सम्पत्ति भए २०५५ सालमा बन्डापत्र हुँदाका बखत नै वादीलाई थाहा जानकारी हुनसक्ने स्वाभाविक कुरा देखिन आउँछ। उक्त जग्गा बन्डापत्र हुँदाका अवस्थामा बन्डापत्रको लिखतमा अबन्डा भनी जनिएको पनि देखिँदैन। तर उक्त अंशबन्डा लिखत पारित भएको १५ वर्षपछि मात्र पुनरावेदक / वादीले अंशदपोटतर्फ फिराद दिएको अवस्था देखिने।

अत: मिति २०५५।०९।१० मा र.नं. २४२३ बाट पारित अंशबन्डा लिखतमा नपरेको विवादित कि.नं.१५ को क्षेत्रफल ७-७-०-० को कृष्णबहादुर तामाङको नाउँमा रहेको जग्गा निजी नभई सगोल आर्जनको भई दपोट गरी राखेकोले सुरू तथा पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा फिराद माग दाबीबमोजिम गरिपाउँ भन्ने पुनरावेदक / वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। तसर्थ, उल्लिखित आधार प्रमाणसमेतबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।११।१२ मा भएको फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।२८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सकुन्तला कार्की

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल असोज २० गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-१५२९, अंश दर्ता, *मदन साह सोनार वि. छठिया देवीसमेत*

तत्काल दर्ता कायम रहेको घरजग्गा नै अंशबन्डा हुँदाको अवस्थामा बन्डा हुनसक्ने हुँदा दर्ता कायम नै नरहेको तर बन्डा हुने पैतृक सम्पत्तिमध्येको जग्गा नापी भई दर्ता छुट हुन गएकोमा बन्डापछि सो जग्गा संयुक्त नाममा दर्ता गराएको कारणले मात्र वादी र प्रतिवादीहरू एकासगोलमा रहेको भनी मान्न नमिल्ने।

मुलत: वादी बैजनाथ साह २०२१ सालमा छुट्टिभिन्न भएको देखिएको, नरमगरमतर्फ बन्डा योग्य सम्पत्तिको तुलनीय दृष्टिकोणबाट अस्वाभाविक बन्डा भएको नदेखिएको र बन्डाको बखत दर्ता बाँकी रहेको छुट जग्गा पछि दर्ता भई संयुक्त नाममा रहेकै कारणले मात्र अघि भएको बन्डापत्र स्वत: बदर नहुने हुँदा वादीलाई एकासगोलको अंशियार मान्न मिल्ने देखिएन । समग्र विवेचित आधार प्रमाणबाट वादी / प्रतिवादीहरू २०२१ सालदेखि घरसारमा छुट्टिभिन्न भई व्यवहार प्रमाणबाट अलग भएको अर्थात् अंश पाइसकेको पुष्टि हुन आएकोले वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिन आउने।

तसर्थ वादी / प्रतिवादीहरूबीच २०२१ सालमा नै व्यवहार प्रमाणबाट छुट्टिभिन्न भएको पुष्टि हुन आएकोले वादी दाबी नपुग्ने ठहऱ्याएको सुरू बारा जिल्ला अदालतको मिति २०६७।३।२१ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।४।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल असार ७ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-१५३०, बन्डा बदर दर्ता बदर, *मदन साह सोनार वि. बेलीया सोनारिनसमेत*
- ०७१-CI-१५३१, बन्डा मुचुल्का तथा दर्ता बदर, *मदन साह सोनार वि. बेलीया सोनारिनसमेत*
- ०७१-CI-१५३२, फैसला बदर, *बैजनाथ साह सोनार वि. बेलीया सोनारिनसमेत*
- ०७१-CI-१५३३, लिखत बदर, *मदन साह सोनार वि. प्रभु साह सोनारसमेत*
- ०७१-CI-१५३४, लिखत बदर, बैजनाथ साह सोनार *वि. छोटेलाल साह सोनारसमेत*
- ०७१-CI-१५३५, लिखत दर्ता बदर दर्ता, *मदन साह सोनार वि. शम्भु साह सोनारसमेत*
- ०७१-CI-१५३६, लिखत बदर, *मदन साह सोनार वि. बेलीया सोनारिनसमेत*
- ०७१-CI-१५३७, लिखत बदर, *मदन साह सोनार वि. रामचन्द्र साह सोनारसमेत*
- ०७१-CI-१५३८, मिलापत्र बदर, *बैजनाथ साह सोनार वि. छठिया देवीसमेत*

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CR-०५२६, ०७३-CR-०२१४, कर्तव्य ज्यान, *धनबहादुर शाही वि. नेपाल सरकार, विरबहादुर रावल वि. नेपाल सरकार*

पछि हाजिर हुन आएका धनबहादुरले अदालतमा बयान गर्दा मृतक र वीरबहादुर रावलबीच झगडा भइरहेको अवस्थामा आफूले झगडा छुट्ट्याउन भूमिका खेलेको भनी लेखाएकोले वारदात हुँदाको स्थितिमा वारदातस्थलमा यिनको उपस्थिति थियो भन्नेमा कुनै शङ्का रहेन । धनबहादुरका साक्षी भुवन सिंहले जसविर शाही, वीरबहादुर रावल र मृतकबीच हानमार भएको भनी बकपत्रको क्रममा भनेको देखिएबाट मृतक र पुनरावेदकहरूबीच झगडा

भएको भन्ने नै देखिन्छ । यसका साथै प्रतिवादी अम्बरबहादुरले मौकामा बयान गर्दा प्रतिवादीहरू वीरबहादुर रावल र धनबहादुर शाहीको मृतक लालबहादुर र जसवीर शाहीसँग पूर्वरिसइवी रहेको र यी दुई पक्षबीच २०५७।१०।८ गते मेरो घरमा झगडा भएको हो । पहिलोपटक भएको झगडा मेरो घर आँगनमा भएको हुँदा म, मेरो भाइ भक्तबहादुर सिंह र बुबा उदयबहादुर सिंहसहितले सो झगडा छुट्याई प्रतिवादीहरू वीरबहादुर र धनबहादुरलाई एकातर्फ र मृतकलाई अर्कोतर्फ पठाइदिएकोमा निजहरू दुवै पक्षबीच ढुङ्गा हानाहान भएको भनी बयान कागज गरेकोमा अदालतमा उपस्थित भई बयान गर्दा मादक पदार्थ सेवन गरेका मृतक र प्रतिवादीहरू धनबहादुर र वीरबहादुरबीच आफ्नै घर आँगनमा झगडा हुँदा आँगनमा रहेको दाउराको चिर्पटले एकले अर्कोलाई हानेको हो । रातको समय हुँदा प्रस्ट देख्न सकिएन भनी बयान गरेको देखिएबाट मादक पदार्थ सेवन गरेको अवस्थामा मृतक लालबहादुर र यी पुनरावेदकहरूबीच दाउरा र ढङ्गाले हानाहान भएको भन्ने बेहोरा पुष्टि हुन आउने ।

हानाहान हुँदा लागेको चोटले गम्भीर घाइते भएका मृतकलाई उपचारार्थ नेपालगञ्ज लैजाँदै गर्दा मिति २०५७।१०।१० मा जामुने बजारमा मृत्यु भएको भन्ने देखिन्छ । मृतकको टाउकोलगायत शरीरका विभिन्न भागमा १५ वटा चोट लागेको र मृतकको मृत्यु भएको भन्ने लास जाँच मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनको बेहोरासमेतबाट देखिएको हुँदा यी पुनरावेदकहरूले दाउरा तथा ढुङ्गाले हानेको चोटको कारणबाट नै मृतक लालबहादुर सिंहको मृत्यु भएको तथ्य स्थापित हुन आएकोले आफूहरूले मृतकलाई मार्ने कार्य नगरेको भन्ने पुनरावेदकद्वय धनबहादुर शाही र वीरबहादुर रावलको पुनरावेदन जिकिर विश्वासयोग्य नदेखिने ।

मिति २०५७।१०।८ गतेको राति मृतक र यी पुनरावेदकहरूसमेत बीच झगडा भएको र यिनै प्रतिवादी / पुनरावेदकहरू समेतले प्रहार गरेको दाउरा / ढुङ्गाको चोटले गम्भीर घाइते भएका लालबहादुर सिंहको उपचारार्थ नेपालगञ्जतर्फ लैजाँदै गर्दा बाटैमा मृत्यु भएको देखिएको तर रातको समयमा मादक पदार्थसमेत सेवन गरेको अवस्थामा झगडा भएको र को-कसले हानेको चोटको कारण मृतकको मृत्यु भएको भन्ने स्पष्ट देखिन नआएको अवस्थामा पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७०।१।२३ मा पुनरावेदकहरू धनबहादुर शाही र वीरबहादुर रावललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैद सजाय हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदकद्वय प्रतिवादीहरू धनबहादुर शाही र वीरबहादुर रावलको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

मादक पदार्थ सेवन गरेको अवस्थामा मृतक र पुनरावेदकहरूबीच रातको समयमा वादविवाद झगडा भएको देखिएको र घटनास्थलमा उपलब्ध भएको दाउराको चिर्पट तथा ढुङ्गाले हानाहान हुँदा मृतकको टाउकोसमेतमा लाग्न गई सोही चोटका कारण मृतकको मृत्यु भएको देखिएको वारदातको अवस्था र प्रकृतिलाई विचार गर्दा मृतकलाई ढुङ्गा र चिर्पटले प्रहार गर्ने यी पुनरावेदक / प्रतिवादीहरू धनबहादुर शाही र वीरबहादुर रावललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकाले मुलुकी ऐन, अ.बं.१८८ नं. जनही १०(दश) वर्ष कैद हुने ।

इजलास अधिकृतः उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ३१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CR-२००७, जबरजस्ती करणी, *कृष्णलाल ताजपुरीया वि. नेपाल सरकार*

सामान्यतया १२ वर्षकी नाबालिकाको अन्य कारणबाट कन्याजाली च्यातिएको भन्ने तथ्य प्रमाणित नभएको अवस्थामा जबरजस्ती करणीकै कारण पीडितको कन्याजाली च्यातिएको मान्नु पर्ने।

पीडित क१ ले अनुसन्धानको क्रममा गरेको बयान कागज तथा जाहेरवाला मेघनाथ गनगाईले जाहेरी कागजको सहिछाप, आफूहरूकै हो तर बेहोरा आफूहरूले भनेबमोजिम लेखिएको थिएन भनी अदालतमा प्रतिकूल बकपत्र गरे पनि त्यसरी जाहेरी दर्खास्त दिनुपर्ने तथा मौकामा प्रतिवादीउपर उक्त बेहोराको कागज गर्नुपर्ने मनासिब कारण पेस गर्न सकेको देखिँदैन साथै पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनिको कन्याजाली च्यातिएको भन्नेसमेतका बेहोरालगायत घटनासँग सम्बद्ध प्रमाणबाट पीडित क१ लाई जबरजस्ती करणी भएको मान्नु पर्ने।

प्रतिवादीउपर किटानी जाहेरी, पीडितले आफूउपर प्रतिवादीले जबरजस्ती करणी गरेको भनी मौकामा गरेको कागज, प्रतिवादीले अनुसन्धानको क्रममा गरेको साबिती बयान तथा अदालतमा समेत वारदातस्थलमा उपस्थित रहेको भनी गरेको स्वीकारोक्ति, पीडितको कन्याजाली च्यातिएको तथा पीडकको शरीरमा निलडाम भएको भन्ने स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका सबुद प्रमाण तथा हाम्रो प्रचलित कानूनी व्यवस्था र उल्लिखित नजिरसमेतका आधारमा यी प्रतिवादी पलानु भन्ने कृष्णलाल ताजपुरियाले पीडित क१ लाई जबरजस्ती करणी गरेको देखिन आउने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको देहाय ३(२) मा १० वर्षदेखि १४ वर्षसम्मकी बालिकालाई जबरजस्ती करणी गरे ८ वर्षदेखि १२ वर्षसम्म कैद सजाय हुने भन्ने कानूनी व्यवस्था रहेको तथा ऐ.महलको देहाय १० मा जबरजस्ती करणीमा पर्ने पीडितलाई अदालतले पीडकबाट मनासिब क्षतिपूर्ति भराई दिनुपर्ने भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा पुनरावेदन अदालत, विराटनगरले यी पुनरावेदक / प्रतिवादीलाई ८ वर्ष कैद सजाय हुने र रू.१५०००।- क्षतिपूर्तिबापत पीडितले भराइ लिन पाउने ठहर गरी गरेको फैसला सोही कानूनी व्यवस्थाको सीमाभित्र रहे भएको देखिँदा पुनरावेदन अदालतको सो फैसलालाई बेमनासिबको मान्न मिल्ने नदेखिने।

तसर्थः उल्लिखित तथ्य, आधार, नजिर र कानूनी व्यवस्थासमेतका आधारमा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६८।७।१६ मा पुनरावेदक / प्रतिवादीलाई ८ वर्ष कैद र पीडितले निज प्रतिवादीबाट रू.१५,०००।- क्षतिपूर्तिबापत भराई लिन पाउने ठहर गरी गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ३१ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CR-०१९२, लागु औषध, *सन्तोष श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी सन्तोष श्रेष्ठको सँगसाथबाट लागु औषध ब्राउन सुगर २८ ग्राम बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ । यी पुनरावेदक / प्रतिवादी अदालतमा बयान गर्दा इन्कार रहेपनि मौकाको बयान कागज तथा वस्तुस्थिति मुचुल्काको बेहोरासमेतबाट उक्त बरामदी मुचुल्काको बेहोरा समर्थित हुन आएको तथा बरामद भएको वस्तु परीक्षण गर्न पठाइएकोमा उक्त वस्तुमा हेरोइन (heroin) पाइएको भन्ने बेहोराको Central Police Forensic Science Laboratory, Maharajgunj, Kathmandu को परीक्षण प्रतिवेदनसमेत देखिएबाट यी पुनरावेदक / प्रतिवादी सन्तोष श्रेष्ठ लागु औषध (ब्राउन सुगर) को कारोबारमा संलग्न रहेको भन्ने नै देखिन्छ । साथै यी पुनरावेदकलाई लागु औषध (ब्रुफिनफिर्न) मुद्दामा यस

अघिसमेत सजाय भइसकेको मिसिल संलग्न रहेको फैसलाको प्रतिलिपि देखिएकाले बरामद लागु औषधको परिमाण अधिक भएबाट यी पुनरावेदक / प्रतिवादीले पटकपटक लागु औषधको कारोबार गरेको भन्ने तथ्य विवेकसम्मत रूपबाट स्थापित भएको देखिने।

लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिमको सजाय हुन तथा पहिला सजाय ठहर भइसकेकोले ऐ.ऐनको दफा १६ बमोजिम थप सजायसमेतको माग गरी यी पुनरावेदक विरूद्ध अभियोग दायर भएकोमा फैसला गर्दासमेत २०३३ को दफा १४(१)(छ)(२) बमोजिम कति सजाय ठहर गरिएको तथा ऐ.ऐनको दफा १६ बमोजिम कति सजाय ठहर गरिएको भन्ने सम्बन्धमा स्पष्ट खुलाई ऐनको दफा दफाअनुसार छुट्टाछुट्टै सजाय गरेको देखिने गरी सजाय गर्नुपर्नेमा सो नगरी पुनरावेदन अदालत, पोखराबाट फैसला हुँदा यी पुनरावेदक सन्तोष श्रेष्ठलाई १२ वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने ठहर गरी फैसला भएको र सुरू जिल्ला अदालतको सोही फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत, पोखराबाट समेत फैसला भएको देखिएबाट पुनरावेदन अदालतको उक्त फैसलाले ठहर भएको सजायको हकमा ऐनको मनसायअनुरूप भए गरिएको देखिन नआएकोले उक्त फैसलालाई सो हदसम्म मनासिब मान्न नमिल्ने।

तसर्थः पुनरावेदन अदालत, पोखराले मिति २०७१।११।२५ मा यी पुनरावेदक सन्तोष श्रेष्ठलाई १२ वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना हुने ठहर गरी गरेको फैसला केही उल्टी भई निज सन्तोष श्रेष्ठलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम १० वर्ष कैद र रू.७५,०००।- (पचहत्तर हजार) जरिवाना हुने ठहर्छ। साथै निजले यसअघिसमेत लागु औषध मुद्दामा सजाय पाइसकेको देखिँदा ऐ. ऐनको दफा १६ बमोजिम थप सजायबापत १ वर्ष कैद र रू.२५,०००।- (पच्चीस हजार) जरिवानासमेत हुने।

इजलास अधिकृत : उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ३१ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७३-CR-००४९, ०७३-CR-०४१६, कर्तव्य ज्यान, *प्रवेश यादव वि. नेपाल सरकार र नेपाल सरकार वि. सन्तोष यादवसमेत*

प्रतिवादीहरू बेचन यादव र रूपरानी अहिरनी अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही बयान गरेका र निजका साक्षीहरूको बकपत्रबाट सो इन्कारी पुष्टि भएको पाइन्छ । साथै अन्य प्रतिवादीहरूको बयानसमेतबाट वारदातस्थलमा निजहरू रहे बसेको भन्ने देखिँदैन। रूपरानीले खुकुरी प्रहार गरेको भनी उल्लेख गरे पनि सो कुरा पुष्टि प्रमाणित हुन सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको प्रमाण पुर्‍याउने भार वादीमा रहने व्यवस्था छ। अन्य स्वतन्त्र सबुद प्रमाणबाट यी प्रतिवादीहरूको वारदातमा संलग्नता पुष्टि प्रमाणित नभएको अवस्थामा जाहेरवाला र प्रहरीमा कागज गर्ने व्यक्तिहरूको भनाइलाई मात्र आधार मानी प्रतिवादी बेचन अहिर र रूपरानी अहिरनीलाई ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम सजाय गर्न मिल्ने नदेखिँदा पुनरावेदन अदालत, नेपालगञ्जबाट प्रतिवादीद्वय बेचन अहिर र रूपरानी अहिरलाई सफाइ दिने ठहर गरी गरेको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रतिवादीहरू नन्कौ भन्ने सन्तोष यादव, सुरेश यादव, राधेश्याम अहिर र सर्वजित अहिरले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरे पनि वारदातस्थलमा निजहरू रहे भएको भन्ने कुरा प्रतिवादी प्रवेश यादवको बयानबाट खुलेको देखिन्छ भने वादी पक्षका साक्षी विश्राम यादवले यिनी प्रतिवादीहरू

वारदातस्थलमा थिए भनी बकपत्र गरी दिएको पाइन्छ । वादीकै साक्षीले यी प्रतिवादीहरू वारदातस्थलमा उपस्थित थिए भनी निजहरूको उपस्थितिलाई मात्र इङ्गित गरेको र कुटपिटमा संलग्नता रहेभएको भन्न र देखाउन नसकेको अवस्थामा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सजाय गर्नुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन औचित्यपूर्ण मान्न मिलेन। यी प्रतिवादीहरू एकाघर सगोलका देखिएका र प्रतिवादी प्रवेश यादवले कुटपिट गर्दा झगडा नछुट्याई हारगुहारको कार्य नगरी हेरी बसेको देखिँदा यिनीहरूसमेत ज्यान मार्नलाई मतलबमा रही परै बसी हेरी मुलुकी ऐन, ज्यानसम्बन्धीको १७ नं. बमोजिम कसुर गरेको देखिएकाले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम १ वर्ष १ महिना कैद सजाय गरेको मनासिब नै देखिन आउने।

खेतमा घाँस काट्न गएको अवस्थामा मृतकसँग झगडा भई निजले मलाई कुटेको हुँदा पछि निज मृतक घर जान लागिरहेको अवस्थामा बाटोमा लाठीसमेतले हानेको भनी प्रतिवादी प्रवेश यादवले अदालतमा गरेको बयान बेहोरा देखिएबाट यी प्रतिवादी प्रवेश यादव र मृतकबीच पहिला खेतमा झगडा/कुटपिट भएको र सो झगडा समाप्त भई मृतक घरतर्फ गइरहेको अवस्थामा प्रतिवादी प्रवेश यादवले बाटोमा पुगी मृतकलाई पटकपटक लाठी प्रहार गरी टाउकोलगायत शरीरका अन्य भागमा गम्भीर चोट पुर्‍याएको भन्ने देखिएकोबाट यी प्रतिवादीले उसै मौकामा उठेको रिस थाम्न नसकी मृतकलाई कुटपिट गरेको भन्ने नदेखिँदा प्रस्तुत कसुर मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. अन्तर्गत पर्छ भन्ने प्रतिवादी प्रवेश यादवको पुनरावेदन जिकिर तथ्यपरक देखिन आएन। अतः यी पुनरावेदक / प्रतिवादीलाई मुलुकी ऐन, २०२० को ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ अनुसारको कसुर गरेको ठहराउने गरी भएको पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मिलेकै देखिने।

वारदात हुनुभन्दा केही बेरअगाडि मृतक र प्रतिवादी प्रवेश यादवबीच झगडा भएको देखिएको घटनाको प्रकृति, १६ वर्ष उमेर पुगी नसकेको हुँदा प्रतिवादीको अपरिपक्व मानसिक अवस्था, कुटपिटमा पुनरावेदक / प्रतिवादीलाई समेत चोट लागेको अवस्था, घटनामा कुनै जोखिमी हतियार प्रयोग भएको नदेखिएको तथा मृतकलाई मार्नुपर्ने कुनै पूर्वरिसइवी र योजना पुनरावेदक / प्रतिवादी प्रवेश यादवसँग रहे भएको नदेखिएकोसमेतका वारदातको प्रकृति र अवस्थालाई विचार गर्दा पुनरावेदक प्रवेश यादवलाई हदैसम्म कैद सजाय गर्दा चर्को पर्ने देखिएकोले निजको उमेरसम्मलाई दृष्टिगत गर्दा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम निजलाई ५ वर्ष कैद सजाय गर्नु नै मनासिब देखिएकाले पुनरावेदक प्रवेश यादवको हकमा पुनरावेदन अदालत, नेपालगञ्जबाट अ.बं.१८८ नं. बमोजिम व्यक्त रायसमेत मिलेकै देखिने।

तसर्थः प्रकरणहरूमा विवेचित तथा आधार र कारणबाट प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०७२।९।२१ मा प्रत्यर्थी / प्रतिवादीहरू वेचन अहिर र रूपरानी अहिरले सफाइ पाउने, प्रत्यर्थी / प्रतिवादीहरू सुरेश यादव, सन्तोष यादव, राधेश्याम अहिर र सर्वजित अहिरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम १ वर्ष १ महिना कैद सजाय हुने तथा प्रत्यर्थी / प्रतिवादी / पुनरावेदक प्रवेश यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुरमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) समेतको आधारमा मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने गरी व्यक्त रायसमेत मिलेकै देखिँदा उक्त फैसला सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ३१ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-WO-०९३१, उत्प्रेषण / परमादेश, *रविन्द्र जोशी वि. भूमिसुधार तथा व्यवस्थापन विभाग, बबरमहलसमेत*

२०५२ सालमा गठित रावल आयोगले कि.नं. २४१ र कि.नं.२२५ का जग्गामा सरकारी पर्ती जग्गा घुसेको भनी उल्लेख गरेकोमा जे जति सार्वजनिक जग्गा घुसेको हो सो हदसम्म दर्ता बदर गरी बाँकी जग्गा हक पुग्नेकै नाममा दर्ता गरी लालपुर्जा दिनुपर्नेमा सोअनुसार भए गरेको देखिन आएन। रोक्का राखिएको व्यक्तिको जग्गा रोक्काको प्रयोजन समाप्त भएपछि रोक्का राख्ने कार्यालयले फुकुवा गर्न सम्बन्धित कार्यालयमा पत्राचार गर्नुपर्नेमा सोसमेत नगरी उल्लिखित कि.नं. का जग्गाहरू रोक्का रहिरहेको देखियो । एकपटक रोक्का रहेको जग्गा अनन्तकालसम्म रोक्का गरिरहँदा व्यक्तिको सम्पतिसम्बन्धी हकमा असर पर्ने नै हुँदा रोक्का राखिएको जग्गाको सम्बन्धमा कानूनबमोजिम यथासम्म छिटो निर्णय गर्नुपर्ने हुन्छ। व्यक्तिले आफ्नो सम्पत्ति उपभोग गर्न पाउने हक नै कुण्ठित हुने गरी रोक्का राखिएको जग्गा सम्बन्धमा लामो अवधिसम्म पनि कुनै पनि निर्णय नगरी निवेदकको जग्गा अनिश्चितकालसम्म रोक्का राखिरहेको कार्य मनासिब र औचित्यपूर्ण देखिन नआउने।

अतः रिट निवेदकले उल्लेख गरेको कि.नं.२४१ र २२५ का कित्ता जग्गा सम्बन्धमा जो जे बुझ्नुपर्ने हो बुझी रोक्का राख्नु पर्ने नपर्ने सम्बन्धमा कानूनबमोजिम ६ महिनाभित्रै निर्णय गरी सो को जानकारी यथाशक्य छिटो माध्यमद्वारा रिट निवेदकलाई दिनु भनी विपक्षीहरू भूमिसुधार तथा व्यवस्थापन विभाग, नापी विभाग, मालपोत कार्यालय, चाबहिल र नापी शाखा चाबहिल र गुठी संस्थान अमालकोट कचहरी कार्यालय, गौशाला काठमाडौंका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-१०५९, उत्प्रेषण / परमादेश, *कृष्ण कटुवाल वि. वैदेशिक रोजगार न्यायाधिकरण, घट्टेकुलो, काठमाडौंसमेत*

रिट निवेदकउपर चलेको वैदेशिक रोजगार ठगी मुद्दामा रिट निवेदकका नाउँमा जारी भएको म्याद मिति २०६५।४।८ गते निजको घरदैलोमा टाँस भई तामेल भएको देखिन्छ उक्त तामेलीप्रतिमा सम्बन्धित म्यादवाला मानिस फेला नपरेको र निजका सगोलका मानिसले बुझ्न इन्कार गरेकोले निजको घरदैलोमा टाँस गरिएको हो भन्ने बेहोरा जनिएको तथा सो तामेलीप्रतिमा सम्बन्धित वडाका २ जना साक्षी र गा.वि.स. सचिवसमेत रोहबरमा बसेको देखिएबाट उक्त म्याद मुलुकी ऐन, अ.बं.११० नं.को रीत पुगी तामेल भएको देखिएको हुँदा रीतपूर्वक तामेल भएको म्यादलाई औचित्यपूर्ण कारणबिना बदर गरिरहन मिल्ने नदेखिने।

निवेदकले उक्त म्यादमा म्यादवालाको बाबुको नाम उल्लेख नभएको र सो ठाउँमा कृष्ण कटुवाल नाम गरेका अन्य व्यक्ति पनि रहेका भन्ने दाबी गरेपनि सो ठाउँमा म्याद कृष्ण कटुवाल नाम गरेका अन्य को को व्यक्ति बस्दथे भन्ने सम्बन्धमा निवेदकले कुनै भरपर्दो तथ्य प्रस्तुत गर्न सकेको नदेखिनुका साथै उक्त म्याद कृष्ण कटुवाल नाम गरेको अन्य व्यक्तिको घरदैलोमा नै टाँस भएको थियो भन्ने सम्बन्धमा समेत कुनै प्रमाण पेस गर्न सकेको नदेखिएबाट उक्त वैदेशिक रोजगार ठगी मुद्दामा निज रिट निवेदकका नाममा जारी भएको म्याद तामेल हुँदा निजकै घरदैलोमा टाँस भएको तामेली म्यादमा जनिएको बेहोरालाई अन्यथा

भन्न मिल्ने देखिएन साथै मुलुकी ऐन, अ.बं.१०७ नं. मा म्याद जारी गर्दा जसका नाउँमा जारी हुने हो सो व्यक्तिको यथासम्भव बाबु वा पतिको नाम खोली जारी गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था रहे भएको देखिँदा म्यादमा म्यादवालाको बाबुको नाम खोल्नुपर्ने कानूनी व्यवस्था बाध्यात्मक (Mondatory) रहेको छ भन्न मिल्ने नदेखिँदा जारी गरिएको म्यादमा म्यादवालाको बाबुको नाम उल्लेख नभएकै आधारमा उक्त म्यादलाई बेरीतको मानी बदर गर्नसमेत मिल्ने नदेखिने।

निवेदकका नाममा रीतपूर्वक म्याद जारी भएको र त्यसरी जारी भएको म्याद रीतपूर्वक नै तामेल भएको देखिएको तथा रिट निवेदकले लिएको जिकिरमा कुनै विश्वसनीय तथ्य एवम् औचित्यपूर्ण आधारसमेत नदेखिएबाट प्रस्तुत मुद्दामा रिट निवेदकको मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था देखिएन। तसर्थः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-WO-०१६९, उत्प्रेषण / परमादेश, *शिवकुमार अहिर वि. पुनरावेदन अदालत, बुटवलसमेत*

मुलुकी ऐन, अ.बं.११० नं. मा म्यादवाला मानिस र निजका एकाघरका उमेर पुगेका मानिससमेत फेला नपरी म्यादवाला मानिसको घरडेराको ढोकामा टाँस गरी म्याद तामेल गर्दा सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सदस्य वा सचिव रोहबरमा राखी तामेल गर्नुपर्दछ भन्नेसमेतको बेहोरा उल्लेख भएकोमा सोअनुसार गा.वि.स. सचिवलाई रोहबरमा नराखी कार्यालय, सहायकलाई रोहबरमा राखी म्याद तामेल भएको देखिएकाले उक्त म्याद रीतपूर्वक तामेल भएको भनी मान्न नमिल्ने।

म्याद नै रीतपूर्वक तामेल नभएको अवस्थामा बेरीतको म्यादलाई नै आधार मानी प्रस्तुत रिट निवेदनका निवेदक (लेनदेन मुद्दाका प्रतिवादी) शिवकुमार अहिरको उपस्थितिबिना नै लेनदेन मुद्दामा फैसला भएको देखिँदा उक्त लेनदेन मुद्दामा रिट निवेदकले सुनुवाइको उचित मौका प्राप्त गरेका थिए भनी मान्न तथा प्राकृतिक न्यायको सिद्धान्तको पालना भएको थियो भनी भन्न मनासिब देखिन नआउने।

तसर्थः लेनदेन मुद्दाका प्रतिवादीलाई सुनुवाइको उचित मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तसमेतको पालना नगरी भएको फैसला कानूनअनुरूप मिलेको नदेखिँदा सो मुद्दामा प्रतिवादी शिवकुमार अहिरका नाममा जारी भई मिति २०६९।६।१८ मा तामेल भएको म्याद र सो म्यादको आधारमा मिति २०६९।१०।२ मा भएको फैसलासमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब यी रिट निवेदक शिवकुमार अहिर (लेनदेन मुद्दाका प्रतिवादी) का नाममा पुनः म्याद जारी गरी रीतपूर्वक तामेल गराई निजलाई सुनुवाइको पर्याप्त मौका दिई कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षी कपिलवस्तु जिल्ला अदालतका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६७-CR-०१०७, ठगी, *नेपाल सरकार वि. हरिभक्त संग्रौलासमेत*

प्रतिवादी हरिभक्त संग्रौलासमेतका ६ जना प्रतिवादीहरूलाई ठगी गरेको कसुरमा निजहरूलाई ठगीको महलको ४ नं. अनुसार कैद वर्ष ३ (तीन)

हुने ठहऱ्याई फैसला गर्दा उक्त कैद प्रतिवादीहरूबाट जनही असुल हुने भनी गर्नुपर्नेमा प्रतिवादीहरूबाट दामासाहीले असुल गर्ने भनी सुरू अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६६।१०।६ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई कैदको हकमा प्रतिवादीहरू हरिभक्त संग्रौला, द्रोणाचार्य संग्रौला, हरिप्रसाद संग्रौला, हरिप्रसाद प्रसाईं, सुकदेव सिटौला र अवदेशकुमार मल्लिकलाई जनही ३(तीन) वर्ष कैद हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-WO-०८०९, उत्प्रेषण, *राजेन्द्र श्रेष्ठ वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

निवेदकले निवेदनमा उल्लेख गरेको बिदा छाडी गएको भन्ने बेहोरा निवेदकको पुनरावेदनको बेहोरासँग मेल खाएको देखिँदैन । निवेदकले पुनरावेदनको प्रकरण नं. २ मा बिदा छाडी गएको भन्ने उल्लेख गर्न नसकी मौखिक रूपमा सोधी गएको भन्ने बेहोरा उल्लेख भएको देखिन आएबाट निवेदकको निवेदन बेहोरा र पुनरावेदनमा उल्लेख भएको बेहोरा नै परस्परमा विरोधाभाषपूर्ण हुँदा निज सफा हात लिई अदालतसमक्ष प्रवेश गरेको देखिन नआउने।

कुनै पनि संगठन तथा निकायमा अनुशासनको अत्यन्त महत्त्वपूर्ण भूमिका रहन्छ । सुरक्षासम्बन्धी जिम्मेवारी बहन गर्नुपर्ने प्रहरी संगठनमा त अझ बढी अनुशासनको पालना गर्नुपर्ने । निवेदक मिति २०६७।१।३ गतेदेखि २०६७।१।८ सम्म पनि बिदा स्वीकृत नगराई आफूखुसी कार्यालयमा अनुपस्थित भएको कारण यी निवेदकसँग स्पष्टीकरण माग भएकोमा आइन्दा गल्ती गर्दिन भनी मिति २०६७।१।१४ मा स्पष्टीकरण दिएको महानगरीय प्रहरी आयुक्तको कार्यालयको मिसिलबाट देखिन्छ। तत्पश्चात् यी निवेदकले बिदा स्वीकृत नगराई पुनः मिति २०६७।२।२५ देखि लामो समयसम्म सम्पर्कमा नआएको र प्रत्यर्थी कार्यालयले हाजिर हुन पत्राचार तथा सूचना जारी गर्दा पनि हाजिर हुन नआएको भन्ने कारबाहीको फाइलबाट देखिन्छ। यसरी पटकपटक घरायसी काम परेको भन्दैमा बिदा स्वीकृत नगराई सम्बन्धित अधिकारीलाई समेत जानकारी नदिई लामो समय बस्नुलाई अनुशासनको पालना गरेको भन्न मिल्ने देखिएन। बिदा स्वीकृत नगराई बस्नु पर्ने बाध्यात्मक अवस्था निवेदकले देखाउन सकेको पाइएन । यस स्थितिमा निवेदकउपरको विभागीय कारबाहीलाई अन्यथा भन्न मिल्ने नदेखिने।

निवेदकलाई महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरीले नोकरीबाट हटाएको च.नं. १८१ मिति २०६७।५।२८ गतेको पत्र निवेदकले लगी भरपाई गर्दा निवेदकको ठेगाना जिल्ला भक्तपुर, दधिकोट गा.वि.स. वडा नं. ९ उल्लेख गरेको देखिन्छ। निवेदनमा आफ्नो ठेगाना दोलखा जिल्ला, गैरीमुदी-७ नं. रहेको भनी उल्लेख गरे पनि निवेदकलाई नोकरीबाट हटाएको पत्र बुझी लिँदा खुलाएको वतन जिल्ला भक्तपुर, दधिकोट गा.वि.स. वडा नं. ९ भएबाट निवेदक दोलखा जिल्लाबाट हाल भक्तपुर जिल्ला, दधिकोट गा.वि.स. वडा नं. ९ मा बसी आएको पुष्टि हुन्छ । महानगरीय प्रहरी आयुक्तको कार्यालय, रानीपोखरीको च.नं. ६६५ को पत्र निवेदकको श्रीमती शारदा श्रेष्ठले बुझिलिँदासमेत जिल्ला भक्तपुर, दधिकोट गा.वि.स. बस्ने भनी उल्लेख गरेको देखिन्छ । निवेदक तथा निवेदकको एकासगोलको श्रीमतीसमेतले पत्रहरू बुझ्दा जिल्ला भक्तपुर, दधिकोट गा.वि.स. वडा नं. ९ भनी खुलाएको वतनमा निजको नामको म्याद सूचना टाँस भएको अवस्था प्रस्तुत मिसिलबाट देखिन आएबाट निवेदकलाई सफाइको समुचित मौका नदिएको भन्ने निवेदन जिकिर विश्वसनीय देखिन नआउने।

अतः निवेदकलाई निजको वतनमा म्याद सूचनासमेत टाँस गरी नियमानुसार गोरखापत्र दैनिकमा समेत सूचना प्रकाशित गरी सफाइको पर्याप्त मौका दिँदासमेत निवेदक सम्पर्कमा नआएको कारण नोकरीबाट हटाउने गरी महानगरीय प्रहरी आयुक्तको कार्यालयबाट मिति २०६७।५।२८ मा भएको निर्णय र सो निर्णय सदर गर्ने गरी मिति २०६८।९।१८ को पुनरावेदन निर्णयसमेत प्राकृतिक न्यायको सिद्धान्त एवम् प्रचलित कानूनविपरीत देखिन नआएकोले निवेदन मागबमोजिम प्रत्यर्थी कार्यालयबाट भएका निर्णयहरू बदर गरिरहन परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CR-०९२५, हातहतियार खरखजाना, *नेपाल सरकार वि. रामानन्द सहनीसमेत*

बरामदी मुचुल्का तथा वादी पक्षका गवाहको कागज एवम् बकपत्र तथा स्वयम् प्रतिवादीकै बयान बेहोराबाट नै प्रतिवादी रामानन्द सहनी सुतेको विस्ताराको सिरानीमुनिबाट नलकटुवा बन्दुक र ऐ.मा लाग्ने गोली ४ राउण्ड बरामद भएकोमा विवाद नरहेको र उक्त हातहतियार राख्न पाउने इजाजत तथा हैसियतसमेत रहेको नदेखिँदा निज प्रतिवादी रमानन्द सहनीले हातहतियार खरखजाना ऐनले निषेधित गरेको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा सजाय गर्नुपर्नेमा निजलाई समेत सफाइ दिएको हदसम्मको सुरू जिल्ला प्रशासन कार्यालय, रौतहट तथा पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको नदेखिने ।

प्रतिवादी फेकन सहनीको साथबाट हतियार बरामद भएको देखिँदैन । निजले अदालतमा उपस्थित भई कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । बरामदी मुचुल्का तथा प्रतिवेदकको कागज एवम् बकपत्रसमेतबाट यी प्रतिवादीको साथबाट उक्त हातहतियार बरामद भएको देखिँदैन । सो बन्दुक निज प्रतिवादीले नै राखेको भन्ने पुष्टि हुन सकेकोसमेत देखिएन । सबुद प्रमाणको अभावमा अनुमानको आधारमा मात्र निजलाई कसुरदार ठहर गर्न न्यायोचित हुने देखिएन । तसर्थ प्रतिवादी फेकन सहनीलाई आरोपित कसुरबाट सफाइ दिने गरी सुरू जिल्ला प्रशासन कार्यालय, रौतहटबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला सो हदसम्म मिलेकै देखिने ।

अतः उल्लेख भएअनुसार प्रतिवादी रमानन्द सहनीको हकमा निजलाई सफाइ दिने ठहऱ्याई सुरू जिल्ला प्रशासन कार्यालय, रौतहटबाट मिति २०६५।१२।१६ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६६।११।१० को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा ऐ को दफा २०(२) बमोजिम जरिवाना रू.६०,०००।- (साठी हजार) र दफा २०(३) बमोजिम रू.२०,०००।- (बीस हजार) जरिवानासमेत हुने र ऐ. ऐनको दफा १६ बमोजिम दशीको नलकटुवा बन्दुक थान-१ र ऐ मा लाग्ने गोली राउण्ड-४ जफत हुने ठहर्छ । प्रतिवादी फेकन सहनीको हकमा निजले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको उक्त फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

इति संवत् २०७३ साल चैत ७ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१३७३, कर्तव्य

ज्यान, *सन्तकुमार सुवेदी वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा सुरू अदालतसमक्ष बयान गर्दा मृतक मुकुन्द खड्काको आमालाई हातपात गरेको विषयमा मलाई माफी माग्न लगाएको विषयमा मलाई निज मृतक मुकुन्दमाथि रिसइवी रही रिस उठी रहेकोले मौका परेको दिन यसलाई मारिदिन्छु भन्ने सोची मृतकलाई विवाहबाट घर जाउँ भनी लिई आउँदा सुनसान ठाउँमा मृतकको मुखमा बक्सिङले हानी लडाएको, त्यसपछि ढुङ्गाले तीन चार पटक हिर्काई रगत आएपछि निज प्रतिवादी मृतकलाई त्यहीँ छाडी घर आएको र केहीबेर सुती फेरी मृतक मरेन कि जस्तो लागी फेरि घटनास्थलमा आई ढुङ्गाले हानी किच्याएर हलचल नगरेपछि मरेको पक्का भई मृतकलाई आलुबारीमा लडाई घरमा गई सुतेको र भोलिपल्ट भागी फरार भएको हुँ भनी आरोपित कसुरमा साबिती भई बयान गरेको देखिन्छ । यसरी मृतकलाई मार्नुपर्ने कारण पूर्वरिसइवी रहेको देखिन्छ । मृतकको हत्या म एक्लैले गरेको हुँ भन्ने बेहोरा लेखाएको देखिएको हुनाले प्रतिवादीको सो कार्यको आधारबाट निजलाई सजायमा सहुलियत दिनुपर्ने अवस्था विद्यमान रहेको नपाइने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरू समेतबाट प्रतिवादीले मौकामा अनुसन्धान तथा अदालतसमक्ष बयान गर्दाको अवस्थामा समेत मृतकलाई ढुङ्गाले हानी कर्तव्य गरी मारेको भनी आरोपित कसुरमा साबिती भई गरेको बयान, मौकाको लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरवालालगायतका उल्लिखित व्यक्तिहरूले यस अदालतसमक्ष गरेको बकपत्र, दशीको रूपमा पेस भएको रगत लागेको ढुङ्गालगायतका प्रमाणहरूबाट पुष्टि भइरहेको देखिँदा यी प्रतिवादीले आरोपित कसुर गरेको ठहऱ्याई यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) अनुसार सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरु इलाम जिल्ला अदालतबाट मिति २०६८।०२।०८ मा भएको फैसला सुरू सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, इलामबाट मिति २०६८।११।२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-WO-०८१५, उत्प्रेषण, *नरबहादुर बुढासमेत वि. पुनरावेदन अदालत, बागलुङसमेत*

सुरू जिल्ला अदालतमा दीपक बुढा र दीपेन्द्र बुढाले दिएको अंश मानाचामल मुद्दामा प्रतिवादी नरबहादुर बुढाले प्रतिवाद फिराउँदा नै डि.एन.ए. परीक्षण गरिपाउँ भनी जिकिर लिएको देखिन्छ । डि.एन.ए. परीक्षण नगर्नुपर्ने कुनै conclusive proof मिसिलमा देखिँदैन । त्यसैगरी नातामा १३९ नं. बमोजिम बयान गर्दा टोपली घर्तीमगरले डि.एन.ए. गर्न मन्जुरी दिएको स्थितिमा जिल्ला अदालत, बागलुङले पनि DNA गर्ने र तायदाती माग्ने आदेश गरेको देखिन्छ । पुनरावेदन अदालत, बागलुङले अ.बं. १७ नं. बमोजिमको निवेदनअन्तर्गत हेरी डि.एन.ए.गर्ने हदसम्म आदेश बदर गरेको देखियो । पक्ष विपक्ष दुवैले मन्जुरी गरेको प्रमाण बुझ्ने विषयलाई पुनरावेदन अदालत बागलुङले रोकेको देखिने ।

तसर्थ विवेचित आधार र कारणबाट प्रस्तुत रिट निवेदनमा पुनरावेदन अदालत, बागलुङले बुझ्नुपर्ने प्रमाणलाई बेवास्ता गरी गरेको मिति २०७१।१।४ को आदेश प्रमाण ऐन, २०३१ को दफा ३, ५४ र मुलुकी ऐनको अदालती बन्दोबस्त महलको दफा १८५ विपरीत

देखियो । अतः पुनरावेदन अदालत, बागलुङको मिति २०७१।१।४ को आदेश उत्प्रेषणको आदेशले बदर भई बागलुङ जिल्ला अदालतको आदेशमा उल्लिखित व्यक्तिहरूको डि.एन.ए. परीक्षण गराउन परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: हिरामाया अवाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल जेठ २१ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-CR-१३५९, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *अनिलकुमार पण्डित वि. नेपाल सरकार*

मृतकले प्रतिवादीलाई काम गराएपश्चात् कानूनबमोजिमको ज्याला दिनुपर्नेमा सो नगरी आनाकानी गरेको तथा माग्न जाँदा उल्टै गाली गरेको कारणले प्रतिवादीलाई रिस उठ्नु स्वाभाविक हो । जसको कारणले प्रतिवादी आवेशमा आई आफूलाई नियन्त्रण गर्न नसकी मृतकलाई गजवारले प्रहार गरेको देखिन्छ । मृतकलाई मार्ने कुनै पनि प्रकारको पूर्वइवी वा मनसायसमेत यी प्रतिवादीको रहेको कहिँकतैबाट देखिँदैन । तत्काल उठेको रिसबाट अभियुक्त आवेशमा आई आफूलाई आत्म नियन्त्रण गर्न नसकी अचानक, अनियन्त्रित अवस्थामा कसैको हत्या गर्दछ भने यस प्रकारको हत्या आवेशप्रेरित हत्या हुन आउने ।

प्रतिवादीले मौकामा उठेको रिस थाम्न नसकी गजवारको प्रहारबाट मृतकको कर्तव्य गरेको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्नु न्यायोचित हुने नदेखिने ।

प्रथमतः मृतकको ज्यान लिनुपर्नेसम्मको कुनै मनसाय वा इवी प्रस्तुत मुद्दामा रहेको देखिँदैन । प्रतिवादीले लुकी चोरिकन हानेको अवस्था पनि प्रस्तुत मुद्दामा छैन भने विष ख्वाउने वा जोखिमी हतियारबाट प्रतिवादीले मृतकलाई प्रहार गरेको अवस्था छैन । आफूले गरेको कामको ज्याला माग्न जाँदा नदिएको तथा उल्टै गाली गरेको कारणबाट मौकामा रिस उठ्न गई रिस थाम्न नसकी हानेको कारणबाट प्रस्तुत वारदात घट्न गएको देखिन्छ । यस अवस्थामा यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. बमोजिम कारबाही हुनुपर्ने अभियोग दाबीसँग सहमत हुन सकिएन । प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुनुपर्ने ।

प्रतिवादीको साथबाट रू.१३,०००।- नगद बरामद भएको तथ्य बरामदी मुचुल्काबाट देखिन्छ । प्रतिवादीले कति रकम चोरी गरेको हो भन्ने सम्बन्धमा मृतकको पत्नी र मृतकको छोराको भनाइमा समेत समानता भएको देखिँदैन । मृतकको साथमा कति रकम रहेको थियो र त्यो सबै रकम प्रतिवादीले चोरी गरेका हुन् भन्ने तथ्य निर्विवाद रूपमा प्रमाणित हुन नआएको अवस्थामा प्रतिवादीको साथबाट बरामद हुन आएको रकमलाई मात्र चोरी गरेको मान्नु पर्ने हुन्छ । जाहेरी दरखास्तमा नगद रू.४०,०००।- नगद चोरी गरेको भनी उल्लेख गरेको भए तापनि सो रकम बरामद हुन नसकेको अवस्थामा सो रकम प्रतिवादीले चोरी गरेको भनी भन्न मिल्ने अवस्था नरहने ।

यसरी प्रतिवादीले लगेको रू.१,००,०००।-को चेक साटेर नगदमा परिणत गर्ने प्रयाससम्म नगरी कोठामा पुगेर हेर्दा अर्काको नामको अघिल्लै मितिको चेक देखेपछि तत्काल च्यातेर फालेको अवस्थामा चेकमा उल्लेख भएको रकम लिने खाने मनसाय यी प्रतिवादीको भएको देखिँदैन । यस अवस्थामा चेकमा उल्लेख भएको रकमलाई चोरीको बिगो कायम गर्नु न्यायोचित हुने देखिँदैन । अभियोग मागदाबीबमोजिमको बिगो रू.१,४०,०००।- रकम चोरी ठहऱ्याएको सुरू भक्तपुर जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी प्रतिवादीले रू.१३,०००।- मात्र जबरजस्ती चोरी गरेको ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको

फैसला मिलेकै देखिने।

अतः उल्लिखित प्रकरणहरूमा विवेचित आधारमा प्रतिवादी अनिलकुमार पण्डितलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७०।६।८ को फैसला केही उल्टी भई प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० (दश) वर्ष कैद हुने ठहर्छ। चोरीको अभियोगको सम्बन्धमा अभियोग दाबीबमोजिमको बिगो रू.१,४०,०००।– रकम चोरी गरेको ठहऱ्याएको सुरू भक्तपुर जिल्ला अदालतको फैसला सो हदसम्म उल्टी गरी प्रतिवादीले रू.१३,०००।– मात्र जबरजस्ती चोरी गरेको ठहऱ्याई प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको १२ र १४ नं. को देहाय २ बमोजिम ११/२ (डेढ महिना) महिना कैद र बिगोको डेढी जरिवाना हुने गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साउन २९ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-११८०, ०७२-CR-१९०२, कर्तव्य ज्यान, *राजेशकुमार बुढा मगरसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. राजेशकुमार बुढा मगरसमेत*

लाठी, दाउरा तथा हात खुट्टाले पटकपटक प्रहार गर्दा मानिसको मृत्यु हुन्छ भन्ने तथ्य सामान्य समझको मानिसले बुझ्न सक्ने कुरा हो। अपराध कार्य स्थापित हुनको लागि मनसाय तत्त्वको विद्यमानता हुनुपर्ने भए तापनि मनसाय पूर्ववत (लामो) समयदेखिको हुनुपर्छ भन्ने हुँदैन। तत्काल उठेको परिस्थितिको कारणले पनि व्यक्तिमा तत्काल मनसाय उत्पन्न भएको हुनसक्छ। यस अवस्थामा मृतकको ज्यान लिने पूर्वमनसाय प्रतिवादीहरूको नभएको भन्ने आधारमा यी प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरले गरेको फैसला मिलेको देखिँदैन। यी प्रतिवादीहरू राजेशकुमार बुढामगर, पहलबहादुर बुढा र अमृत बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत सोही महलको १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्ने।

प्रतिवादीहरू रविन बुढा र खिम बुढाउपर किटानी जाहेरी परेको अवस्था देखिँदैन भने जाहेरीमा यी प्रतिवादीहरूउपर शङ्कासम्म पनि व्यक्त गरेको अवस्था छैन। त्यसैगरी घटना विवरण कागज गर्ने व्यक्तिहरूले पनि यी प्रतिवादीहरू आरोपित कसुर अपराधमा संलग्न भएको कुरा देखेको भनी किटान गर्न नसकी केबल सुनेको आधारमा आरोप लगाएको देखिन्छ। अभियोग पत्रमा यी प्रतिवादीहरूले प्रतिवादीहरू राजेशकुमार बुढा, पहलबहादुर बुढा र अमृतबहादुर बुढालाई यो यसरी भगाएको भनी स्पष्टसँग तथ्ययुक्त तरिकाले माग दाबी लिन सकेको देखिँदैन। यी प्रतिवादीहरू रविन र खिम प्रकाशले सुरू अदालतमा बयान गर्दासमेत कसुर गरेको तथ्यलाई इन्कार गरेको देखिन्छ। घटना विवरण कागज गर्ने कर्णबहादुरले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरू रविन र खिम प्रकाशलाई झुट्टा आरोप लगाइएको हो भनी बकपत्र गरेको देखिन्छ भने अर्का महेश घर्तीले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीहरूले अन्य प्रतिवादीहरूलाई भगाएका हुन् भन्ने कुरा प्रहरीले पक्राउ गरी ल्याएपछि सुनेको हुँ भनी लेखाएको देखिन्छ। त्यसैगरी घटना विवरण कागज गर्ने अर्का व्यक्ति भिमबहादुर बुढाले यी प्रतिवादीहरूलाई मैले प्रत्यक्ष देखेको होइन। प्रहरीले पक्राउ गरी लिएको मैले देखेको हो भनी बेहोरा लेखेको

देखिन्छ । महेश घर्ती र भिमबहादुर बुढाले सो बेहोरा उल्लेख गरेको भए तापनि यी प्रतिवादीहरू तत्काल पक्राउ परेको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन । त्यसैगरी अभियोग पत्रमा समेत निजहरू फरार रहेकोले वारेन्ट जारी गरिपाउँ भनी माग गरेको अवस्था देखिँदा यी प्रतिवादीहरू रविनकुमार बुढा र खिम प्रकाश बुढा प्रहरीमा पक्राउ परेको र निजहरूले अन्य प्रतिवादीहरूलाई भगाएको भनेको कुरा सुनेको हुँ भनी महेश र भीम बहादुरले गरेको बकपत्र तथ्यमा आधारित रहेको देखिँदैन। यस अवस्थामा प्रतिवादीहरू रविनकुमार बुढा र खिम प्रकाश बुढाउपरको अभियोग मागदाबी शङ्कारहित तवरले समर्थित हुन सकेको देखिँदैन । केवल अभियोग मागदाबी र अनुमानको आधारमा मात्र निजहरूलाई कसुरदार हुन् भनी मान्न मिल्दैन । तसर्थ यी प्रतिवादीहरू रविनकुमार बुढा र खिमप्रकाश बुढाले आरोपित अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला परिवर्तन गर्नुपर्ने नदेखिने।

विवेचित आधार प्रमाणहरूबाट यसमा प्रतिवादीहरूमध्येका राजेशकुमार बुढा, पहलबहादुर बुढा र अमृत बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सजाय गर्ने तथा प्रतिवादीहरू रविनकुमार बुढा र खिमप्रकाश बुढालाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू रोल्पा जिल्ला अदालतको मिति २०७१।०३।१२ को फैसलालाई केही उल्टी गरी प्रतिवादीहरू राजेशकुमार बुढा, पहलबहादुर बुढा र अमृत बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७२।५।१४ को फैसला सो हदसम्म नमिलेको देखिँदा सो हदसम्म उल्टी भई प्रतिवादीहरू राजेशकुमार बुढा, पहलबहादुर बुढा र अमृत बुढालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसुर अपराधमा सोही महलको १३(३) नं. बमोजिम सजाय हुने तथा प्रतिवादीहरू रविनकुमार बुढा र खिमप्रकाश बुढाले अभियोग दाबीबाट सफाइ पाउने।

प्रतिवादीहरूको ज्यान मार्ने पूर्वयोजना नभएको, मृतकसमेतले झैझगडा गरेको कारण उक्त वारदात उत्पन्न भएको, घटना वारदातमा दोहोरो मुठभेड देखिएको र यस प्रकारको मुठभेडमा प्रतिवादीहरूसमेत दुर्घटनामा पर्न सक्नेसमेतको परिस्थितिलाई विचार गरी हेर्दा यी प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिँदा यी प्रतिवादीहरू राजेशकुमार बुढा, पहलबहादुर बुढा र अमृत बुढालाई मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. बमोजिम जनही १० वर्ष कैद हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल साउन २९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७१-CI-००५७, उत्प्रेषण / परमादेश, *अरविन्दकुमार पाठक वि. जिल्ला शिक्षा कार्यालय, नवलपरासीसमेत*

निवेदनमा मुख्य विपक्षीको रूपमा रहनु भएमा आदर्श उच्च माध्यमिक विद्यालयका निमित्त प्रधानाध्यापक वीरेन्द्र पटेललाई उमेर हदका कारण २०७३।९।१७ देखि लागू हुने गरी माध्यमिक तह द्वितीय श्रेणीको स्थायी शिक्षक पदबाट अनिवार्य अवकाश दिइएको छ भन्ने जिल्ला शिक्षा कार्यालय, नवलपरासीको च.नं. १०९० मिति २०७३।९।७ को पत्रको छायाँप्रति र यी रिट निवेदक अरविन्दकुमार पाठकलाई विद्यालयको दैनिक प्रशासनिक तथा आर्थिक कारोबार सञ्चालनसमेत गर्नका लागि निमित्त प्रधानाध्यापक भई मिति २०७३।११।२ देखि कामकाज गर्ने गरी निज कार्यरत विद्यालय श्री आदर्श माध्यमिक विद्यालयको च.नं.१५२ मिति

२०७३।११।१ को पत्रद्वारा अधिकार प्रदान गरिएको पत्रको छायाँप्रतिसमेतका पत्रहरू निजै पुनरावेदक रिट निवेदकका कानून व्यवसायीले बहसको क्रममा इजलाससमक्ष पेस गर्नु भएको हुँदा प्रत्यर्थी, विपक्षी वीरेन्द्र पटेलले सेवाबाट अनिवार्य अवकाश पाइसक्नु भएको र निवेदकले माग दाबीबमोजिम निमित्त प्र.अ.को जिम्मेवारी पाएको देखिँदा प्रस्तुत रिट निवेदनको निवेदन माग दाबी नै निष्प्रयोजन भइसकेको देखिँदा निवेदकको निवेदन माग दाबीबमोजिम रिट जारी गर्न मिल्ने देखिन नआउने।

तसर्थ विवेचित आधार, कारण र प्रमाणबाट निवेदकको माग दाबीबमोजिमको उत्प्रेषणमिश्रित परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा पुनरावेदन अदालत, बुटवलले मिति २०७०।१२।११ मा प्रस्तुत रिट निवेदन खारेज हुने ठहऱ्याई उक्त अदालतबाट मिति २०७०।९।२८ को अन्तरिम आदेशसमेत निष्क्रिय हुने ठहर्छ भनी गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कृष्णप्रसाद अधिकारी

कम्प्युटर: बासुदेव गिरी

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७२-WO-००५७, उत्प्रेषण, *खेमलाल गुरूङ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत*

नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाको कुनै परिपाटी कार्यप्रणाली त्रुटिपूर्ण छ भन्ने लागेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न सुझाव दिन सक्ने नै देखिन्छ। निवेदक विद्यालय व्यवस्थापन समिति पनि सार्वजनिक संस्था रहेको अवस्थामा उसले गरेको प्रधानाध्यापक पदको नियुक्ति त्रुटिपूर्ण छ भन्ने विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई लागी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐनको दफा २८(१) बमोजिम निवेदकलाई विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पत्र लेखेकोमा सो कार्यलाई कानूनविपरीत भनी मान्न मिल्ने नदेखिने।

शिक्षा नियमावली २०५९ को नियम ९३(९) ले समुदायद्वारा सञ्चालित विद्यालयको प्रधानाध्यापक पदबाट हटाउन सक्ने अधिकार व्यवस्थापन समितिलाई प्रदान गरेको भए तापनि व्यवस्थापन समितिले जथाभावी रूपमा प्रधानाध्यापक नियुक्त गर्न वा हटाउन सक्ने भन्ने उक्त नियमको मनसाय होइन । व्यवस्थापन समितिले उक्त अधिकारको प्रयोग कानूनबमोजिम निश्चित मापदण्डको आधारमा गर्नुपर्छ । सो नगरेको अवस्थामा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानूनबमोजिम पत्र लेखेको कार्यलाई अन्यथा भनी मान्न मिलेन। विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको आदेशउपर चित्त नबुझेको अवस्थामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ग बमोजिम सम्बन्धित अदालतमा पुनरावेदन दिनसक्ने अधिकार सुरक्षित नै रहेको देखिन्छ भने विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको उक्त आदेशबाट यी निवेदकको संविधान तथा कानूनप्रदत्त कुनै हक अधिकारको उल्लङ्घन भएकोसमेत नदेखिने।

अतः विवेचित कारण र आधारमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रधानाध्यापक नियुक्ति बदर गर्ने मिति २०७२।१।२७ को निर्णय तथा सो निर्णयको आधारमा लेखिएको मिति २०७२।२।२५ को पत्र कानूनविपरीत भएको नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल भदौ ६ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०५०६, भ्रष्टाचार, *नेपाल सरकार वि. दिपक खड्का*

मैले सन् १९९४ मा भारतको फारबेसगञ्जको वि.वि.वि.के कलेजबाट प्राप्त गरेको वि.ए. (अनर्स) शैक्षिक योग्यताको आधारमा निरीक्षक पदबाट जागिर खाएको हो। भारतको मधेपुरा कलेजबाट १९९१ मा आई.ए. र सिरहा जिल्ला स्थित जनता नन्द ललिता मा.वि लक्ष्मीपुरबाट २०४४ सालमा एस.एल.सी. पास गरेको छु। वि.ए. (अनर्स) को प्रमाणपत्र १९९५ मा त्रि.वि.वि. पाठयक्रम विकास केन्द्रबाट समकक्षता निर्धारणसमेत गराई सकेको छु । शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली होइनन् पुन: प्रमाणीकरण गरिपाउँ भनी प्रतिवादी दीपक खड्काले अनुसन्धान तथा अदालतमा समेत बयान गरेको देखिन्छ । यी प्रतिवादी दीपक खड्काको वि.ए. (अनर्स) को प्रमाणपत्र त्रि.वि.वि. शिक्षाध्यक्षको कार्यालयमार्फत प्रमाणीकरणको लागि पठाउँदा "Deepak Khadka bearing Roll no 11807 Registration No 55493 not passed भनी उल्लेख भई आएकोले पुन:प्रमाणीकरणको लागि पठाउँदा Bhupendra Narayan Mandal University, Laloo Nagar 5.6.2014 को पत्र हेर्दा "Deepak Khadka R.N. 11807 Registration No 55493 did pass DPIII(H) Sociology Examination from B.N.M.U. held in the year 1994 in first division with aggregrate marks of 9859 भनी प्रतिवादी दीपक खड्काको मार्कसिट, सर्टिफिकेटलगायतका प्रमाणपत्रहरू प्रमाणितसमेत गरी पठाइएको देखिन्छ। साथै पहिले पठाइएको पत्रमा टाइपको गल्ती भएको भनी उल्लेखसमेत गरेको देखिन्छ । यसरी मिसिल संलग्न रहेका कागज प्रमाणहरूबाट यी प्रतिवादी दीपक खड्काको प्रमाणपत्रहरू नक्कली हुन् भनी पुष्टि हुन नसकेको देखिँदा वादी दाबी नपुग्ने भनी भएको विशेष अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ उल्लिखित आधार कारणबाट प्रतिवादी दीपक खड्कालाई भ्रष्टाचार निवारण ऐनअनुसार सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको विशेष अदालत, काठमाडौंको मिति २०७१।४।३० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: कृतबहादुर बोहरा
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०७४८, भ्रष्टाचार (ना.प्र.प.), *क्रान्तिकुमार ज्ञवाली वि. नेपाल सरकार*

प्रतिवादीले सनाखत गरिदिएको माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेशबाट प्राप्त १९८५ को अनुक्रमाङ्क ७२१५३८ को सर्टिफिकेट र मार्कसिट प्रमाणीकरणको लागि उक्त परिषद्मा पठाएकोमा Kranti kumar Gyawali का परीक्षाफल CP अन्तर्गत रोका गया है भनी पत्राङ्क ३०।०१।५७८।२०१२-१३ दिनाङ्क ७।०१।२०१३ को पत्रमा उल्लेख भई आएको देखिन्छ । यी प्रतिवादीले उक्त प्रमाणीकरण विवरण गलत हो, सो सम्बन्धमा म आफैँ सम्बन्धित बोर्डमा गई प्रमाण पेस गर्नेछु भनी बयान गरेको भए पनि सोसम्बन्धी कुनै पनि प्रमाण पेस गर्न सकेको मिसिलबाट नदेखिने।

प्रमाणपत्र २०४५ मा शिक्षक पदमा नियुक्तिको लागि पेस गरेको भनी प्रतिवादीले आफ्नो बयानमा लेखाएको र उक्त प्रमाणपत्रमा संवत् १९८५ भनी उल्लेख भएको साथै साबिक भ्रष्टाचार निवारण

ऐन, २०१७ को दफा १२ र २९ को दाबी रहेकोसमेत अवस्थामा भ्रष्टाचार ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू.५००।- जरिवाना हुने ठहऱ्याई भएको विशेष अदालत, काठमाडौंको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ उल्लिखित आधार कारणबाट यी प्रतिवादी क्रान्तिकुमार ज्ञवालीको शैक्षिक प्रमाणपत्र नक्कली देखिएको अवस्थामा निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू.५००।- (पाँच सय) जरिवाना गर्ने गरी भएको विशेष अदालत, काठमाडौंको मिति २०७१।३।५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कृतबहादुर बोहरा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ ११ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-०८२९, भ्रष्टाचार, *प्रेमबहादुर के.सी. वि. नेपाल सरकार*

प्रतिवादी प्रेमबहादुर के.सी. भरतपुर नगरपालिका कार्यालय, भरतपुर चितवनको सहायक स्तर तृतीय श्रेणीको जमदार पदमा मिति २०५०।७।२२ मा नियुक्त भई मिति २०५२।११।२१ मा पद मिलान हुँदा सहायक स्तर द्वितीय नगर निरीक्षक पदमा नियुक्त भएका हुन् भने मिति २०६७।६।६ को निर्णयअनुसार नगर निरीक्षक पदमा बढुवा भएको भरतपुर नगरपालिकाको कार्यालयको मिसिल संलग्न पत्र तथा प्रतिवादीको बयानबाट समेत देखिन्छ । प्रतिवादी प्रेमबहादुर के.सी.ले भारतबाट शैक्षिक योग्यताको नक्कली प्रमाणपत्र खरिद गरी सोही प्रमाणपत्र पेस गरी बढुवा भएकोले सो बढुवा बदर गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि आयोगले भरतपुर नगरपालिकासँग सो सम्बन्धमा प्रतिक्रिया माग गर्दा नगरपालिकाको कार्यालयले निज प्रतिवादीले पेस गरेको मध्यमा परीक्षा उत्तीर्ण गरेको प्रतिलिपिसहित प्रतिक्रिया पठाएको देखिने।

प्रतिवादी प्रेमबहादुर के.सी.ले आफ्नो प्रमाणपत्र सक्कली भएको भनी विहार संस्कृत शिक्षा बोर्ड, पटनाको पत्र पेस गरे पनि अनुसन्धानको क्रममा भएको प्रमाणीकरण र विशेष अदालतको आदेशानुसार भएको प्रमाणीकरण नेपाल सरकारको आधिकारिक निकाय उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरमार्फत भएको त्यस्तो आधिकारिक निकायबाट दुईपटक प्रमाणीकरण हुँदा पनि निजको प्रमाणपत्र नक्कली देखिएको छ । कुनै अधिकारप्राप्त निकाय र कुनै व्यक्तिसँग एउटै विवादसँग सम्बन्धित दुईवटा फरकफरक बेहोराको कागज विद्यमान रहेको देखिएमा सो कागज राख्ने अधिकारप्राप्त गरेको निकायसँग भएको कागजलाई नै मान्यता दिनुपर्दछ। यी प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र नेपाल सरकारको आधिकारिक निकायमार्फत सो प्रमाणपत्र जारी गर्ने संस्थामा प्रमाणीकरणको लागि पठाउँदा नक्कली देखिएको अवस्थामा निज प्रतिवादीसँग भएको बेहोरालाई आधार मानी त्यसलाई सक्कली कायम गर्न नमिल्ने।

प्रतिवादी प्रेमबहादुर के.सी.ले विहार संस्कृत शिक्षा बोर्ड पटनाबाट सन् १९९१ मा मध्यमा परीक्षा पास गरेको भनिएको प्रमाणपत्र २०५० सालमा भरतपुर नगरपालिकाको कार्यालयमा सेवा प्रवेश गर्नुअगाडि नै प्राप्त गरेको भनी निजले बयान गरेको देखिँदा सो प्रमाणपत्र २०५० सालमा सेवा प्रवेश गर्दा नै पेस गरेकोले सो बेला क्रियाशील रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ नै निजको हकमा आकर्षित हुने देखियो । साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा बहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते उमेर जात थर वतन नागरिकता वा योग्यता ढाँटेमा निजलाई २ वर्षदेखि ६

वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको छ । सोही ऐनको दफा २९(२) ले जरिवानाको अधिकतम हद रू.५०००।- तोकेको देखिने।

अतः विवेचित आधार, कारण एवम् प्रमाणबाट प्रतिवादी प्रेमबहादुर के.सी.लाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुरमा सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू.५००।- जरिवाना हुने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०७०।११।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७३ साल पुस २६ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१९४५, भ्रष्टाचार, *परविर वैगार वि. नेपाल सरकार*

प्रतिवादी परविर वैगारले अनुसन्धानको क्रममा बयान गर्दा कुखुराको चल्ला ओसारपसार गर्ने व्यक्तिको साइकल प्रहरी चौकीमा रहेकोले उक्त साइकल लिन आउँदा मलाई मासु खानु होला भनी रू.८०००।- दिई गएका हुन् । बरामद भएको रकम रू.८०००।- फोटोकपीमा मैले हेरी सनाखत गरेको छु भनी उल्लेख गरेको पाइन्छ । अदालतमा आई बयान गर्दा पूर्वरिसइवीका कारण मेरो खल्तीमा जबरजस्ती रकम राखिदिएको भनी उल्लेख गरे पनि निज प्रहरी चौकी वेतहनीका तत्कालीन इन्चार्जसमेत रहेको देखिँदा निजको सो बयान बेहोरा विश्वासलायक देखिँदैन। त्यसैगरी उजुरीकर्ता राजु वर्माले मलाई दुःख दिएकाले अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पैसा लिएर मैले निजलाई दिएको हो भनी उल्लेख गरेको र बरामदी मुचुल्कामा रहेका नारायणदत्त उपाध्यायसमेतका साक्षीहरूले अदालतमा आई यी प्रतिवादीबाट रकम बरामद भएको भनी बकपत्र गरिदिएको देखिन्छ । यी प्रतिवादीलाई बिनाकारण फसाइएको भन्ने मिसिल संलग्न प्रमाणबाट नदेखिएको र प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम आफू निर्दोष रहेको भनी प्रमाणबाट पुष्टि गर्न सकेकोसमेत नदेखिँदा अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको विशेष अदालत, काठमाडौंको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ, उल्लिखित आधार कारणबाट प्रतिवादी परविर वैगारलाई अभियोग दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(क) बमोजिम रू.८०००।- जरिवाना र १० दिन कैदसमेत हुने ठहर्‍याई भएको विशेष अदालत, काठमाडौंको मिति २०७२।११।१३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः कृतबहादुर बोहरा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-१४१७, ०७०-CR-१४१८, ०७०-CR-१४१९, ०७०-CR-१४७५, ०७०-CR-१४९८ र ०७३-RC-००६८, जबरजस्ती करणी, कर्तव्य ज्यान र डाँका चोरी, *देशी भन्ने अरमान वि.क. सुनार वि. नेपाल सरकार, भान्जे भन्ने सुभाष दर्जी वि. नेपाल सरकार, गोरे भन्ने अर्गेजा मगर वि. नेपाल सरकार, गाँजे भन्ने विष्णु सुनार वि. नेपाल सरकार, ग्रेड भन्ने राजु वि.क. वि. नेपाल सरकार र नेपाल सरकार वि. आइटम भन्ने अशोक गुरूङ*

प्रतिवादी आइटम भन्ने अशोक गुरूङको

कसुर वारदातमा रहेको संलग्नतातर्फ हेर्दा निजउपर मृतकका बुबाको किटानी जाहेरी परेको देखिन्छ । निजले कसुर अपराध स्वीकार गरी मौकामा तथा अदालतमा समेत गरेको बयानलाई लासजाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, अन्य प्रतिवादीहरूले कसुरमा आफूहरू साबित भई यी प्रतिवादीसमेतको कसुरमा संलग्नता देखाई गरेको मौकाको बयान र आइटम भन्ने अशोक गुरूङसमेतले शुभेक्षा चापागाईलाई हात खुट्टा मुख थुनी जबरजस्ती करणी गरी धारिलो हतियारले शरीरका विभिन्न भागमा प्रहार गरी कर्तव्य गरी मारेका रहेछन् भनी शंकरप्रसाद नेपालसमेतका जना ५ ले लेखाई दिएको वस्तुस्थिति मुचुल्काको बेहोरालाई समर्थन गरी अदालतसमक्ष उपस्थित भई बकपत्र गरी दिएको देखिने।

मृतकले प्रयोग गरेको GT-C३२२२ नं. को मोबाइलको सनाखत यी प्रतिवादी अशोक गुरूङबाट भएको तथा मृतकको पेन्टी, हाफ कट्टुसमेतको सनाखत जाहेरवालासमेतबाट भएकोसमेतका प्रमाणहरूबाट यी प्रतिवादीको कसुर वारदातमा मुख्य भूमिका रहेको भन्ने कुरा निर्विवाद पुष्टि भइरहेको देखिएको, निजको हकमा पुनरावेदन अदालतको फैसलाउपर पुनरावेदन नगरी सो फैसला स्वीकार गरी बसेकोसमेत देखिँदा निजलाई अभियोग दाबीबमोजिम कसुरदार ठहऱ्याई सजाय भएको पुनरावेदन अदालतको फैसला साधकको रोहमा हेर्दा अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादीहरू ग्रेड भन्ने राजु वि.क., गोरे भन्ने राजकुमार अग्रेजा मगर, देशी भन्ने अरमान सुनार, भान्जे भन्ने सुभाष दर्जी र गाँजे भन्ने विष्णु सुनार प्रतिवादीहरूले कसुर अपराधमा आफूहरूको सामूहिक संलग्नता रहेको कुरा स्वीकार गरी एक अर्काको नाम उल्लेख गरी सबैले सबैको संलग्नता रहेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ । अदालतसमक्ष भएको बयानमा यी प्रतिवादीहरूले कसुरमा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्षको निजहरूको बयान ईच्छा विरूद्ध गराइएको थियो भन्ने कुराको कुनै ठोस प्रमाण मिसिल संलग्न रहेको नदेखिएबाट उक्त साबिती बयानलाई प्रमाणमा ग्रहण गर्न नमिल्ने भनी निजहरूको पुनरावेदन जिकिर मिल्ने देखिन नआउने।

आफू कसुरमा साबित भई यी प्रतिवादीहरू उपर समेत पोल गरेका प्रतिवादी आइटम भन्ने अशोक गुरूङको मौका तथा अदालतसमक्षको बयान खम्बिर भइरहेको स्थिति छ । निजले यी प्रतिवादीहरूसँग मिली मृतकको हत्या गरेको भनी पोल गर्नुपर्ने कुनै कारण देखिँदैन। यी प्रतिवादी र निज अशोक गुरूङका बीच पूर्वरिसइवी रहेको र रिसइवी साँध्नका लागि पोल गरेका हुन् भन्ने पनि नदेखिने।

प्रतिवादीहरूले आफूहरू कसुरका दिन वारदातस्थलमा नरही अन्यत्रै रहेको भनी Alibi को जिकिर लिएको देखिन्छ । फौजदारी कसुरमा एलिवि (Alibi) त्यतिखेर शङ्कारहित तवरले पुष्टि हुन सक्छ जतिखेर आरोपित कसुर पुष्टि गर्ने अन्य प्रमाणको अभाव रहेको हुन्छ । अतः आरोपित कसुर पुष्टि गर्ने प्रमाणको पर्याप्तता्मा प्रमाणरहितको इन्कारीको कुनै अस्तित्व रहन नसक्ने भनी ने.का.प. २०४५ अङ्क १० नि.नं. ३६१३ को नेपाल सरकार विरूद्ध विलास महतो सुडीसमेत भएको खुन डाँका मुद्दामा यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतबाट देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले लिएको Alibi को जिकिर सम्बन्धमा यी प्रतिवादीहरू उपर परेको किटानी जाहेरी, प्रतिवादी अशोक गुरूङको अन्य प्रतिवादीहरूलाई पोल गरी गरेको बयान र स्वयम् निजहरूका साक्षीहरूको बकपत्रलगायतका मिसिल संलग्न कागजातहरूबाट खम्बिर भएको नदेखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३( ४) नं. मा जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नामा वचन दिनेलाई वा वारदात भइरहेको ठाउँमा गई मार्नलाई संयोग पारिदिना निमित्त मर्ने मानिसको जिउमा हात

हाली पक्री समाती दिनेलाई जन्मकैद गर्नुपर्छ भनी उल्लेख भएको र प्रतिवादी आइटम भन्ने अशोक गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद, अन्य प्रतिवादीहरू ग्रेड भन्ने राजु वि.क., गोरे भन्ने राजकुमार अर्गेजा मगर, देशी भन्ने अरमान सुनार, भान्जे भन्ने सुभाष दर्जी र गाँजे भन्ने विष्णु सुनारसमेत जना ५(पाँच) लाई ऐ. को १३(४) नं. बमोजिम जन्मकैद हुने तथा सबै प्रतिवादीहरूलाई जबरजस्ती करणीको ३(४) नं. बमोजिम जनही ५ वर्ष कैद तथा सोही महलको ३(क) नं. बमोजिम जनही थप ५ वर्ष कैद र चोरीको महलको १४(४) नं. बमोजिम बिगो रू. सात हजारको डेढी जनही जरिवाना र जनही ६/६ वर्ष कैद हुने तथा बरामद मालवस्तु सम्बन्धित हकवालाले फिर्ता पाउने गरी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६९।२।२४ मा भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।३।२३ को फैसला प्रतिवादी आइटम भन्ने अशोक गुरूङका हकमा साधकको रोहमा तथा अन्य प्रतिवादीहरूको हकमा पुनरावेदनको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगदीशप्रसाद भट्ट

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल जेठ २९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा. श्री आनन्दमोहन भट्टराई,** ०७३-WO-०२६७, उत्प्रेषण, *राजकुमार दास तत्मासमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

शिक्षा ऐनमा भएको संशोधन तुरून्त लागू भएकोमा विवाद छैन। त्यसरी तुरून्त लागू हुने ऐनको संशोधित व्यवस्थाको कार्यान्वयन रोक्नु पर्ने कुनै अवस्था पनि विद्यमान हुँदैन। ऐनमा भएको व्यवस्था कार्यान्वयन हुनु नै पर्छ। यदि सो व्यवस्था संवैधानिक व्यवस्थासँग मेल खाँदैन वा संविधानसँग बाझिएको अवस्था भएमा त्यसलाई अदालतमा चुनौती दिन सकिन्छ र अदालतले संविधानसँग बाझिएको देखेमा सो व्यवस्था निष्क्रिय हुन्छ। तर, सो अवस्था प्रस्तुत रिट निवेदनको सन्दर्भमा लागू हुने स्थिति छैन। निवेदकहरूले नै सो भएको संशोधनलाई स्वीकार गरी सो संशोधनअघि कायम विद्यालय व्यवस्थापन समिति तोकिएको अवधिसम्म कायम रहनुपर्छ भन्नेसम्मको रिट निवेदन जिकिर रहेको छ। ऐनमा भएको व्यवस्थालाई कार्यान्वयनमा ल्याउने सम्बन्धमा भएको निर्णय वा परिपत्रलाई अन्यथा मान्नुपर्ने कुनै स्थिति नरहने।

शिक्षा ऐन, २०२८ को दफा १२(१) को साबिक व्यवस्थाभन्दा फरक व्यवस्था २०७३।३।१५ को संशोधनले गरेको छ। संविधानले समावेशी सिद्धान्तलाई अङ्गिकार गरेको र सोहीबमोजिम ऐनमा संशोधन गरी संवैधानिक व्यवस्थाको कार्यान्वयनमा प्रक्रिया अगाडि बढाएको अवस्थासम्म देखिन्छ। सोलाई अन्यथा भन्न सकिने अवस्था हुँदैन। ऐनमा भएको व्यवस्था कार्यान्वयन नगर्ने हो भने संविधानअनुसार विधायिकाले ऐनमा व्यवस्था गरेको समावेशी सिद्धान्तको कार्यान्वयन नै अवरूद्ध हुन जाने।

संविधानले समावेशी सिद्धान्तलाई स्वीकार गरी सोहीअनुसार विद्यालय व्यवस्थापन समितिमा महिलाहरूको निश्चित प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरेको र त्यस्तो व्यवस्था कार्यान्वयनमा लगे मात्र समावेशी सिद्धान्तको संवैधानिक लक्ष्य पूरा हुन सक्छ। निवेदकहरूलाई ऐनको व्यवस्था नै कार्यान्वयन रोक्न सक्ने अधिकार छैन। त्यस्तो संवैधानिक र कानूनी अधिकार रहेको निवेदकहरूले कुनै आधार दिन सकेको पाइँदैन। संशोधित व्यवस्थाअनुसारको विद्यालय व्यवस्थापन समितिको कुनै पदाधिकारीमा नियुक्त हुन निवेदकहरूलाई कुनै कानूनी बन्देज रहेको अवस्था पनि छैन। यसरी संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि ऐनमा संशोधन गरी सो

संशोधित व्यवस्थाअनुसार विद्यालय व्यवस्थापन समिति गठन गर्ने सम्बन्धमा भएका निर्णय वा पत्राचारलाई कानूनसम्मत नै मान्न मिल्ने भई त्यसबाट निवेदकहरूको कुनै संवैधानिक वा कानूनी अधिकारमा कुनै असर परेको मान्न नमिल्ने ।

इजलास अधिकृत: हिरा डंगोल

इति संवत् २०७४ साल असोज ३१ गते रोज ३ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-WO-०४९८, उत्प्रेषण, *मो. अब्दुलाहसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५०८, उत्प्रेषण, *भिष्मप्रसाद बन्जाडे वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६६९, उत्प्रेषण / परमादेश, *राम कुमारी पंडितसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६६८, उत्प्रेषण, *रूद्रसिंह धामीसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६६४, उत्प्रेषण, *अजीतकुमार यादवसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६५६, उत्प्रेषण, *राजेन्द्रप्रसाद यादवसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६५१, उत्प्रेषण, *लालबाबु साहसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६१६, उत्प्रेषण, *नवराज पाण्डे वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६०५, उत्प्रेषण, *बुद्धिसागर शुक्ल वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६०४, उत्प्रेषण, *कौशल किशोर शुक्ल वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५९६, उत्प्रेषण, *रामेश्वर प्रसाद थारू वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५९५, उत्प्रेषण, *खोमबहादुर पाण्डे वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५९३, उत्प्रेषण, *शुभकरण रायसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५८२, उत्प्रेषण, *मिरेन्द्र किशोर झा वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५७१, उत्प्रेषण, *बालाराम बुढा वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५८१, उत्प्रेषण, *रामकुमार देवकोटा वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५८०, उत्प्रेषण, *विजय लामा वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५६९, उत्प्रेषण, *प्रमेश यादवसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५३८, उत्प्रेषण, *घनराज सुनुवारसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०५२४, उत्प्रेषण, *गजेन्द्र सिंह कार्कीसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-१२९६, उत्प्रेषण, *भाग्यनारायण साह तेली वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०६७४, उत्प्रेषण, *एटलान्टिक चौधरी वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०७०९, उत्प्रेषण, *पुर्नबासी चमार (हरिजन) वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

- ०७३-WO-०७११, उत्प्रेषण, *जनता माध्यमिक विद्यालय बलुहवासमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०७८०, उत्प्रेषण, *बोधराज ढकालसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०८२१, उत्प्रेषण, *कमलप्रसाद साह वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०७७५, उत्प्रेषण, *महेश सिंह वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०७५६, उत्प्रेषण, *भरत यादव वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*
- ०७३-WO-०७७३, उत्प्रेषण, *मोहनप्रसाद चौधरीसमेत वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CR-५५३, ०६९-CR-०६३३, भ्रष्टाचार, *पूर्णबहादुर बस्नेत वि. नेपाल सरकार र महेश गौतम वि. नेपाल सरकार*

जाहेरवाली दिचेन डोल्मा शेर्पासँग पूर्वचिनजानसमेत नरहेका यी प्रतिवादीलाई निजले नियतवश् फसाउनु पर्नेसम्मको कुनै कारण रहेको नदेखिएको र निज प्रतिवादीले जाहेरवाली दिचेन डोल्मा शेर्पासँग रकम लिई गन्दै गरेको श्रव्यदृष्यसहितको सि.डी.मा यी प्रतिवादीले उक्त रकम लिएको प्रस्ट रूपमा देखिइरहेको अवस्था हुँदा यी प्रतिवादी पूर्णबहादुर बस्नेतले उजुरकर्ता दिचेन डोल्मा शेर्पाबाट रू.१,००,०००।- रकम घुसबापत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेको पुष्टि प्रमाणित हुन आएको देखिएको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(घ) अनुसार कैद महिना ६ (छ) तथा रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवानासमेत हुने भनी यी प्रतिवादीका हकमा सुरू विशेष अदालत, काठमाडौंबाट मिति २०६९।०३।१८ मा भएको फैसला मिलेकै देखिन आएकोले यी प्रतिवादी पूर्णबहादुर बस्नेतका हकमा सुरू विशेष अदालतबाट मिति २०६९।०३।१८ मा भएको फैसला सदर हुने।

प्रतिवादी महेश गौतमले आफूसँग घुस रिसवत रकम लिएको भनी जाहेरवाला उजुरकर्ताले आफ्नो उजुरीमा यी प्रतिवादीउपर पोल उजुर गरेको देखिएको छैन । अनुसन्धानको क्रममा आफूलाई यी प्रतिवादी महेश गौतमले रू.एक लाख रूपैयाँ नभएसम्म काम नहुने भनी बताएकोले आफूले उजुरकर्ताबाट सो एक लाख रूपैयाँ लिएको भनी सहप्रतिवादी पूर्णबहादुर बस्नेतले बयान गरेकोमा उक्त रकममध्ये आफूले रू.३५,०००।- राखेर यी प्रतिवादीलाई ६५,०००।- दिएको भनी बयान गरेको देखिन्छ । यी प्रतिवादीलाई अनुसन्धानको क्रममा पोल गरी बयान गर्ने सहअभियुक्त पूर्णबहादुर बस्नेतले सो रकम यी प्रतिवादीलाई दिएको तथ्य पुष्टि गर्न सकेकोसमेत नदेखिएको र निजले अदालतसमक्ष गरेको बयानमा सो रकम यी प्रतिवादीलाई दिएको भन्ने कुराको आफैँले खण्डन गरी यी प्रतिवादीलाई रकम दिएकोमा नै इन्कार गरी बयान गरेको देखिएबाट यी प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरदार ठहर गर्नु न्यायोचित देखिन नआउने।

तसर्थ प्रतिवादी महेश गौतमलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गर्ने गरी सुरू विशेष अदालतबाट मिति २०६९।०३।१८मा भएको फैसला मिलेको नदेखिँदा यी प्रतिवादी महेश गौतमका हकमा सुरू विशेष अदालतबाट मिति २०६९।३।१८ मा भएको फैसला उल्टी भई निज प्रतिवादी महेश गौतमले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृतः सुरथप्रसाद तिमल्सेना

इति संवत् २०७५ साल जेठ १५ गते रोज ३ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६९-WO-१४२७, उत्प्रेषण / परमादेश, *उमा पौडेलसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत*

निवेदकहरूले निजामती सेवाबाट निवृत्त हुनु भएको कुरा निजहरूले रिट निवेदनको उल्लेख गरेको देखिन्छ । निजामती सेवा ऐनले कर्मचारीको परिभाषामा बहालवाला कर्मचारीलाई मात्र जनाउने भनी परिभाषा गरेको देखिन्छ । तसर्थ निवेदकहरू निजामती सेवाबाट निवृत्त भएका निजामती कर्मचारी नभएको भन्ने बुझिन्छ। निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०६९ विक्रम संवत् २०६९।१२।२९ देखि प्रारम्भ भएको र निवेदकहरू सो मितिअगावै सेवा निवृत्त भइसकेकाले निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०६९ को दफा ३७ क. को व्यवस्था सोही ऐनको दफा ७ (१४) बमोजिम स्थायी नियुक्ति पाएका निजामती कर्मचारीको हकमा मात्र आकर्षित हुने हुँदा निज निवेदकहरू निजामती सेवा ऐन, २०४९ को दफा २ को खण्ड (ख) बमोजिमका निजामती कर्मचारी नभएकोले अध्यादेशको दफा ३७ क. को सुविधा गैरनिजामती कर्मचारीको हकमा आकर्षित नै हुन सक्ने अवस्था देखिँदैन । अध्यादेश जारी हुनु पहिला नै निवेदकहरूले अनिवार्य अवकाशप्राप्त गरेको देखिन्छ। उल्लिखित अध्यादेशमार्फत निजामती सेवा ऐन, २०४९ मा थप भएको दफा ३७क को व्यवस्था अवकाशप्राप्त कर्मचारीका हकमा पनि लागू हुने भन्ने उल्लेख नभएकोले निवेदकहरू पदमा बहाल नै नरहेको अवस्थामा जारी भएको ऐनको सुविधा निवेदकहरूले प्राप्त गर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ
कम्प्युटर: देविना खतिवडा
इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-१०२७, लेनदेन, *भोगेन्द्र पाठक वि. नन्दकुमार गोइत*

पुनरावेदक प्रतिवादी स्वयम्‌ले लिखतको रेखात्मक सहिछापलाई स्वीकार गरेको अवस्था हुँदा लिखतमा भएको लेखात्मक सहीमाथि छाप लगाएको कुरा विशेषज्ञको रायबाट देखिन्छ। विवादमा आएको लिखत परीक्षण गर्ने रेखा तथा लेखा विशेषज्ञले यस अदालतको आदेशबमोजिम निजले लिखत परीक्षण गरी व्यक्त गरेको रायलाई समर्थन गरी बकपत्र गरी दिएको देखिन्छ । प्रतिवादीले लिखतमा भएको रेखात्मक (ल्याप्चे) सहीलाई स्वीकार गरेको देखिन्छ। विशेषज्ञको रायबाट लिखित खडा भइसकेपछि सहीछाप भएको तथ्य पुष्टि हुन आएको छ । समयको अन्तरालमा हस्ताक्षरमा परिवर्तन आउने अवस्था स्वाभाविक हुन्छ। हस्ताक्षरको विवाद सिर्जना भएपछि हस्ताक्षरको नमुना दिने व्यक्तिले आफूले गर्ने स्वाभाविक हस्ताक्षर नगरी फरक तरिकाले हस्ताक्षर गर्न सक्ने तथ्यलाई पनि इन्कार गर्न मिल्दैन । रेखात्मक सहीछाप ऋणी प्रतिवादीकै भएको र लेखात्मक सही गरेपछि रेखात्मक सही गरेको भन्ने लिखत जाँचबाट पुष्टि भइरहेकोले दाबीको तमसुकलाई वारेसनामा भनी सही गराएको भन्ने प्रतिवादीको बयान पत्यारलायक नदेखिने।

तमसुकको शिर पुछारको कारणीको सही र नमुना स्वरूप प्राप्त सहीमा देखिएको सही गर्ने ढाँचाको फरकपनले तुलनात्मक परीक्षण गरी यकिन गर्न सकिँदैन भन्ने राय भएको र रेखात्मक सहीलाई प्रतिवादीले स्वीकार गरिरहेको अवस्थामा हस्ताक्षर

यकिन नभएको लिफामा खडा गरेको लिखत भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार एवम् कारणहरूबाट वादीले प्रतिवादीबाट दाबीको तमसुकको साँवा ब्याज भराई लिन पाउने ठहर गरी धनुषा जिल्ला अदालतबाट मिति २०६८।८।२० मा भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।९।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-०४१३, आगजनी, *नेपाल सरकार वि. प्रियराज जोशीसमेत*

जाहेरवाला स्वयम् प्रस्तुत घटना देख्ने व्यक्ति नभएको देखिन्छ। अरू व्यक्तिहरूको भनाइको आधारमा मिति २०६७।१।९ मा भएको वारदातको जाहेरी मिति २०६७।१।१४ मा ५ दिनपछि यी प्रतिवादीहरूलाई पोल गरी जाहेरी दरखास्त दिएको र सो जाहेरी दरखास्त मिति २०६७।२।१२ मात्र दायर भएको र अनुसन्धानको प्रक्रिया भने मुद्दा दायर गर्ने एक वर्षको हदम्याद व्यतित हुन लागेपछि मिति २०६८।१।३ बाट सुरू गरी लगभग १ वर्षपश्चात् बुझिएका मानिसहरूको पार्टीगत आस्थाका आधारमा गरिएको शङ्कास्पद पोललाई ग्रहण गरी प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न न्यायोचित देखिन आउँदैन । कसुर प्रमाणित गर्ने शङ्कारहित प्रमाणको अभावमा कसुरदार ठहर गर्न नमिल्ने र शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको मान्य सिद्धान्त रहिआएकोले अभियोग दाबीको कसुर यी प्रतिवादीहरूले गरेको ठहर गर्न मिल्ने नदेखिने।

तसर्थ, विवेचित आधार एवम् कारणहरूबाट सुरू सुर्खेत जिल्ला अदालतको फैसला केही उल्टी गरी प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७१।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः विदुरकुमार उपाध्याय

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार ८ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CI-१३४४ र ०७२-CI-१३४६, अंश चलन, *कान्छी दुलालसमेत वि. साबित्री दुलाल र साबित्री दुलाल वि. कान्छी दुलालसमेत*

मोही नामसारी मुद्दामा भएको फैसलाले अंश हकलाई निस्तेज पार्न सक्दैन । त्यसै गरी मतदाता नामावलीमा छुट्टा छुट्टै परिवार कायम भएको वा कुनै लिखतमा अंश बुझिलिएको उल्लेख भएकै भरमा अंशियारले अंश पाइसकेको भनी निष्कर्ष निकाल्न मिल्दैन। अंश पाइसकेको निष्कर्ष निकाल्न रीतपूर्वकको बन्डापत्र वा पैतृक सम्पत्ति भाग शान्ति लिई पाई दर्ता भोग गरेको वा आफ्नो आफ्नो नाउँको सम्पत्ति बिक्री व्यवहार गरेको स्पष्ट देखिनु पर्ने।

वादीहरूले २०३८।५।८ लाई मानो छुट्टिएको मिति कायम गरी अंशको माग गरेको देखिन्छ। जिल्ला अदालतले बन्डा गर्नुपर्ने सम्पत्तिको फाँटवारी लिँदा सोही मिति २०३८।५।८ लाई नै मानो छुट्टिएको मिति कायम गरिदिएको र प्रतिवादीहरूले सो मितिलाई स्वीकार गरेको देखिन्छ । यस अवस्थामा वादी / प्रतिवादीहरू समेतका अंशियारहरू एकासगोलमा बसी मिति २०३८।५।८ मा मानो छुट्टिई खति उपति आफ्नो आफ्नो गरी बसी आएको पाइयो। त्यसकारण सोही मिति २०३८।५।८ सम्मको पैतृक सम्पत्तिबाट वादीहरूले अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने।

प्रतिवादीहरूले जिकिर लिएका मोहीयानीबाट प्राप्त हुन आएका जग्गाहरू पिता पुर्खाको पालादेखि

सगोल परिवारले मोहीको रूपमा कमाई आएको देखिएको र प्रतिवादीहरूका पति पिता बद्रीप्रसाद दुलालले छुट्टै मोहीको रूपमा कमाई आएका जग्गा भन्ने नदेखिएकोले उक्त मोहीयानीबाट प्राप्त जग्गा बन्डा गर्नुपर्ने होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

कि.नं. ७९ को जग्गा पनि पिता पुर्खाको पालादेखि नै सगोलबाटै कमाई आएको मोहीयानीको जग्गा भएको र नापीको बखत बद्रीप्रसाद दुलालको नाउँमा नापी भएकोमा विवाद देखिँदैन। यस्तै प्रकृतिका बद्रीप्रसादको नाउँमा रहेको जग्गाहरू बन्डा लाग्ने ठहरेकोले सोही प्रकृतिको उक्त कि.नं. ७९ को जग्गा बन्डा नलाग्ने भन्न नमिल्ने।

कि.नं. ७ को जग्गा कान्छी दुलालले मिति २०२९।६।११ मा श्रीप्रसाद उपाध्यायबाट खरिद गरेको देखिन्छ । बद्रीप्रसाद दुलालको नाउँमा दर्ता स्रेस्ता कायम रहेको कि.नं. ३९८ र २३८ को जग्गाहरू निज बद्रीप्रसादले आफूले नोकरी गरी कमाएको पैसाले खरिद गरेको निजी आर्जन भनी जिकिर लिएको देखिन्छ । उक्त जग्गाहरू सगोलको सम्पत्तिबाट बढे बढाएको भन्ने कुनै प्रमाणबाट देखिँदैन । कि.नं. ७ को जग्गाको लिखतमा नै दाइजो पेवाको रकमबाट खरिद गरिएको बेहोरा जनिएको देखिन्छ। बद्रीप्रसाद दुलाल जागिरे भएको मिसिल प्रमाणबाट देखिन्छ । यस अवस्थामा उल्लिखित कि.नं. ७, ३९८ र २३८ का जग्गा प्रतिवादीहरूको स्वआर्जनको ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको फैसलालाई बेमुनासिब मान्नु पर्ने अवस्था नरहने।

वादी साबित्री दुलालको नाउँमा रहेको कि.नं.९७ को जग्गा वादी साबित्री दुलालले मिति २०४५।५।१३ मा राजीनामा गरी खरिद गरेको देखिएबाट मानो छुट्टिएको मितिपश्चात् खरिद गरेको देखिएको सम्पत्तिमा प्रतिवादीहरूको अंश लाग्ने अवस्था देखिन नआउने।

कि.नं.६७ र १३२ को जग्गाहरू गुठीको जग्गा भई उक्त जग्गा दर्ताको कारबाही चलिरहेको भन्ने देखिएकोले र हाल दर्ता नै नभएको जग्गाका विषयमा अहिले नै निष्कर्षमा पुग्न नमिल्ने हुँदा दर्ता भएपछि ठहरेबमोजिम हुने गरी भएको पुनरावेदन अदालतको फैसला बेमनासिब नदेखिने।

कि.नं. ३७३, ४६८ र ५ का जग्गामा मानो छुट्टिएको मिति २०३८।५।८ भन्दापछाडि घरहरू निर्माण भएको भन्ने नक्सा पास प्रमाण पत्रबाट देखियो । यस अवस्थामा मानो छुट्टिएको मितिपश्चात् प्रतिवादीहरूले बनाएका घरमा वादीको बन्डा लाग्ने अवस्था नरहने।

तसर्थ पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।८।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-CI-१३४५, ०७२-CI-१३४७, अंश चलन, *कान्छी दुलालसमेत वि. नरहरि दुलालसमेत, नरहरि दुलाल वि. कान्छी दुलालसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CR-०९१५, जालसाजी, *सानुबाबु खत्री वि. सिता आचार्य*

पुनरावेदक वादीले मिति २०४८।१२।२४ मा राजीनामा गरी लिनुदिनु गरेको लिखतलाई जालसाजी घोषित गरिपाउँ भनी मिति २०६६।५।२१ मा फिराद दिएको देखिन्छ । मुलुकी ऐन, एघारौं संशोधन २०५८ सालमा संशोधन हुनुअघिको मुलुकी ऐन, किर्ते कागजको १८ नं. मा किर्ते वा जालसाजी गऱ्यो भन्ने कुरामा सो काम भए गरेको मितिले २ वर्षभित्र

नालिस नदिए लाग्न सक्तैन भन्ने कानूनी व्यवस्था देखिन्छ । सो कानूनी व्यवस्थालाई अदालत, व्यवस्थापन तथा न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०५८ द्वारा संशोधन भई "सो काम भए गरेको थाहा पाएको मितिले छ महिनाभित्र" भन्ने वाक्यांश राखी संशोधन भएको देखिन्छ। हालको संशोधित व्यवस्था मिति २०५९।५।२७ देखि प्रारम्भ भई सो मितिभन्दा अगाडि भए गरेका काम कारबाहीको हकमा काम भए गरेको मितिले दुई वर्षभित्र नालेस गर्नुपर्ने प्रस्ट कानूनी व्यवस्था देखिन्छ। यस अवस्थामा वादीको फिराद तत्काल कायम रहेको मुलुकी ऐन, किर्ते कागजको १८ नं. ले व्यवस्था गरेको हदम्यादभित्र दायर भएको देखिन नआउने।

तसर्थ मुलुकी ऐन, किर्ते कागजको १८ नं. मा संशोधन हुनुपूर्व काम भए गरेको मितिले दुई वर्षभित्र नालेस दिनु पर्ने स्पष्ट कानूनी व्यवस्था गरेको र यस अदालतको पूर्ण इजलासबाट काम भए गरेको मितिले दुई वर्षभित्र नालेस गर्नुपर्ने भनी मिति २०६२।१।२२ मा बृहत् व्याख्या भएकोले पुनरावेदक वादीले दिएको फिराद हदम्यादको अभावमा खारेज गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७२-CR-०९१६, जालसाजी, *सानुबाबु खत्री वि. पूर्णकुमारी अचार्यसमेत*
- ०७२-CR-०९१७, जालसाजी, *सानुबाबु खत्री वि. ज्ञानबहादुर घर्तीसमेत*

६

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७२-CI-०९२५, अंश चलन, *सानुबाबु खत्री वि. ज्ञानबहादुर घर्तीसमेत*

पुनरावेदक वादी स्वयम्ले फिरादपत्रमा प्रत्यर्थी ज्ञानबहादुर वि.सं. २०१२-२०४६ सम्म भारतमा अविछिन्न रूपमा बसेको भनी उल्लेख गरेको देखिन्छ। साबिक कि.नं. २१९ जग्गा भारतको lipton India limited मा २०१२ देखि २०४६ सालसम्म काम गरी प्राप्त पारिश्रमिकबाट बचेको रकमबाट खरिद गरेको भनी प्रत्यर्थी ज्ञानबहादुरले पेस गरेको तायदाती फाँटवारीमा उल्लेख गरेको देखिन्छ । तसर्थ प्रत्यर्थी ज्ञानबहादुर वि.सं. २०१२-२०४६ सम्म भारतमा रोजगारी गरेको तथ्यमा मुख मिलेको देखियो । निज ज्ञानबहादुरले क्षतिपूर्तिसमेत बापत भनी lipton India limited बाट मार्च, १९९१ मा भा.रू. २५,०००।- बुझेको निजले उक्त फाँटवारीको दर्खास्त साथ पेस गरेको Memorandum of settlement बाट देखिन्छ। उक्त कि.नं.८१९ को जग्गा निज ज्ञानबहादुरले मिति २०४६।११।११ मा रू.५६,७००।- मा राजीनामाबाट प्राप्त गरेको तथ्य पनि स्थापित छ । यसरी प्रत्यर्थी ज्ञानबहादुर वि.सं.२०१२-२०४६ सम्म भारतमा रोजगारीमा रहेको र अवकाशको क्रममा भा.रू.२५,०००।– समेत बुझी पाएको देखिएकै छ । लामो समय नोकरीमा रही सोबाट प्राप्त भएको पारिश्रमिकमध्येबाट रू.५६,७००।– तिरी उक्त कि.नं. ८१९ को जग्गा खरिद गरेको भन्ने प्रत्यर्थीको जिकिर अस्वाभाविक नदेखिने।

निशा थापा केसीको नाउँमा रहेको कि.नं. ४२५ र ४५० को जग्गा निशा थापाले निजको पिता शिवचन्द्रबाट २०६६।५।१४ मा हालैको बकसपत्रबाट प्राप्त गरेको तथ्य स्थापित छ । मुलुकी ऐन, स्त्री अंश धनको महलअनुसार स्वास्नीमानिसले माइती मावलीतर्फबाट पाएको चल अचल र सोबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्ने कानूनी व्यवस्था गरेको र मुलुकी ऐन, अंशबन्डाको १८ नं. अनुसार त्यस्तो सम्पत्ति पाउने अंशियारको निजी ठहरी बन्डा

लाग्दैन। तसर्थ कि.नं. ४२५ र ४५० को जग्गा बन्डा नलाग्ने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलामा कुनै कानूनी त्रुटि नदेखिने।

निशा थापा केसी प्रत्यर्थीमध्येका ज्ञानबहादुरका छोरा अर्जुन केसीको पत्नी रहेको भन्ने देखिन्छ। निशा थापा केसीले मिति २०६१।५।२२ मा रू.३,३७,५००।- मा कि.नं. ४९१ जग्गा खरिद गरेको देखिन्छ। उक्त जग्गा पति सूर्य नेपालमा काम गरी प्राप्त पारिश्रमिकबाट बचत गरेको रकमसमेतबाट खरिद गरेकोले बन्डा गर्नु नपर्ने भनी तायदाती फाँटवारी पेस गर्दा जिकिर लिएको देखिन्छ। निज अर्जुन केसी सूर्य नेपालको सिनियर मार्केटिङ अफिसर रहेको र निज 1st Feb. 2000 देखि उक्त कम्पनीमा कार्यरत रहेको भन्ने देखिन्छ। सो कम्पनीबाट मिति २०६६।८।१६ मा जारी पत्रबाट निजको २०६५-०६६ को वार्षिक पारिश्रमिक रू.११,२२,०००।– रहेको भन्ने देखिन आउँछ। यसका अतिरिक्त निजले आ.व. २०६१/०६२ मा ४,७९,५८९।४४ रोजगारीको आय देखाई ७७,३५५।०२ कर चुक्ता गरेको आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ को मिति २०६३।४।१२ को पत्रबाट देखिन्छ। यसप्रकारको आम्दानीको स्रोत भएको व्यक्तिले रू. ३,३७,५००।- मा विवादित कि.नं. ४९१ को जग्गा किन्न सक्ने कुरा स्वाभाविकरूपमा अनुमान गर्न सकिने विषय देखिने।

तसर्थ विवेचित आधार कारणहरूबाट प्रत्यर्थी प्रतिवादीहरूका नाउँमा हालैको बकस तथा राजीनामाको माध्यमबाट कायम हुन आएका कि.नं. ४२५, ५४०, ४९१ र ८१९ का जग्गाहरू तत्तत् प्रत्यर्थीहरूका निजी आर्जनको देखिने पर्याप्त, भर पर्दा र विश्वसनीय आधार प्रमाणहरू मिसिलमा मौजुद रहेको देखिने।

अतः पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल माघ २८ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-CI-०९२४, अंश चलन, *कान्छी खत्रीसमेत वि. ज्ञानबहादुर घर्ती* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

७

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६६-WO-०५७१, उत्प्रेषण, *जयराम यादव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालसमेत*

वस्तुत: विराटनगर र गोठागाउँ दुवै ठाउँ पूर्वाञ्चल विकास क्षेत्रको मोरङ जिल्लाभित्र पर्ने ठाउँ भन्ने देखिन्छ। पूर्वाञ्चल विश्वविद्यालयले पनि मोरङ जिल्लाभित्रकै गोठागाउँ गाउँ विकास समितिमा विश्वविद्यालयको लागि जग्गा र भवनसमेतका पूर्वाधारको विकास गरेको भन्ने देखिन आउँछ। विश्वविद्यालय फराकिलो र पूर्वाधार रहे भएको ठाउँमा रहनु आवश्यक हुन्छ। सोही तथ्यलाई मध्यनजर गरी मोरङको गोठागाउँ गाउँ विकास समितिलाई उपयुक्त ठाउँ चयन गरी जग्गा र पूर्वाधारको विकास गरिसकेको यस अवस्थामा उही जिल्लाअन्तर्गतको अर्को गाउँ विकास समितिमा विश्वविद्यालयको केन्द्रीय कार्यालय, राख्दा पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा ३(२) मा विश्वविद्यालयको केन्द्रीय कार्यालय, पूर्वाञ्चल विकास क्षेत्रको विराटनगरमा रहने छ भन्ने कानूनी व्यवस्थामा प्रतिकूल असर परेको भनी अर्थ गर्न नमिल्ने।

निवेदकले विराटनगरको स्थायी वासिन्दा रहेको र विश्वविद्यालय सो ठाउँमा स्थापना गराउन पहल गरेको भन्ने आधारमा निवेदकले भनेकै ठाउँमा

केन्द्रीय कार्यालय, रहनुपर्दछ भन्ने माग आफैँमा जायज देखिँदैन । शिक्षाको उज्यालो हरेक ठाउँमा पुगोस् भन्ने चाहना निवेदकले राख्नुभएको देखिन्छ । मोरङ जिल्लाभित्रकै विराटनगरमा विश्वविद्यालय केन्द्रीय कार्यालय, रहँदा शिक्षाको उज्यालो हरेक ठाउँमा पुग्ने र सोही जिल्लाको गोठागाउँमा रहँदा शिक्षाको उज्यालोबाट वञ्चित हुने भनी संकुचित अर्थ गर्न नमिल्ने ।

तसर्थ, निवेदकले जनप्रतिनिधिको हैसियतले प्रस्तुत रिट निवेदन दिएको देखिएको, जनप्रतिनिधिले स्थान विशेष र निजी स्वार्थको कुरा निवेदनमा उठाएको र निवेदकले पुर्पक्षको क्रममा तारेख गुजारी आफूले दिएको निवेदन दाबीमा उदासिन भई बसेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७४ साल फागुन २ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-११४२, जबरजस्ती चोरी, *नेपाल सरकार वि. होमबहादुर बुढाथोकी*

प्रतिवादीको साथबाट जाहेरीमा उल्लिखित जबरजस्ती चोरी भएको भनिएको नगद रूपैयाँ र सुनका गरगहना आदि धनमाल बरामद हुन आएको छैन । जाहेरवाली सुरू अदालतमा आई बकपत्र गर्दा प्रहरी कार्यालयमा भएका भिमबहादुर मगरले तपाईँलाई लुट्ने कुट्ने यही प्रतिवादी हो भनी बताएकाले निज प्रतिवादीलाई चिनेकी हुँ भनी बकपत्र गरेकी छन् । आफ्नो गरगहना लुटी जबरजस्ती चोरी लाने व्यक्ति आफूले चिनेको नभई अरूले बताएपछि चिनाएको आधारमा यी जाहेरवालीले जाहेरीमा नाम उल्लेख गरी जाहेरी दिएको पाइन्छ । मौकामा प्रहरीमा कागज गर्ने बाबुकुमार बस्नेतले सुरू अदालतमा बकपत्र गर्दा प्रतिवादीलाई चिन्दिन वारदात भयो भनेका दिन प्रतिवादीलाई मैले देखे भेटेको होइन, जाहेरवालीको सँगसाथमा भएको नगद रूपैयाँ र लगायतका सुनका गरगहना कसले चोरी गरे थाह भएन भनी बकपत्र गरेको छन् । त्यसैगरी प्रहरीमा कागज गर्ने अर्का व्यक्ति रामजी भन्ने सोमबहादुर ढुङ्गेलले पनि अदालतमा बकपत्र गर्दा, मैले प्रतिवादी होमबहादुर भन्ने मानिसलाई चिनेको छैन वारदातमा उसको संलग्नता छ जस्तो लाग्दैन भनेका छन् । प्रतिवादी सानु भन्ने होमबहादुर बुढाथोकीका साक्षी कृष्णबहादुर बोहराले सुरू अदालतमा बकपत्र गर्दा वारदात भएको भनेका दिनमा निज प्रतिवादी सानु भन्ने होमबहादुर बुढाथोकी आफ्नै घर थिए । निज गाउँका प्रतिष्ठित मानिस भएकाले चोरी कार्यमा संलग्न छैनन् भनी बकपत्र गरेबाट निज प्रतिवादीले सुरू अदालतमा कसुरमा इन्कार रही गरेको बयान समर्थित हुन आएको छ । प्रतिवादीउपरको कसुर प्रमाणित गर्ने भार हाम्रो प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी पक्षको हुने हुँदा प्रस्तुत मुद्दामा वादी पक्षले तथ्ययुक्त आधारबाट प्रतिवादीउपरको अभियोगदाबी प्रमाणित गर्न सकेको नदेखिने ।

अतः पुनरावेदक, वादीको अभियोगदाबी प्रमाणित गर्ने तथ्ययुक्त दशी प्रमाणको अभावमा यी प्रत्यर्थी प्रतिवादीलाई जाहेरवालीको भनाइको आधारमा मात्र आरोपित जबरजस्ती चोरीको कसुरको कसुरदार ठहर गर्न नमिल्ने हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, माथि विवेचित आधार एवम् कारणहरूबाट सुरू रामेछाप जिल्ला अदालतको मिति २०६६।६।१ को फैसला उल्टी गरी प्रतिवादी सानु भन्ने होमबहादुर बुढाथोकीलाई अभियोग दाबीको कसुरबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।२।३० को फैसला मिलेकै

देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल असार १४ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०६७-CI-०६०९, अंश दर्ता, *सन्त साह कानु वि. महन्थ साह कानु*

वादी / प्रतिवादीहरूका बीचमा छुट्टिभिन्न भएको भन्ने प्रमाणित गर्ने लिखत कतैबाट पेस हुन सकेको छैन । पुनरावेदकले आफ्ना पितासँगसमेत अलग बस्दै आएको र आफूले वादीलाई अंश दिनुपर्ने होइन भन्ने भनाइलाई पुष्टि गर्ने आधार पेस गर्न सकेका छैनन् । भोग, बिक्री, व्यवहारसमेतबाट पनि पहिले नै छुट्टि भिन्न भएको भन्ने कुरा कहिँकतैबाट पुष्टि हुन सकेको छैन । अर्कोतर्फ यी प्रतिवादीले स्वआर्जनको सम्पत्ति भनी दाबी र पुष्टि गर्न सकेका छैनन् । सबै अंशियारहरू सगोलमा रहेका देखिएको र सगोलको सम्पत्ति जो जसको नाममा रहे भएको भए पनि अंशियारहरू बीचमा बन्डा लाग्ने ।

तसर्थ, वादी / प्रतिवादीहरू अंशियार र सहअंशियार भएकोमा विवाद नरहेको, यिनीहरूका बीचमा पहिले नै अंशबन्डा भएको भन्ने प्रमाण पेस हुन नसकेको अर्थात् अंशबन्डा नभएको समेतबाट वादीले प्रतिवादीबाट तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट तीन भागको एक भाग अंश पाई निजका नाउँमा दर्तासमेत हुने ठहरी भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।७।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हरिहर पौडेल

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०६०६, अंश दर्ता, *सन्त साह कानुसमेत वि. सुदामा साह कानुसमेत*
- ०६७-CI-०६०७, अंश दर्ता, *सन्त साह कानुसमेत वि. सुदामा साह कानुसमेत*
- ०६७-CI-०६०८, फैसला बदर, *सन्त साह कानुसमेत वि. सुदामा साह कानुसमेत*
- ०६७-CI-०६१०, बन्डा मुचुल्का बदर, *सन्त साह कानु वि. महन्त साह कानु*
- ०६७-CI-०६११, फैसला बदर, *सन्त साह कानु वि. महन्त साह कानु*

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री मीरा खड्का,** ०६८-CI-०४६८, करारबमोजिमको जग्गा नामसारी र.पा. गरिपाउँ, *जैसिंह महरा वि. पोचे मोर*

वादीले दाबी गरेको करारनामाबमोजिम जग्गा नामसारी गर्ने प्रयोजनका लागि दायर फिरादको प्रमाणको रूपमा दाखिल गरेको जग्गाधनी दर्तापुर्जामा उल्लिखित जग्गा करार गर्ने पक्ष पोचे मोरले १० वर्षसम्म हक हस्तान्तरण, बेचबिखन, दानदातव्यसमेतका कार्य गर्न नपाउने गरी वञ्चित गरेको देखिन्छ । बिक्री गर्न पाउने हक नै नभएको पक्षले बिक्री गर्नेगरी गरेको र अर्को पक्ष अर्थात् वादीले खरिद गर्ने गरी भएको भनिएको करारनामाको कागज कानूनी मान्यता पाउने हैसियतको देखिन नआउने ।

अचल सम्पत्ति बिक्री गरी वा हक छाडिदिँदा रीतपूर्वकको लिखत रजिस्ट्रेसन पारित गराउनुपर्ने मुलुकी ऐन, रजिस्ट्रेसन महलको १ नं. को कानूनी व्यवस्थाविपरीत गरिएको घरसारको उक्त करारको लिखतको आधारमा करारबमोजिमको दायित्त्व परिपालन गराउन बाध्य हुने र बनाउन सक्ने अवस्था देखिन नआउने ।

तसर्थ, विवेचित आधार र कारणहरूसमेतबाट

बिक्री वितरण, हकहस्तान्तरण गर्ने अधिकारप्राप्त गरिनसकेको पक्षले बिक्री गर्नेगरी भएको भनिएको करारनामाले कानूनी मान्यताप्राप्त गर्न नसक्ने तथा अचल सम्पत्तिको हक हस्तान्तरण केबल रीतपूर्वकको लिखत रजिस्ट्रेसन पारित गरी मात्र हुनसक्ने कानूनी व्यवस्थाविपरीत गरिएको भनिएको करारनामाको आधारमा वादीले हकहस्तान्तरण गरी लिन पाउने गरी भएको सुरूको फैसला त्रुटिपूर्ण भई उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६८।५।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । कानूनी मान्यता नै प्राप्त गर्न नसकेको उक्त करारनामाको आधारमा दायित्व बहन गर्न गराउन बाध्य पार्न नसकिने हुँदा उक्त करारबमोजिम आफ्नो नाममा रजिस्ट्रेसन पास गरिपाउँ भन्ने वादी दाबी एवम् पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हरिहर पौडेल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६६-CR-०३१३, सार्वजनिक गौचर जग्गा दर्ता गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. मधुसुदन थपलियासमेत*

वादी पक्षले यस अदालतमा पुनरावेदन गर्दा कि.नं. ३७३ को जग्गा व्यक्तिको नाममा दर्ता भएतर्फ छानबिन गर्ने भनी मिति २०६३।१।२० मा निर्णय भएको भन्ने जिकिर लिए पनि त्यस्तो छानबिन भयो वा भएन तथा छानबिन भएको भए त्यसबाट के कस्तो परिणाम प्राप्त भएको भन्ने केही उल्लेख भएको पाइँदैन । केबल छानबिन गर्ने निर्णय गरिएको भन्ने निर्णय भएकै कारण र आधारबाट कि.नं.३७३ को जग्गा सार्वजनिक ठहर भइसकेको भन्न नमिल्ने ।

विवादित कि.नं. १५० को जग्गा नै गौचर तथा सार्वजनिक भएको भन्ने तथ्ययुक्त प्रमाणबाट पुष्टि भएको देखिएको छैन । व्यक्तिले राजीनामा पारित गरी खरिद गरिलिएको जग्गा केबल नापीको फिल्डबुकमा गौचर जनाइएको कारण सार्वजनिक विवादित जग्गा आफूले पारित राजीनामाबाट खरिद गरी लिएको भनी प्रतिवादी केशवराज सापकोटाले दाबी लिई त्यसको प्रमाणसमेत पेस गरेकोमा निजको उक्त दाबी र पेस भएको प्रमाणलाई वादी पक्षबाट अन्यथा प्रमाणित गराउन सकेको नदेखिएको यस अवस्थामा विवादित जग्गाको फिल्डबुकमा गौचर उल्लेख हुँदैमा गौचर तथा सार्वजनिक कायम हुने भन्न नमिल्ने ।

तसर्थ उपयुक्त आधार र कारणसमेतबाट विवादित कि.नं. ३७४ र ३७५ को जग्गा दर्ता गर्ने कार्यमा प्रतिवादी केशवराज सापकोटासँग मिलोमतो गरी संलग्नता रही अन्य प्रतिवादीहरूको बदनियत रहे भएको तथ्यको पुष्ट्याइँ गर्ने ठोस प्रमाण वादी पक्षले प्रस्तुत गर्न नसकेकोले प्रतिवादीहरू मधुसुदन थलपिया, प्रेमप्रसाद अधिकारी, माधवप्रसाद शर्मा, कीर्तीनाथ चालिसे, रामबहादुर हमाल, रामपलट चौधरी, केशवराज सापकोटा र लक्ष्मीप्रसाद ज्ञवालीले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०६६।३।११ को फैसला न्यायसङ्गत देखिँदा सदर हुने ।

इजलास अधिकृत: डिल्लीराम प्रसाइँ

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-१६३९, भ्रष्टाचार, *लिला न्यौपाने वि. नेपाल सरकार*

पुनरावेदकको मागबमोजिम निजले पेस गरेको र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले

उच्च माध्यमिक शिक्षा परिषद्मार्फत पेस गरेका मध्ये कुन प्रमाणपत्र आधिकारिक हो भनी अदालतको आदेशबमोजिम बुझ्दासमेत प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भन्ने नै पुष्टि भई आएको देखिन्छ। एस.एल.सी. को प्रमाणपत्रको नियमन गर्ने आधिकारिक निकाय उच्च माध्यमिक शिक्षा परिषद्मार्फत प्राप्त भएको प्रमाणीकरणलाई अन्यथा भनी व्यक्ति आफूले पेस गरेको प्रमाणीकरणलाई आधिकारिक मान्नु पर्ने भन्ने पुनरावेदन जिकिर प्रमाण ऐन, २०३१ को दफा ५४ ले पनि प्रमाणमा ग्रहण गर्न नमिल्ने।

जुन शैक्षिक प्रमाणपत्रलाई प्रमाणीकरण गरी "अपुष्टित" भनी दाबी लिएको हो सोही प्रमाणपत्र प्रतिवादीको मागबमोजिम पुनः प्रमाणीकरणको लागि पठाउँदा एकै बेहोराको जवाफ "अपुष्टित" भनी प्रमाणीकरण भई आएको अवस्थामा प्रतिवादीले पेस गरेको प्रमाणपत्र सक्कली हो भन्न मिलेन। तसर्थ सुरू विशेष अदालत, काठमाडौंले प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको आधारमा भ्रष्टाचारको कसुर ठहर गरेको मिति २०७२।१०।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत**:** सुदिपकुमार भट्टराई

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असार १९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-CR-००७७, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. न्हुछेबहादुर महर्जन*

बरामद भएको लागु औषध न्हुच्छेबहादुर महर्जनका लागि ल्याएको भनी तत्काल उक्त टाटा सुमोका चालक प्रतिवादी अजय खड्गीले बताएको हुँदा निज प्रतिवादी न्हुच्छेबहादुरलाई समेत पक्राउ गरी प्रहरी प्रतिवेदनसाथ दाखिला गरेको देखिन्छ। तर, सहप्रतिवादी अजय खड्गीले अनुसन्धान अधिकारी एवम् अदालतमा बयान गर्दासमेत उक्त बरामद भएको लागु औषधको कारोबारमा यी प्रतिवादी न्हुच्छेबहादुर महर्जनको संलग्नता रहेको थियो भनी उल्लेख गर्न सकेको देखिँदैन। यी प्रतिवादी न्हुच्छेबहादुर महर्जन मकवानपुरबाट पठाएको रविन्द्र महर्जनको सामान लिन मात्र निज त्रि.वि.को गेटअगाडि गएको अवस्थामा पक्राउ परेको भन्ने देखिन्छ। निजले अनुसन्धान अधिकारी एवम् अदालतसमेतमा उपस्थित भई बयान गर्दा रविन्द्र महर्जनको मोबाइल लिन त्रि.वि. गेट पुग्दा पक्राउ गरेको हो। लागु औषध भन्ने थाहा थिएन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। यी प्रतिवादी न्हुच्छेबहादुर महर्जनको साथबाट कुनै दसी बरामद भएको देखिँदैन। निजले बरामद लागु औषध लिन भनी जानी जानी गएको मिसिल संलग्न कागजातबाट देखिँदैन। मकवानपुरबाट पठाएको मोबाइल लिन रविन्द्र महर्जनले पठाएकोले सो मोबाइल लिने उद्देश्यले गएकोसम्म देखिन्छ। सो बाहेक उक्त लागु औषध कारोबारको सम्बन्धमा यी प्रतिवादीको संलग्नता रहेको छ भनी मान्न मिल्ने कुनै पनि प्रमाण मिसिल संलग्न रहेको नदेखिने।

अतः कसुरमा इन्कार रही यी प्रतिवादीले अनुसन्धान अधिकारी एवम् अदालतसमक्ष गरेको बयान, कसुरमा यी प्रतिवादीको संलग्नतालाई इन्कार गरी सहप्रतिवादी अजय खड्गीले गरेको बयान, यी प्रतिवादीको सँगसाथबाट दसीको सामान बरामद हुन नसकेको अवस्थासमेतका आधार प्रमाणबाट यी प्रतिवादी न्हुच्छेबहादुर महर्जनलाई मतियार ठहऱ्याई सजाय गरेको सुरू फैसला सो हदसम्म केही उल्टी गरी निजलाई अभियोग मागदाबीबाट सफाइ दिएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।११।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल फागुन ३ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CI-०८४३, फैसला बदर पोखरी र डिल सार्वजनिक गरिपाऊँ, *खुदनीवती यादवनीसमेत वि. महेन्द्र यादव*

विवादित २ वटा पोखरी र पोखरीको डिलसमेत २००४ सालको सर्पट नापीमा मोती मडरका नाममा दर्ता रहेकोमा २०२७ सालको सर्भे नापीमा गा वि.स. विषहरिया वार्ड नं. ७ कि.नं. ८३, कि.नं. ४३८, कि.नं. ५० र कि.नं. ४३७ मा कित्ता कायम भई नापी भएको देखिन्छ । एकातिर उक्त पोखरीहरू प्रतिवादीहरूले सर्भे नापीमा आफ्नो नाममा नापी गराई दर्ता गराउन सकेको अवस्था देखिँदैन भने अर्कोतिर उक्त पोखरीसमेतको जग्गाधनी दर्ता स्रेस्तामा समेत जग्गाधनी महलमा श्री ५ को सरकार जनिई मिन्ही भनी उल्लेख भएको देखिन्छ । यी पुनरावेदकहरूले उक्त विवादित पोखरी भोग गरी आएको र गा.वि.स. लाई पोखरी कर बुझाई रसिद लिएकोले विवादित पोखरीसमेत निजी हो भनी पुनरावेदन जिकिर लिए पनि निजहरूले हाल सर्भे नापी हुँदा फिल्ड बुकमा जग्गाधनी महल खाली रहेकोलाई तत्कालै आफ्नो स्वामित्वको प्रमाण पेस गरी आफ्नो नाउँमा दर्ता गराउन सकेको समेत देखिँदैन । साथै परापूर्वदेखि सर्वसाधारणले सार्वजनिक रूपमा प्रयोग गर्दै आएको विवादित पोखरी तथा पोखरीको डिलसमेतको जग्गाधनी दर्ता स्रेस्तामा समेत जग्गाधनी महलमा श्री ५ को सरकार जनिई मिन्ही भनी उल्लेख भएको अवस्था र यी पुनरावेदकहरूको हक स्वामित्व देखिने आधिकारिक प्रमाणको अभावमा विवादित पोखरीसमेत निजी भन्ने पुनरावेदन जिकिर कानूनसङ्गत देखिन नआउने ।

सार्वजनिक पोखरीसमेतको भोगाधिकार व्यक्ति विशेषको कायम हुन सक्दैन । सार्वजनिक सम्पतिको उपयोग सार्वजनिक प्रयोजनका लागि नै हुनुपर्ने ।

अतः विवेचित आधार, प्रमाण र कारणबाट सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६७।१२।२३ मा भएको फैसला केही उल्टी गरी सम्पूर्ण प्रतिवादीहरूको भोग बदर हुनेसमेत ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।१२।२६ मा भएको फैसला सदर हुने ।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७५ साल जेठ ३० गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-११९८, दाइजोबापतको सुनको गहना फिर्ता, *सरीता अधिकारी वि. विनोद अधिकारी*

वादीले उक्त दाबी प्रमाणित गर्न गरगहनाहरू खरिद गरेको देखिने बिल विजक पेस गर्न सकेकोसमेत देखिँदैन । वादीले त्यति धेरै परिमाणको सुनका गहनाहरू माइतीबाट नल्याएको र जे जति ल्याएकी थिइन् सो सबै धनमाल लमी बाबुराम भण्डारीको रोहवरमा मिति २०६४।१२।२० मा बुझाई सकेको भनी जिकिर लिएको देखिन्छ । वादीका साक्षी चुडामणि नागिलाले विवाहमा म पनि माइतीतर्फबाट सामेल भएको थिएँ, वादीले फिरादमा उल्लेख गरेका सुनका गहना प्रतिवादीलाई दिँदा मैले देखेको थिएँ, तिनै गहना फिर्ता माग्ने विषयमा पटकपटक छलफल हुँदा प्रतिवादीले फिर्ता दिन्छु भनेका थिए तर हालसम्म सो गहना निजले वादीलाई फिर्ता दिएका छैनन् भनी बकपत्र गरेपनि हाम्रो समाजमा विवाहमा माइतीतर्फबाट दुलहीलाई दिएको गरगहना सबैलाई देखाई दिने प्रचलनसमेत नरहेको अवस्था र उक्त गरगहना खरिद गरेको बिललगायतका वस्तुनिष्ठ प्रमाणको अभावमा वादीका साक्षीको भनाई त्यति विश्वासनीय देखिन नआउने ।

पुनरावेदकको माइतीबाट विवाहमा निजलाई १३-१३ तोलाको सुनका गहनाहरू दिएको भन्ने तथ्य प्रमाणित गर्न उक्त गहनाहरू खरिद गरेको देखिने बिल

विजक पेस गर्न सकेको समेत देखिँदैन । सुन जस्तो बहुमुल्य धातुका यति धेरै गरगहना खरिद गरेको बिल वादी पक्षले प्रतिवादीलाई दिए बुझाएको भन्ने पनि देखिँदैन । यस अवस्थामा यी पुनरावेदक वादी सरीता अधिकारीलाई विवाहमा माइती पक्षबाट १३ तोला बराबरका सुनका गहनाहरू दिएको र माइतीले दिएका गरगहना प्रतिवादीले लिएको भन्ने तथ्य मिसिल संलग्न वस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि गराउन सकेको नदेखिने ।

सामान्यतया विवाहमा दुलहीलाई माइतीतर्फबाट दिएका गरगहनाहरू निजले नै प्रयोग गर्ने तथा निजकै जिम्मामा रहने हुँदा उक्त गरगहना घर परिवारका कसैले बलजफ्ती खोसी लिएको भनी वादीले लिएको दाबी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्ने दायित्व पनि वादीमा नै रहन्छ । प्रस्तुत मुदामा यी पुनरावेदकले माइतीले विवाहमा आफूलाई दिएका भनेका गरगहना प्रतिवादीले यो यस रीतसँग यसरी खोसी बलजफ्ती लिएको भनी प्रस्ट किटान गरी भन्न सकेको अवस्थासमेत नदेखिँदा वादी दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने ।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट विवाहमा दाइजोबापत दिएको सुनका गरगहनाहरू वा सो बराबरको बिगो रू.३,५१,०००।- वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहऱ्याएको सुरू तनहुँ जिल्ला अदालतको मिति २०६८।२।२२ को फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७२।०५।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

इति संवत् २०७५ साल असार १ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१७००, मानव बेचबिखन तथा ओसारपसार, *विशाल बोहरा वि. नेपाल सरकार*

प्रतिवादीउपरको किटानी जाहेरी, पीडितको मौकाको प्रमाणित बयान, प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयान, जाहेरवाला, पीडित, वस्तुस्थिति मुचुल्काका व्यक्तिले अदालतमा गरेको बकपत्रलगायत मिसिल संलग्न प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले विवाह गर्ने उमेर नपुगेकी वर्ष १४ की नाबालिका परिवर्तित नाम २०७१(६) एन.लाई विवाह गर्ने, राम्रो कपडा किनिदिनेसमेतका प्रलोभन देखाई भारतमा लगी बिक्री गर्ने मनसायले भारततर्फ लैजाने क्रममा म्याग्दीबाट बागलुङ कुश्मा हुँदै नेपाल भारत सिमाना रूपन्देही जिल्लाको बेलहियासम्म ल्याएको भन्ने तथ्य स्थापित हुन आएको देखिने ।

प्रतिवादी विशाल बोहराले वर्ष १४ की नाबालिका पीडित परिवर्तित नाम २०७१(६) एन.लाई विवाह गर्नेसमेतको प्रलोभन देखाई पीडितका अभिभावकलाई कुनै थाहा जानकारी नै नदिई विदेश भारतमा लगी बिक्री गर्ने मनसायले नेपालको एक ठाउँबाट अर्को ठाउँसम्म अर्थात् म्याग्दीबाट रूपन्देही जिल्लाको बेलहिया भन्ने स्थानसम्म लगेको र त्यहाँ के.आई. नेपालका कर्मचारीले सोधपुछ गर्ने क्रममा सोही स्थानबाट पीडितको उद्धार भएको भन्ने कुरा मिसिल संलग्न तथ्यहरूबाट देखिएको अवस्थामा यी पुनरावेदकले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(२)(ख) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

पुनरावेदक विशाल बोहराले १४ की नाबालिका पीडित परिवर्तित नाम २०७१(६) एन.लाई विवाह गर्नेसमेतको प्रलोभन देखाई पीडितका अभिभावकलाई कुनै थाहा जानकारी नै नदिई बेचबिखन गर्ने उद्देश्यले विदेश भारत लैजाने मनसायले नेपालको एक ठाउँ म्याग्दीबाट अर्को ठाउँ रूपन्देही

जिल्लाको बेलहिया भन्ने स्थानसम्म लगी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(२)(ख) बमोजिमको कसुर गरेको पुष्टि भएकोले निजलाई ऐ ऐनको दफा १५(१)(ङ)(२) बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत, बुटबलको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित तथ्य, आधार र कारणसमेतबाट यी प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत दफा ४(२)(ख) बमोजिमको कसुरमा ऐ. ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १५ वर्ष कैद र रू.१,००,०००।- (एकलाख) जरिवाना तथा दफा १७(१) बमोजिम रू.५०,०००।- क्षतिपूर्ति दिलाई भराई दिने गरी भएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७१।१०।८ को फैसला केही उल्टी गरी प्रतिवादी विशाल बोहरालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन,२०६४ को दफा ३ विपरीत दफा ४(२)(ख) को कसुरमा ऐ.ऐनको दफा १५(१)(ङ)(२) को अन्तिम वाक्यांशबमोजिम १०(दश) वर्ष कैद र रू.१,००,०००।- (एकलाख) जरिवाना हुने र क्षतिपूर्तिको हकमा सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटबलबाट मिति २०७२।९।५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः भगवती शर्मा ढुङ्गाना

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल भदौ ४ गते रोज २ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CR-०१२४, जबरजस्ती करणी, *नेपाल सरकार वि. सन्तु मेगबहादुर भन्ने मेखबहादुर आलेसमेत*

जाहेरवाली ................ले आफ्नो जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको देखिन्छ भने पीडितले मौकामा गरेको कागज बेहोरालाई समर्थन गर्दै आफूउपर भएको घटनाको बारेमा सविस्तार खुलाई अदालतमा आई दाबी पुष्टि हुने गरी बकपत्र गरेको देखियो। पीडितले मौकामा गरेको कागज बेहोरालाई समर्थन गर्दै अदालतमा गरेको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणमा ग्रहण गर्न सकिने नै देखिन्छ भने जाहेरवालाले जाहेरीलाई समर्थन गरी अदालतमा समेत बकपत्र गरिदिएको कागजलाई प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार प्रमाणमा ग्रहण गर्न सक्ने।

पीडितको स्वास्थ्य परीक्षण घटना वारदात भएको दिन अर्थात् मिति २०६६।११।२९ गते नै भएको देखिन्छ। पीडितको तत्कालै भएको स्वास्थ्य परीक्षणबाट पीडितको पेन्टीमा रगतको छिटा लागेको भन्ने देखिएको छ। उक्त स्वास्थ्य परीक्षण प्रतिवेदनलाई समर्थन गर्दै विशेषज्ञ डाक्टरले अदालतमा आई बकपत्रसमेत गरिदिएको देखिन्छ। पीडितको पेन्टीमा लागेको रगतको छिटा अन्य कुनै बेहोराबाट लाग्न गएको भन्ने पनि देखिँदैन। पीडितउपर जबरजस्ती करणी भएको कुरा निजको पेन्टीमा लागेको रगतको छिटाबाट समेत पुष्टि हुन आएको देखिने।

प्रतिवादी सन्तु भन्ने मेखबहादुर आलेले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही जग्गाको विवादको रिसइवी साधन गर्न झुट्ठो जाहेरी दिएको भनी उल्लेख गरे पनि अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा पीडित ..................ले विस्कुट र पैसा ल्याएपछि लिनोस् अङ्कल भनी दिँदा मलाई करणी गर्न ईच्छा जागेको र घरमा कोही नभएको हुँदा विन्दु मगरलाई हात समाई घरभित्र लगी ढोका लगाई जमिनमा पल्टाई पेन्टी खोली ................

माथि चढी उत्तेजित लिङ्ग निजको योनिमा घुसार्न थालेको थिएँ, निजलाई पीडा भएपछि चिच्याएकोले सोही स्थानमा छाडी गएको उल्लेख गरेको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानलाई वस्तुनिष्ठ प्रमाणबाट खण्डन गर्न सकेको देखिँदैन भने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडितको बयान, बकपत्र तथा जाहेरवालाको जाहेरी र बकपत्रले प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान सत्य रहेको तथ्य स्थापित भएको हुँदा निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई प्रमाणमा ग्रहण गर्नुपर्ने ।

माथि वर्णित आधार, कारण एवम् यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादी सन्तु भन्ने मेखबहादुर आलेले पीडित परिवर्तित नाम विन्दु मगरलाई जबरजस्ती करणी गरेको सप्रमाण पुष्टि भएकोमा प्रतिवादीलाई जबरजस्ती करणीको उद्योगतर्फ मात्र सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटबलको फैसला मिलेको देखिन नआउने ।

जाहेरवालीले आफ्नो जाहेरीमा प्रतिवादीलाई देवर नाताका व्यक्ति भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादीले अदालतको बयानमा पीडित दाजुको छोरी भनी उल्लेख गरे तापनि प्रतिवादी र पीडितको बुबा एकै बाबुका सन्तान हुन् भनी वादीतर्फबाट वस्तुनिष्ठ प्रमाण पेस भएको मिसिलबाट देखिँदैन । अभियोगपत्रमा मुलुकी ऐन, हाडनाता करणीको महलको २(१) नं. बमोजिम सजायको माग दाबी गरेको पाइन्छ तर उक्त महलको २(१) नं.ले परिभाषित गरेको नाताभित्र पर्ने पुस्तावारीसहित यकिन गरी दाबी लिएको पाइँदैन । यसप्रकार पुस्तेवारीसहित यकिन नाता खुलाई दायर नभएको अभियोगपत्रको आधारमा हाडनातामा समेत सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः वर्णित आधार प्रमाणबाट प्रत्यर्थी प्रतिवादी सन्तु भन्ने मेखबहादुर आलेले पीडित वर्ष १३ की नाबालिका परिवर्तित नाम विन्दु मगरलाई जबरजस्ती करणी गर्ने मनसायले आफ्नो लिङ्ग निजको योनिमा घुसाएको देखिँदा जबरजस्ती करणीको महलको १ नं. बमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएकोले निजलाई जबरजस्ती करणीको महलको ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योगसम्मको कसुर ठहऱ्याई ४ वर्ष कैद गर्ने गरेको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६८।०५।२० को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।१०।१४ को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई निज प्रतिवादी सन्तु भन्ने मेखबहादुर आलेलाई ऐ.महलको ३ को देहाय २ नं. बमोजिम ८(आठ) वर्ष कैद हुने र सोको १० नं. बमोजिम पीडितले प्रतिवादीबाट रू.२५,०००।– (पच्चिस हजार) क्षतिपूर्ति भराई लिन पाउने ।

इजलास अधिकृतः यदुराज शर्मा

कम्प्युटरः मिनु शाही

इति संवत् २०७४ साल फागुन २५ गते रोज ६ शुभम् ।

## २

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६६-CI-०६४९, हक कायमसमेत, *लक्ष्मीप्रसाद कोजुसमेत वि. मसिनु सुवालसमेत*

वादी / प्रतिवादीहरू नारा भन्ने नारायण कोजुको अंश हक खाने छोराहरू जेठा नारायण कृष्ण कोजु र कान्छा कृष्ण नारायण कोजुतर्फका अंशियार हक खाने नाताका रहेका छन् । वादी गणेशमाया सुवालको मु.स. गर्ने मसिनु सुवाल, प्रतिवादी दिलभक्त कोजुसमेत भएको हक कायमसमेत मुद्दामा भक्तपुर जिल्ला अदालतबाट मिति २०६३।११।१ मा वादीले दाबी लिएका जग्गामध्ये कि.नं. २९ को जग्गाबाहेक गरी अन्य कित्ता जग्गाहरू वादीहरूको मात्र खण्डे हक कायम हुने नभई वादी / प्रतिवादीहरू दुवै पक्षको बराबर

हक लाग्ने ठहरी भएको फैसला, मिति २०४६।३।२१ मा आ-आफूले कमाई भोगी आएका र बसी आएको नापी नक्साबाट कायम भएको घर र मानो छुट्टिई सकेपछि स्वआर्जनले कमाएका सम्पत्तिसमेत कसैले एक आपसमा दाबी नगर्ने गरी वादी / प्रतिवादीबीच भएको कबुलियतनामा, सो कबुलियतनामालाई मान्यता दिने गरी मिति २०४७।७।१५ मा मिलापत्र भएको देखिने।

विवादित कि.नं. ३८० र २९ बाहेकका कि.नं. १८९,३८१, २६, ५१, ५३, ५५, ५६, ४७४, ४८५ समेतका ९ कित्ता जग्गामा जेठा नारायण कृष्ण कोजुको १ भाग र कान्छा कृष्ण नारायण कोजुको १ भाग गरी दुई भाग लाग्ने र कान्छा कृष्ण नारायणको आधा हकमध्ये निजका छोरा नभएको र मिति २०४८।०८।१२ मा आफ्ना छोरीहरू गणेशमाया सुवाल र कृष्णमाया लागे तथा नारायण कृष्णको नाति दुगुनारायणको छोरा जगतनारायण कोजुसमेत तीनजनालाई बराबर तीन भाग हक लाग्ने गरी शेषपछिको बकसपत्रको लिखत गरी दिएको देखिँदा सो मिति २०४८।८।१२ को शेषपछिको बकसपत्रसमेतको लिखतका आधारमा ३ खण्डको १ खण्डमा दुगुनारायणका नाति जगतनारायणको छोरा सिद्धिनारायण र शिवनारायणको हक कायम हुने, जेठो नारायण कृष्णका तीन छोराहरूमा जेठा लक्ष्मी नारायण कोजु, माहिला दुगुनारायण कोजु र कान्छा लोक नारायण कोजु रहेकाले नारायण कृष्ण कोजुको हकको आधामध्ये निजको छोरा दुगुनारायणको भागमा पर्ने ३ खण्डको १ खण्डबाट निजका दुई छोराहरू जगत नारायण र भक्त नारायणको एक / एक भाग गरी पुनः दुई भाग लगाई आधा भक्तनारायणको एक भाग र बाँकी आधा जगत नारायणको एक भागलाई पुनः दुई भाग लगाई निजका दुई छोराहरू सिद्धिनारायण तथा शिवनारायणको एक / एक भागमा हक कायम हुन सक्ने र त्यसो गर्दा यी पुनरावेदक प्रतिवादीहरूको हकमा कुनै असर नपर्ने।

अतः विवेचित आधार प्रमाणसमेतबाट वादी / प्रतिवादीहरू मध्ये नारायण कृष्ण कोजु र कृष्ण नारायण कोजुको हक हिस्साको विश्लेषण नगरी वादी / प्रतिवादी दुवैको बराबर हक लाग्ने ठहऱ्याएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६३।११।०१ को फैसलालाई केही उल्टी हुने ठहऱ्याई वादी / प्रतिवादीहरू मध्ये नारायण कृष्ण कोजु र कृष्ण नारायण कोजुको हक हिस्साको विश्लेषण गरी निजबाट अंश पाउने अंशियारको अंश हक कायम हुने गरी तथा आफ्नो अंश भागको जग्गा शेषपछिको बकसपत्रको लिखतको आधारमा हक कायम हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६६।०५।०७ को फैसला मिलेको देखिँदा सदर हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-WO-०७५२, उत्प्रेषण, *कामता अहिर वि. पुनरावेदन अदालत, नेपालगञ्जसमेत*

स्व. हरि केवटको हक खाने ३ अंशियारमा निजकी पत्नी कृपा केवट, छोराहरू जिलेदार केवट र जगदीश केवट रहे भएको र दाबीको कि.नं. ६०, ६२ को जग्गा स्व. हरि केवटको नाउँमा दर्ता रहेको देखिएको अवस्थामा वादी जिलेदार केवट र प्रतिवादी कृपा केवटसमेत भएको अंश मुद्दामा बाँके जिल्ला अदालतको मिति २०६५।५।१७ को फैसला र सो फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।३।१५ को फैसलाले जिलेदार केवटले ३ भागको १ भाग अंश पाउने ठहरी फैसला भएको अवस्थामा यी जिलेदार केवटलाई बुझ्दै नबुझी कानूनतः ऋण तिर्ने दायित्त्व नभएका यी निवेदक जिलेदार केवटसमेतको अंश हक ३ भागको १ भाग मिति २०६६।३।२५ मा लिलाम गरेको काम कारबाही कानूनसम्मत नदेखिने।

अतः अंश मुद्दाबाट ३ भागको १ भाग अंश पाउने ठहर भएको अवस्थामा अंशियारको अंश भागसमेतमा असर पर्ने गरी भएको लिलाम बदर नहुने ठहर गरी बाँकै जिल्ला अदालतबाट भएको आदेश निवेदकको हकमात्र अर्थात् ३ भागको १ भाग डाँक लिलामसमेत बदर गर्ने गरी भएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६७।८।२ को आदेशमा जिल्ला अदालत, नियमावली, २०५२ को नियम ७८क को कानूनी प्रश्नको त्रुटि विद्यमान नदेखिएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल साउन ३२ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-WO-०९४२, उत्प्रेषण, *ध्रुवप्रसाद चौलागाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कम्पनी ऐन, २०६३ को दफा १८२ ले लाभांश वितरणसम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको पाइन्छ । ऐनका उक्त व्यवस्थाहरूको पालना नभई लाभांश वितरण गर्न वा दाबी गर्न मिल्ने पनि देखिँदैन। त्यस्तै बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ४६ ले पनि लाभांश वितरणसम्बन्धी सीमा तोकेको पाइन्छ। कानूनले तोकेको सीमा पालन नगर्ने कुनै पनि बैंक वा वित्तीय संस्थालाई लाभांश वितरण गर्न राष्ट्र बैंकले अनुमति प्रदान गर्न मिल्ने पनि देखिँदैन । तर तोकिएको कानूनी व्यवस्थाको पालन गरी आर्जित मुनाफाबाट कुनै कम्पनीले मुनाफा वितरण गर्न सक्ने नै देखिने।

संगठित संस्थाको खुद सम्पत्तिको (Networth) आधारमा सेयरको मूल्य निर्धारण भई सोही मूल्यमा धितोपत्र बजारमा (Stock Exchange) कारोबार हुने हुन्छ। सेयर खरिद गर्ने वित्तिकै बैंकको निक्षेपमा राखेको जस्तो प्रतिफल निश्चित हुने होइन। कुनै व्यक्तिले कुनै कम्पनीको सेयरमा लगानी गर्दैमा उसले लाभांश प्राप्त गर्ने ग्यारेन्टी हुँदैन। आफूले लगानी गरेको कम्पनीले सञ्चालनको क्रममा मुनाफा आर्जन गरी सो मुनाफाबाट सञ्चालन खर्च तथा अन्य व्यवस्थाहरूका लागि आवश्यक पर्ने रकम तथा राज्यलाई बुझाउनु पर्ने करसमेत तिरी बाँकी रहन आएको रकमलाई लाभांशको रूपमा लगानीकर्तालाई बाँड्ने निर्णय कम्पनीको साधारण सभाले गरेपश्चात्मात्र कुनै पनि सेयर होल्डरले लाभांश प्राप्त गर्न सक्ने।

कम्पनीको व्यवस्थापनले कानूनविपरीत हुने गरी युनियन वा अन्य कसैलाई अनियमित तवरले रकम र सुविधा उपलब्ध गराएको भएमा सेयरवाला वा सरोकारवालाले कम्पनी रजिस्ट्रारको कार्यालयमा उजुरी गर्न सक्ने र कार्यालयले कम्पनी ऐन, २०६३ को दफा १२० बमोजिम कैफियत तलब गर्न सक्ने, दफा १२१ बमोजिम निरीक्षक खटाउन सक्ने र दफा १२४ बमोजिम त्यस्तो निरीक्षकले आवश्यक जाँचबुझ गरी आफ्नो रायसहितको प्रतिवेदन कार्यालयमा पेस गर्नुपर्ने र कार्यालयले दफा १३८(२) बमोजिम त्यस्तो कम्पनी वा सञ्चालक वा पदाधिकारी बुझी उपयुक्त आदेश दिन सक्ने स्पष्ट कानूनी व्यवस्था हुँदा त्यस्तो वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी सिधै सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रमा प्रवेश गरेको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल असार १८ गते रोज १ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CI-०७८७, अवैध

रूपमा भवन निर्माण, *पूजा श्रेष्ठ वि. मिनु प्रसाई*

पुनरावेदनको अधिकार कानूनी अधिकार हो। कुन विषयमा पुनरावेदन लाग्न सक्ने हो कुन विषयमा पुनरावेदन लाग्न नसक्ने हो, सो कुरा कानूनद्वारा नै व्यवस्थित हुने हुन्छ र पुनरावेदन लाग्ने निकायसमेत कानूनद्वारा नै निर्धारित गरिएको हुन्छ। कुनै विषयमा पुनरावेदन लाग्ने कुरा कुनै कानूनले नै सीमित गरेको छ भने सोहीबमोजिमको सीमाभित्र रहनु पर्ने। काठमाडौं महानगरपालिकाले घर भत्काउने ठहऱ्याई गरेको निर्णयउपर प्रतिवादीको तर्फबाट पुनरावेदन अदालत, पाटनमा पुनरावेदन परी पुनरावेदन अदालतबाट वादी दाबी नपुग्ने ठहर निर्णय भएको पाइयो। पुनरावेदन अदालतको सो फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिएन। पुनरावेदन अदालतको फैसला नै अन्तिम हुने अवस्था देखिन आउने।

तसर्थ, उल्लिखित आधार कारणबाट पुनरावेदन नै लाग्न नसक्ने विषयमा यस अदालतमा पुनरावेदन पर्न आएको देखिँदा प्रस्तुत मुद्दाको तथ्य र औचित्यभित्र प्रवेश गरी इन्साफ गर्न मिल्ने देखिएन। प्रस्तुत पुनरावेदनपत्र खारेज हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मंसिर २४ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-०५१५ र ०७०-CR-०७६०, जबरजस्ती करणी, *नेपाल सरकार वि. चित्रबहादुर गुरूङ र अरनी गुरूङ वि. नेपाल सरकार*

प्रतिवादी चित्रबहादुरले आधा घण्टासँगै बसी गफ गरी निद्रा लागेकोले सुत्न गएको भनी अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा उल्लेख गरेका छन्। प्रतिवादी अरनी गुरूङले मौकाको बयानमा पनि प्रतिवादी चित्रबहादुर र पीडित गफ गरी चित्रबहादुर गएपछि पीडितलाई जबरजस्ती करणी गरेको भनी बयानमा उल्लेख गरेको देखिन्छ। पीडितले प्रतिवादी चित्रबहादुरले यौनजन्य क्रियाकलाप गरेको भनी भन्न सकेको छैन। मुद्दामा भएको यी तथ्यहरूबाट प्रतिवादी चित्रबहादुरको पीडितलाई जबरजस्ती करणी गर्ने नियत नरहेको र चित्रबहादुर हिँडेपछि मात्र पीडितलाई प्रतिवादी अरनी गुरूङले जबरजस्ती करणी गरेको तथ्य पुष्टि हुन आएको छ। प्रतिवादी चित्रबहादुर जबरजस्ती करणीको वारदातमा संलग्न भएको देखिन नआउने।

प्रतिवादी अरनी गुरूङले मौकामा बयान गर्दा पीडित र चित्रबहादुर गफ गरेपश्चात् चित्रबहादुरले म घर जान्छु तिमी पनि जाऊ, पछि भेटौंला भनी चित्रबहादुर उक्त ठाउँबाट गएपछि पीडितसमेत जान लाग्दा म उत्तेजित भई हतार हतार पीडित भएको ठाउँमा गई समाइ काँधमा बोकी अलैंची बारीमा लगी करणी गर्न खोज्दा पीडितले नमाने पनि पीडितको कपडा खोली हतारहतार करणी गरेँ भन्दै वारदातको फेहरिस्त खुलाई साबिती भई बयान गरेको देखिन्छ। पीडितको स्वास्थ्य परीक्षण रिपोर्टसमेतमा Hymen torn, the examination findings are suggestive of having sexual intercourse" भन्ने उल्लेख छ। पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान मिसिल संलग्न तथ्यगत प्रमाणहरूबाट समर्थित भएको देखिन्छ। जबरजस्ती करणी जस्तो अपराधमा पीडिताको स्वास्थ्य परीक्षण प्रतिवेदन महत्त्वपूर्ण प्रमाणको रूपमा रहन्छ। अतः वस्तुगत प्रमाणबाट नै प्रतिवादी अरनी गुरूङले वर्ष १३ की पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि भएको देखियो। प्रतिवादी अरनी गुरूङलाई आरोपित कसुर गरेको ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी अरनी गुरूङको उमेर २५ वर्षको रहेको भन्ने खुल्न आएको छ। पीडितालाई जबरजस्ती करणी गर्ने पूर्वयोजना बनाएकोसमेत देखिँदैन। नाचगान

गरेको स्थानमा पीडित रहेकी र वारदातस्थलमा स्वयम् गएकोलगायतका परिस्थितिजन्य प्रमाणलाई समेत हेरी कसुरको मात्राअनुसार सजाय गर्नुपर्ने हुन्छ। जबरजस्ती करणी महलको ३(२) मा दश वर्ष वा सो भन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गर्नेलाई आठ वर्षदेखि बाह्र वर्षसम्म कैद सजाय हुने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था र प्रस्तुत वारदात घटना तथ्यहरूलाई मध्यनजर राख्दै कसुरको मात्राअनुसार प्रतिवादी अरनी गुरूङलाई १० वर्ष कैदको सजाय गरेको हदसम्मको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी अरनी गुरूङलाई जबरजस्ती करणीको महलको ३(२) अनुसार ८ वर्ष कैद हुने ठहर्छ । ऐ. १० नं. अनुसार पीडितलाई निज प्रतिवादीबाट ३० हजार क्षतिपूर्तिसमेत भराई दिनुपर्ने र प्रतिवादी चित्रबहादुरलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको हदसम्मको पुनरावेदन अदालत, इलामको मिति २०७०।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-CR-१५४८, जबरजस्ती करणी, *नेपाल सरकार वि. नरेश श्रेष्ठ*

पीडितले जाहेरीमा उल्लेख गरेको घटनाको प्रकृति र विवरणलाई स्वयम् पीडितको बकपत्र अदालतमा भएको रेश्मा राईको बकपत्र र भिडियो देखाउने बद्री विक्रम श्रेष्ठको बकपत्रबाट समर्थित भएको देखिँदैन। पीडितले अदालतमा आई प्रतिवादी नरेश श्रेष्ठले जबरजस्ती करणी गरे भनी उल्लेख गरेको कुरा मिसिल संलग्न अन्य कागज प्रमाणहरूसँग तादाम्यता रहेको देखिएन । पीडितको भनाइबाहेक अन्य कुनै पनि प्रमाणबाट जबरजस्ती करणीको वारदात समर्थित भएको देखिँदैन । केबल पीडितको भनाइलाई नै आधार मान्ने हो भने पनि पीडितको उक्त भनाइको विश्वसनीयता भरपर्दो देखिँदैन । पीडितले जाहेरीमा उल्लेख गरेको वारदातको प्रकृतिभन्दा आधारभूत रूपमा फरक हुने गरी अदालतमा बकपत्र गरेको देखिने।

पीडितसँगै रहेकी रेश्मा राईले मलाई खेद्ने मानिस को हुन् चिन्दिन भनी बकपत्र गरेको, स्वयम् पीडितले नवराज सत्यालले समेत जबरजस्ती करणी गरेको भनी जाहेरी दिएकोमा अदालतमा आई बकपत्र गर्दा केबल नरेश श्रेष्ठले मात्र जबरजस्ती करणी गरेका हुन्। नवराज सत्याल र सन्तोष राईलाई वारदातमा नदेखेको भनी उल्लेख गरेबाट जाहेरी बेहोराको उल्लिखित तथ्य नै स्थापित भएको देखिँदैन। फौजदारी मुद्दामा अभियोग दाबी शङ्कारहित तवरबाट पुष्टि हुनुपर्छ । अभियोग दाबी पुष्टि गर्ने भार अभियोजनकर्तामाथि नै रहन्छ। यो फौजदारी विधिशास्त्रको सामान्य सिद्धान्त नै हो। अभियोजनकर्ताले दाबी शङ्कारहित तवरबाट पुष्टि गर्न नसकेको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने।

अतः उल्लिखित आधार कारणबाट प्रतिवादी नरेश श्रेष्ठले पीडितलाई जबरजस्ती करणी गरेको वारदात शङ्कारहित तवरले पुष्टि हुन आएको नदेखिँदा प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको खोटाङ जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।८।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-CI-१४६०, लिखत

दर्ता बदर दर्ता, *मिरहसन अन्सारी वि. गोबर्द्धन राउत कुर्मी*

वादी शंकर राउत कुर्मी लेनदेन कारोबार हुँदाको समयमा ३ वर्षको नाबालक रहेको देखिन्छ । मिति २०६४।१०।१३ मा भएको लेनदेन कारोबारको सम्बन्धमा मिति २०६७।१।१३ मा मात्र फिराद परेको देखियो । आमा नभएका अवस्थाका नाबालकको संरक्षक स्वाभाविक रूपमा पिता नै हुने हुन्छ । वादी नाबालक हुँदा जग्गा बिक्री भएको छ । नाबालक छोराको धन बेइमान गर्ने नियत बाबुले राखेका थिए भन्ने तथ्य मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टि हुन सकेको छैन । वादीको पिताले प्रतिउत्तर दिएको समेत देखिँदैन । यस अवस्थाको व्यवहारको कुरामा लेनदेन व्यवहारको ४० नं. बमोजिमको हदम्याद आकर्षित हुने देखिन नआउने ।

नाबालकको आफ्नो बाबु नै प्राकृतिक संरक्षक रहेको र बाबुले आफ्नो नाबालक छोराको हितप्रतिकूल बेइमानीका नियतले कार्य गरको मान्न सकिनेसम्मको अवस्था नदेखिएको, व्यवहार चलाउनलाई बाबु नाताका भगेलु राउत कुर्मीले लिखत गर्दा नाबालकको मन्जुरी लिनु पर्ने अवस्था नरहेकोसमेत हुँदा मिति २०६४।१०।१३ मा भएको लिखतको विषयमा मिति २०६७।१०।५ मा नक्कल लिई थाहा पाएको भनी लेनदेन व्यवहारको ४० नं. को हदम्याद कायम गरी लिखत बदर हुने ठहर गरेको सुरू पर्सा जिल्ला अदालतको मिति २०६९।२।२५ को फैसला र पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।८।१६ को फैसला मिलेको नदेखिँदा उल्टी भई लेनदेन व्यवहारको १० नं. बमोजिमको हदम्याद नाघेपछि फिराद परेको देखिँदा वादीको फिराद दाबी अ.बं. १८२ नं. बमोजिम खारेज हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर २४ गते रोज १ शुभम् ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६५-CI-०४३४, अंश दर्ता, *वृजलाल यादवसमेत वि. धनराज यादव*

प्रतिवादीहरूका बाजे स्वरूपलालको नाउँमा २००४ सालमा सर्पट नापी हुँदा धेरै कित्ता जग्गाहरू १७ नं. रैतीमा दर्ता भएको भन्ने मालपोत कार्यालय, सप्तरीको मिति २०५८।१२।२७ को पत्रसाथ प्राप्त सो लगतको प्रतिलिपिबाट देखिन्छ । सो लगतबाट ३१ कित्ता जग्गा भई जम्मा १४ बिघा ९ जग्गा रहेको र रैती अनुपको नाममा जम्मा ४ कित्ता जग्गा भई जम्मा १ बिघा ३ कट्ठा ४ धुर रहेको देखियो । वादीहरूका पुर्खा अनुपको नाउँमा भन्दा प्रतिवादीहरूका पुर्खा स्वरूपलालको नाउँमा धेरै जग्गा दर्ता हुन आएको देखियो । वादी / प्रतिवादीहरूका नाममा दर्ता भएको सो सम्पत्ति पैतृक सम्पत्ति होइन भन्ने कुनै जिकिर तथा प्रमाण प्रतिवादीहरूबाट पेस हुन आएको छैन । सोही पैतृक सम्पत्तिहरू नै तल्लो पुस्ताका अंशियारहरूले क्रमशः नयाँ नापीमा आफ्नो नाउँमा दर्ता गर्दै जानु स्वाभाविक हुन्छ । २००४ सालको सर्पट नापीमा दर्ता भएको जग्गा समान तवरमा बराबर हिसाबले अनुपलाल र स्वरूपलालको बीचमा नापीमा अलगअलग दर्ता भएको भन्ने पनि नदेखिने ।

वादी / प्रतिवादीका पुर्खा पन्निलाल र वृजलालले ७ नं. फाँटवारी अलग अलग मौजाको भरेको देखिन्छ । साथै वादी धनराज, मिश्रीलाल र सकुनले पनि अलगअलग १।१ कित्ता ७ नं. फाँटवारी भरेको देखिन्छ । वृजलालले २७ कित्ता जग्गाको फाँटवारी भरेको देखिन्छ भने पन्निलालतर्फ २१।२२ कित्तासम्म फाँटवारी भरेको पाइएबाट वस्तुतः ४ सालदेखि नै पुर्ख्यौली सम्पत्ति समान रूपमा बराबर बाँडफाँड भएको पनि देखिएन । यस अवस्थामा अलगअलग फाँटवारी भरेको नाताले छुट्टी भन्न भएको मान्न नसकिने ।

मिति २०२८।४।२४ को लिखतमा भाइ तथा यी प्रतिवादी वृजलालसमेतलाई साक्षी राखी मिश्रीलालले जग्गा बिक्री गरेकोले व्यवहार प्रमाणबाट अंशबन्डा भएको पुष्टि हुन्छ भन्ने प्रतिउत्तर जिकिर रहेको देखिन्छ । यदि वादी पुनरावेदकले अंश लिई भिन्न बसेको भए निजको मन्जुरी लिनुपर्ने अवस्था देखिने थिएन । अंश पाई नसकेको र जग्गामा हकदार भएको कारणले नै मन्जुरी लिनु आवश्यक ठानिएको मान्नु पर्दछ । अतः सो मिति २०२८।४।२४ को लिखतले वादी / प्रतिवादीहरू छुट्टी भिन्न भएको भनी मान्न मिल्ने नदेखिने । मिति २०२८।४।२४ को राजीनामा लिखतबाट जग्गा बिक्री गरिदिएको कुरालाई उपर्युक्तबमोजिम व्यवहार प्रमाणबाट छुट्टी भिन्न भएको पनि मान्न मिल्ने देखिएन । उल्लिखित आधार कारणबाट यी वादी / प्रतिवादीहरूको बीचमा अंशबन्डा नभएको र पैतृक सम्पत्ति बराबर बाँडफाँड गरी ७ नं. फाँटवारी भरेको र नापीमा दर्ता गराएको पनि नदेखिने ।

पेस भएको तायदाती फाँटवारीको विवरणबाट वादीतर्फको हाँगामा ५-१६-५ क्षेत्रफल र प्रतिवादीहरूको हाँगामा ७-११-९ क्षेत्रफल जग्गा रहे भएको देखियो । वादी र प्रतिवादीहरूको भोगमा रहेको सम्पत्ति समान नदेखिई अन्तर रहेको देखिएको र वादी / प्रतिवादीहरूले भाग शान्ति बराबर पैतृक सम्पत्ति लिए पाएको भन्नेसमेत देखिएन । अतः पैतृक सम्पत्ति बराबर बाँडफाँड भएको भन्ने लिखत प्रमाणहरूबाट पुष्टि भएको नदेखिँदा ७ नं. फाँटवारी अलग अलग भरेको आधारले मात्र अंश हकमा असर पर्न नजाने ।

तसर्थ, उल्लिखित आधार कारणबाट वादी / प्रतिवादीहरूको बीचमा नातामा विवाद नदेखिएको र वादी प्रतिवादीहरूबीच अंशबन्डासमेत भएको नदेखिँदा तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट २ खण्डको १ खण्डलाई ३ खण्ड गरी ३ खण्डको १ खण्ड वादीले अंश पाउने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६४।५।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २४ गते रोज ४ शुभम् ।

## इजलास नं. १३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-११६०, अबन्डा जग्गा बन्डा गरिपाऊँ, *चन्द्रदेव मंडरसमेत वि. हरि नारायण मंडरसमेत*

पुनरावेदक प्रतिवादी चन्द्रदेव मंडरसमेतको वारेस धिरजकुमार यादवले मिति २०७३।९।५ देखि तारेख गुजारी बसेको देखिन्छ । मिति २०३३।३।३१ मा भएको अंशबन्डाको लिखत हालसम्म कहीँकतैबाट बदर बातिल नभएको र सो बन्डापत्रबमोजिम सबै अंशीहरूले आ-आफ्नो नाममा दा.खा. दर्ता गरी चित्त बुझाई बसेको अवस्थामा वादी हरिनारायण मंडरले दाजु वासुदेव मंडरको नाममा रहेको जग्गाहरू उक्त अंशबन्डाको लिखतमा उल्लेख नभएको र उक्त सम्पत्ति अबन्डामा रहेको भनी जिकिर लिएको देखियो । सो जग्गाहरू पैतृक होइनन् भनी प्रतिवादीले पनि पुष्टि गर्न सकेको देखिएन । बन्डापत्रमा सो सम्पत्ति वासुदेवको हो भन्ने उल्लेख नभएको स्थितिमा सम्पत्तिको स्रोत र अवस्थाबारे यकिन गरेर बन्डा लाग्ने वा नलाग्ने भन्ने विषयमा निर्णय निष्कर्षमा पुग्नु पर्ने हुन्छ । यस स्थितिमा उक्त मिति २०३३।३।३१ को अंशबन्डाका सम्पूर्ण हकवालाहरूलाई बुझी उक्त सम्पति अबन्डाको हो होइन भनी यकिन गरी मात्र फैसला गर्नुपर्नेमा सो वादी दाबी पुग्न सक्दैन भनी सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी गर्दै पुनः जिल्ला अदालतबाट जे जो बुझ्नु पर्ने हो बुझी कानूनबमोजिम गर्नु भनी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।११।१३ मा

भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: गीता श्रेष्ठ
कम्प्युटर: अर्जुन पोख्रेल
इति संवत् २०७४ साल पुस ९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CI-१२९५, लिखत बदर दर्ता बदर दर्ता, *देवेन्द्र शाह वि. वेचनी सिंह दनुवारनीसमेत*

प्रतिवादी गढई साहु घरको मुख्य व्यक्ति भएको कुरामा फिरादपत्रको बेहोरासमेतको मिसिल संलग्न कागजातसमेतबाट पुष्टि भइरहेको देखिन्छ । विवादित कि.नं.१६२ को जग्गा प्रतिवादी गढई साहुले अर्का प्रतिवादी वेचनी सिंह दनुवार्नीलाई राजीनामाको लिखत गरी पास गरिदिएको कुरा मालपोत कार्यालय, सिरहाको च.नं.२००४ मिति २०६७।१०।१३ को पत्रसाथ प्राप्त र.नं.१६२१२ को राजीनामा लिखतको प्रमाणित प्रतिलिपिबाट देखिएको छ । उक्त लिखतमा पुनरावेदक वादीसरहका प्रतिवादी संजय साह साक्षी बसेकोसमेत देखिन्छ । पुनरावेदक वादीले आफूले घरको मुख्य भई काम गरेको कुरा कुनै प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा एकासगोलमा रहेको पितालाई मुख्य व्यक्ति नमानी अन्य अंशियारलाई मुख्य व्यक्तिको रूपमा मान्न सक्ने अवस्था मिसिलबाट नदेखिने।

प्रत्यर्थी प्रतिवादी गढई साहुतेली घरको मुख्य व्यक्ति भएको कुरा पुष्टि भएको र मुख्य व्यक्तिको हैसियतले घर व्यवहार चलाउनका लागि विवादित जग्गा बिक्री गरेको देखिन्छ। विवादित जग्गाबाहेक करिब ३-०-० जग्गा मूलपुरूष प्रतिवादी गढई साहुतेलीसँग भएको भन्ने प्रतिवादीको प्रतिउत्तर जिकिरलाई पुनरावेदक वादीले अन्यथा भन्नसमेत सकेको पाइएन। यस अवस्थामा मुलुकी ऐन, लेनदेन व्यवहारको ८ नं.ले घरको मुख्य भई व्यवहार गर्नेले अंशबन्डाको १९ नं. बमोजिम चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउन पाउने कानूनी व्यवस्थाबमोजिम प्रतिवादी गढई साहुतेलीले घर व्यवहार चलाउन लिखत गरी दिन सक्ने नै देखिने।

वेचनी सिंह दनुवार्नीलाई राजीनामाबाट बिक्री गरेको जग्गाको क्षेत्रफल गढाई साहुतेलीको नाउँमा रहेको समुच्चा जग्गाको क्षेत्रफलको आधाभन्दा कम नै देखिएको छ। मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. को व्याख्या गर्दा उक्त महलको १९ नं. सँग सामञ्जस्यता कायम हुने गरी न्याय निरूपण गरिनु पर्दछ । तसर्थ केवल लेनदेन व्यवहारको १० नं. बमोजिम गरिएको वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट राजीनामाको लिखतमा उल्लेख भएको जग्गामध्ये ३ खण्डको १ खण्ड लिखत दर्ता बदर गरी वादीको नाममा दर्तासमेत गर्ने गरी भएको सुरू सिरहा जिल्ला अदालतको मिति २०६८।२।२२ को फैसला उल्टी गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।५।१४ मा वादी देवेन्द्र साहको दाबी नपुग्ने गरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृतः गीता श्रेष्ठ
कम्प्युटर: अर्जुन पोख्रेल
इति संवत् २०७४ साल पुस ९ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-११७०, बिना इजाजत राष्ट्रिय वनको रूख कटान गरेको, *नेपाल सरकार वि. हिमकान्त अधिकारीसमेत*

बरामदी मुचुल्काको कागज गरिदिने जलप्रसाद यादवसमेतका मानिसहरूले प्रत्यर्थी प्रतिवादीहरू हिमकान्त अधिकारी र थानिश्वर गौतमको संलग्नताबारे बरामदी मुचुल्कामा केही पनि उल्लेख गर्न सकेको नदेखिने।

जलप्रसाद यादवले मौकामा गरेको कागज र अदालतसमक्ष गरेको बकपत्रमा फरकफरक बेहोरा

लेखाई दिएबाट निज जलप्रसाद यादवको बकपत्र बेहोरा विश्वासयोग्य रहेको नदेखिने।

प्रतिवेदकको बकपत्रमा प्रत्यर्थी प्रतिवादीहरूले आरोपित कसुर गरेको भन्न नसकी हिमकान्त अधिकारीले रेञ्जपोष्टलाई काठ काट्ने मानिसलाई पक्राउ गर्न तथा काठ बरामद गर्न नभनी काठ गाउँले प्रयोजनका लागि दिनुहोस् भनी भनेका थिए भन्नेसम्मको बेहोरा लेखाएको देखिन्छ । तर निजसमेतले मौकामा पेस गरेको प्रतिवेदनमा उक्त बेहोरा उल्लेख गर्न सकेको पाइँदैन । सहप्रतिवादी रामचरन कुर्मीले अदालतसमक्ष वारदातमा हिमकान्त अधिकारी र थानिश्वर गौतमसमेत संलग्न थिए भनी पोल गरेको देखिन्छ। सहअभियुक्तको उक्त पोलअनुसार हिमकान्त र थानिश्वरसमेत वारदातमा संलग्न भए सोही मौकामा निज प्रत्यर्थी प्रतिवादीहरूको नाम सहअभियुक्तले अनुसन्धानकर्तालाई बताएको हुनुपर्ने देखिन्छ । वारदातमा अन्य को कसको संलग्नता छ भनी प्रस्तुत मुद्दाका अनुसन्धानकर्ता जीवनकुमार यादवसमेतले सोधपुछ गर्दा प्रत्यर्थी प्रतिवादीहरूलाई पोल गरेको भए सो बेहोरा मौकाको प्रतिवेदनमा उल्लेख भएको हुनुपर्ने थियो। उल्लेख भएको नदेखिने।

वारदातमा यी प्रत्यर्थी प्रतिवादीहरूको समेत संलग्नता थियो भनी सहअभियुक्तले पोल गरे पनि स्वतन्त्र प्रमाणबाट निज सहअभियुक्तको पोल समर्थित हुन आएको पाइएन । प्रत्यर्थी प्रतिवादीहरूसमेत वारदातमा संलग्न रहेको भनी किटानी रूपमा अनुसन्धान गर्ने वन कर्मचारीसमेतले भन्न लेखाउन नसकेको अवस्थामा केवल सहअभियुक्तको पोलको आधारमा मात्र प्रत्यर्थी प्रतिवादीहरूलाई कसुरदार मान्न मिल्ने देखिएन । प्रत्यर्थी प्रतिवादीहरुउपरको आरोपित कसुर स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नआएको अवस्थामा प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने।

विवेचित आधार, कारणबाट प्रत्यर्थी प्रतिवादीहरू हिमकान्त अधिकारी र थानिश्वर गौतमउपरको आरोपित कसुर पुष्टि हुन सकेको नदेखिँदा प्रत्यर्थी प्रतिवादीहरूलाई जरिवाना सजाय गर्ने गरी सुरू कपिलवस्तु जिल्ला अदालतले मिति २०७०।९।३० मा गरेको फैसला उल्टी गरी निज प्रत्यर्थी प्रतिवादीहरू हिमकान्त अधिकारी र थानिश्वर गौतमले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७१।०८।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CR-१२१७, वन पैदावार हानि नोक्सानी, *नेपाल सरकार वि. देवीमाया कटुवाल*

वन उपभोक्ता समितिका सदस्यहरूको सामुहिक निर्णयबाट कार्ययोजनाको सीमाभित्र रही काठ कटान भएकोमा वादी नेपाल सरकारले वन उपभोक्ता समितिकी अध्यक्ष देवीमाया कटुवाललाई मात्र प्रतिवादी बनाएर अभियोग दाबी पेस गरेको अवस्था देखिन आएको छ। सामुहिक रुपमा उपभोक्ता समितिका सदस्यहरू मिली गरेको निर्णयबाट यदि कुनै दायित्व सृजित हुने भए समुहका सबै सदस्यहरूले बेहोर्नु पर्नेमा एउटा मात्र सदस्यलाई दायित्त्व सिर्जित गराउनु न्यायसङ्गत हुँदैन । उपभोक्ता समितिको सामुहिक निर्णयबाट भए गरेको कार्यबाट सिर्जना हुने दायित्व बेहोर्नु पर्ने भनी निज समितिको अध्यक्ष देविमाया कटुवाललाई मात्र प्रतिवादी बनाएको नेपाल सरकारको अभियोग दाबी शुद्ध मनले आएको नदेखिने।

मिसिल संलग्न रहेका चप्पन जनज्योति महिला सामुदायिक वन उपभोक्ता समितिको

नामबाट काटिएका रसिद तथा काठ वितरण भएका अनुमतिपत्रहरू हेर्दा विभिन्न उपभोक्ताहरूलाई वितरण गरिएको आर्थिक वर्ष २०६६।०६७ को काठको विवरण तथा निजहरूले तिरेको रकम उल्लेख भएको देखिन्छ । जसबाट उक्त काठहरू प्रतिवादीले आफैँले प्रयोग नगरी उपभोक्ताहरूलाई वितरण गरेको पुष्टि हुन आएको छ । तसर्थ काठ वितरण गरेको वितरण र आम्दानी प्रतिवादीले नदेखाएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने ।

सामुदायिक वनको व्यवस्थापन कार्ययोजनाबमोजिम गरिने र गरिनु पर्ने हो । कार्ययोजना जिल्ला वन कार्यालयवाट स्वीकृत भएपछि मात्र राष्ट्रिय वन समुदायलाई व्यवस्थापनको लागि सुम्पिइन्छ । यस दृष्टिबाट कार्ययोजना जिल्ला वन कार्यालय र उपभोक्ता समूह दुवै पक्षको लागि हक अधिकार दायित्व र विश्वासको दस्ताबेज हो । यसको सीमाभित्र रही कटान छपानको माग उपभोक्ता समूहले गरेको छ भने सो विषयमा समयमा नै निकासा दिनुपर्ने ।

माग गरिएको कुरा स्वीकार गर्ने, लगत भनी लिने, समयमा निकासा नदिने अनि कानूनी छिद्र खोजी मुद्दा दायर गर्ने यस्तो कार्यबाट सामुदायिक वनको विकास हुन सक्दैन । तर यसको अर्थ सामुदायिक वन उपभोक्ता समूहले जे पनि गर्न पाउँछ वा व्यक्तिगत स्वार्थ मोलाहिजामा कार्य गर्न र समुदायको नोक्सान हुने कार्य गर्न पाउँछ भन्ने कदापि होइन । उसले पनि पारदर्शी र उत्तरदायी तवरबाट कार्य गर्नुपर्छ । आम्दानी र खर्चको हिसाब दुरूस्त राख्नु पर्छ र आर्जित आय वनको संरक्षण र समुदायको हितमा खर्च गर्नुपर्छ । उपभोक्ता समूहका कुनै पदाधिकारीले समुदायको निर्णयबेगर वा कार्ययोजनाविपरीत कार्य गरेमा दायित्त्व बेहोर्नु पर्ने हुन्छ । प्रस्तुत मुद्दामा सामुदायिक वन उपभोक्ता समूहले कार्ययोजनाको सीमाभित्र रही कार्य गरेको पाइँदा आरोपित कार्य भए गरेको नदेखिने ।

अतः विवेचित आधार कारणहरूबाट सामुदायिक वन उपभोक्ता समितिबाट पारित भएको वन कार्ययोजनाअनुरूप समितिकै सामुहिक निर्णयअनुसार वन पैदावार कटान भएको र निर्णयमा संलग्न समितिका सबै पदाधिकारीहरू उपर अभियोगपत्र दायर नभई केबल समितिको अध्यक्षलाई मात्र प्रतिवादी बनाई मुद्दा चलाएको अवस्था कानूनसङ्गत देखिएन । तसर्थ प्रतिवादी देवीमाया कट्टुवाललाई अभियोग दाबीबमोजिम बिगो रू.२,०७,२२५।– असुल गरी रू.१०००।– जरिवाना गर्ने गरी उदयपुर जिल्ला अदालतबाट मिति २०६९।८।१३ मा भएको फैसला उल्टी गरी प्रतिवादीलाई सफाइ दिने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०७०।६।१४ मा भएको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: चाणकमणि अर्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल पुस ७ गते रोज ६ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०७८९, लुटपिट, *हिरालाल यादवसमेत वि. सोतीलाल यादवसमेत*

वादी दाबीको विवादित पोखरी मिन्ही पोखरी भएको र मिन्ही पोखरी भएको कारणबाट उक्त पोखरी कसैको नाउँमा नामसारी हुने वा बेचबिखन हुन सक्ने होइन भनी वादीले स्वीकार गरेको र प्रतिवादीले पनि आफ्नो प्रतिउत्तरमा सो कुरा स्वीकार गरेको देखिन्छ । वादीले प्रमाणमा पेस गरेको मिसिल संलग्न रहेको २००४ सालको लगतमा मिन्हीतर्फको भनी जनिएको देखिन्छ । दाबीको पोखरीमा आफ्नो हक रहे भएको जिकिर वादीको भए पनि २००४ सालको

लगतमा नै मिन्हीतर्फको भन्ने जनिई लगत नै सार्वजनिक जग्गामा अवस्थित सार्वजनिक पोखरीको प्रकृतिसरहको देखिँदा उक्त जग्गा तथा पोखरीमा वादीको हक रहेको मान्न मिलेन। सर्वे नापीको समयमा उक्त पोखरी जिल्ला सप्तरी गा.वि.स. रम्पुरा मल्हनियाँ वार्ड नं. ५ (क) कि.नं. ३६१ क्षेत्रफल ०-९-१२ कायम भई जोताहा महल र जग्गाधनी महलमा पोखरी जनिएर नापी भएको कुरा फिल्डबुक उतारबाट समेत देखिँदा उक्त पोखरी मिन्ही अर्थात् सार्वजनिक पोखरी भएको कुरामा विवाद नदेखिने।

वादीले आधार लिएको २००४ सालको लगतमा नै विवादित पोखरीको पोत मिन्हा भनी उल्लेख भएको, विवादित पोखरी मिन्ही पोखरी भएकोमा दुवै पक्षबीच मुख मिलिरहेको र नापीको समयमा पनि मोही महल र जग्गाधनी महलमा पोखरी नै जनिएर नापी भएको देखिएको तथा यस अदालतबाट प्रतिपादित उल्लिखित सिद्धान्तहरू समेतबाट विवादित पोखरीमा वादी / प्रतिवादीको हक अन्य रैकर जस्तो कायम रहिरहेको भन्न मिल्ने देखिन नआउने।

तसर्थ यस्तो सार्वजनिक प्रकृतिको पोखरीका सम्बन्धमा वादीले आफ्नो आधा हक लाग्ने भनी र प्रतिवादीले आफ्नो एकलौटी हकको भनी दाबी जिकिर लिए तापनि वादी / प्रतिवादीका पिता पुर्खाले सार्वजनिक प्रयोगको लागि पोखरी खनी पोतसमेत मिन्हा गरिसकेको देखिएकाले विवादित पोखरीमा वादी / प्रतिवादी दुवैको हक कायम रहिरहेको भन्न मिल्ने देखिन आएन । अतः सार्वजनिक पोखरीका रूपमा कायम भइरहेको सो पोखरीमा वादी / प्रतिवादीको स्वामित्वसम्बन्धी हक नै स्थापित नरहेकाले यस्तो सार्वजनिक पोखरीमा वादीको आधी हक कायम गरी प्रतिवादीले माछा लुटपिट गरेको ठहऱ्याई सुरू सप्तरी जिल्ला अदालतबाट मिति २०६६।२।८ मा भएको फैसला उल्टी गरी पुनरावेदन दाबी नपुग्ने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।३।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CI-११७८, लिखत दर्ता बदर दर्ता कायम, *रत्नमाया थापा मगर वि. मनकुमारी थापा मगरसमेत*

नापीका बखत उक्त कित्ता जग्गा प्रतिवादी मनकुमारीका नाममा नाप जाँच भई लालपुर्जासमेत प्राप्त गरेउपर यी वादीले मौकामा उजुर गर्नुपर्नेमा सोसमेत गरेको पाइएन। यसरी लामो समयसम्म आफ्नो नामबाट मालपोत नतिरी बसेको कुरालाई गुपचुपमा नै राखी सो नापीका बखत भएको दर्ताउपर दर्ता बदरमा प्रस्तुत फिराद लिएर आएको हुँदा प्रतिवादी मनकुमारी थापाको नाममा कानूनबमोजिम भएको सो नापीको दर्ता बदर हुने स्थिति पनि नदेखिने।

वादी रत्नमाया थापा मगरले प्रतिवादी मनकुमारी थापा मिति २०२७ सालमै छुट्टिई भिन्न भई बसेको भनी दाबी लिए पनि यिनै प्रतिवादी मनकुमारी थापा वादी तथा विपक्षी रत्नमाया थापा मगरसमेत प्रतिवादी भएको अंश चलन मुद्दामा सर्वोच्च अदालतबाट अन्तिम फैसला हुँदा यी वादी / प्रतिवादीहरू सगोलका अंशियार भएकाले वादीले प्रतिवादीबाट आफ्नो अंश भाग छुट्याई लिन पाउने भनी ठहर भइसकेकाले पनि वादी रत्नमाया थापा मगरले कि.नं.९ र १३ का जग्गाहरू सरस्वती घिमिरेबाट मिति २०३५।९।१० मा राजीनामा गराई लिँदाका बखत वादी / प्रतिवादीहरू सगोलमै रहेको भन्ने नै देखिने।

सगोलमा रहेको समयमा किनेको सम्पत्ति प्रमाण ऐन, २०३१ को दफा ६(क) अनुसार सगोलको सम्पत्ति हुने भन्ने कानूनी व्यवस्थाअनुसार विवादित जग्गा वादीको नाममा खरिद हुँदाका अवस्थामा प्रतिवादी

सगोलमै रहेको कुरा यिनै वादी / प्रतिवादीहरूबीच चलेको अंश चलन मुद्दाबाट पुष्टि भइरहेको र वादीको नाममा खरिद भएको जग्गा वादीको निजी आर्जनको जग्गा हो भनी पुष्टि हुन नसकी सगोलको अर्का अंशियार यी प्रतिवादी मनकुमारी थापाको नाउँमा दर्ता भएको र सगोलको जग्गा जुनसुकै अंशियारको नाममा नापी दर्ता भए पनि त्यसबाट अरू अंशियारको हकमा कुनै आघात पर्न जाने अवस्था नै नहुने।

लिखत बदरतर्फको दाबी खारेज गर्ने गरी भएको सुरू अदालतको फैसलामा केही उल्टी गरी ७ खण्डको १ खण्ड लिखत बदर भई वादीको नाममा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको फैसलाका सन्दर्भमा हेर्दा विवादित कि.नं. ९ र १३ का जग्गाहरू क्रमश: मिति २०४९।९।३ र मिति २०४९।९।४ मा नापी हुँदा प्रतिवादी मनकुमारी थापामगरकै नाउँमा नापी भई मिति २०५१।४।१४ मा जग्गाधनी प्रमाण पुर्जासमेत प्राप्त गरिसकेको र उक्त जग्गा प्रतिवादी मनकुमारी थापाले अ.वा. अमरसिं राईमार्फत मिति २०५७।४।१ मा विपक्षी जहर सिं राईलाई राजीनामा गरी दिएको देखिन्छ । प्रतिवादी मनकुमारी थापाले यसरी सगोलको सबै अंशियारको सम्पत्ति आफूखुस गरी बेचबिखन गर्दा मुलुकी ऐन, अंशबन्डाको १९ नं. तथा दान बकसको १ नं. बमोजिम सगोलका वादीलगायत अन्य अंशियारहरूको मन्जुरी लिनु पर्नेमा सोबमोजिम मन्जुरी लिएको भन्ने कुरा पनि मिसिल प्रमाण कागजबाट देखिँदैन । प्रतिवादीको यस कार्यबाट सगोलमै रहेकी यी वादी रत्नमायाँ थापा मगर आफ्नो अंश हकबाट वञ्चित हुने रहेकाले वादीको हक जति ७ खण्डको १ खण्ड लिखत बदर हुने नै देखिँदा सोहदसम्म बदर गरी वादीको नाममा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत, धनकुटाको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः विवेचित आधार र कारणसमेतबाट दूषित दर्ता बदरतर्फको वादी दाबी खारेज गरेको हदसम्म सुरू संखुवासभा जिल्ला अदालतको फैसला सदर कायम गरी लिखत बदरतर्फको दाबी खारेज गर्ने गरी भएको सुरू फैसलामा केही उल्टी गरी ७ खण्डको १ खण्ड लिखत बदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६८।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ २ गते रोज ४ शुभम्।

३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६९-CI-०३२३, बकसपत्र लिखत बदर, *रामकुमार थापासमेत वि. श्यामकुमार थापा*

विवादित कि.नं. १४० को जग्गा मिति २०४४।११।२६ मा दाता हरिबहादुर खत्रीबाट आमा मोहन कुमारीले राजीनामा पारित गरी लिएको समयलाई हेर्दा पनि प्रतिवादीहरूले जिकिर लिएजस्तो वादी छुट्टी भिन्न भएको भन्ने समयभन्दा निकै अगाडि अर्थात् यी वादी श्यामकुमार थापासमेत सगोलमै रहेको अवस्थामा राजीनामा लिखत पारित गरी खरिद गरेको देखिन्छ । यस आधारमा पनि सो सम्पत्ति सगोलको अवस्थामा नै खरिद भई आएको हुँदा यी वादीसमेतको अंश हक लाग्ने कुरामा विवाद नदेखिने।

विवादित कि.नं. १४० को जग्गा आमा मोहन कुमारीले आफ्नो एकलौटी हकभोगको हो भनी दाबी लिए पनि उक्त एकलौटी हक भोगको जग्गा खरिद गरेको स्रोत दाइजो, पेवा वा निजी आर्जन के हो भन्ने सम्बन्धमा निजी आर्जनको जिकिर लिने पक्षले सो जिकिरको सम्बन्धमा वस्तुनिष्ठ प्रमाण पेस गर्नुपर्नेमा प्रतिवादीले सोसमेत पेस गर्न सकेको नदेखिने।

आफ्ना ज्ञान, सीप वा प्रयासबाट आर्जेको

निजी सम्पत्तिमा क्रेताले आफूखुस बेचबिखन, दान, बकसलगायतका कुनै पनि कार्य गर्न सक्ने कुरा मुलुकी ऐन, स्त्री अंश धनको १ नं. र ५ नं., दान बकसको १ नं. तथा अंश बन्डाको १८ नं. ले स्पष्ट व्यवस्था गरेको नै छ तर प्रस्तुत विवादित कि.नं. १४० को जग्गा अन्य अंशियार सगोलमै छँदै आमा मोहन कुमारीको नाउँमा राजीनामा लिखत पारित गरी खरिद गरेको र निजले सो जग्गा सगोलका अन्य अंशियारको अंश हक वञ्चित हुने गरी नाति प्रशान्त थापालाई हालैदेखिको बकसपत्र गरी दिएको हुँदा सो कार्य मुलुकी ऐन, स्त्री अंश धनको १ नं. र ५ नं., दान बकसको १ नं. तथा अंश बन्डाको १८ नं. बमोजिम भए गरेको भन्न मिल्ने देखिन नआउने।

मिति २०६७।२।२७ मा मोहनकुमारीले नाति प्रशान्त थापालाई हा.ब. गरी दिँदा सगोलमै रहेका यी वादी श्यामकुमार थापाको कुनै मन्जुरी लिएको पनि मिसिल संलग्न प्रमाण कागजबाट देखिन आएन । यसरी वादीसमेतको मन्जुरी नलिई नाबालक नातिलाई हा.ब.गरिदिएको देखिँदा सो कार्यबाट यी वादीको हकमा असर पर्ने नै भयो। तसर्थ सगोलमा वादीसमेत गरी ५ अंशियार रहेको देखिँदा वादी श्यामकुमार थापाको हकमा ५ भागको १ भाग लिखत बदर हुने नै देखियो। आमा मोहन कुमारीको स्वआर्जनको सम्पत्ति भएकाले आफूखुस गर्न पाउने हो भन्ने पुनरावेदक प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार प्रमाणसमेतबाट मिति २०६७।२।२७ को हालैदेखिको बकसपत्र लिखत बदर गरिपाउँ भन्नेसमेत वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६८।३।२१ को फैसला उल्टी गरी यी वादीसमेत सगोलमै रहेको समयमा किनिएको सगोलको सम्पत्तिमा यी वादीको अंश भाग अर्थात् ५ भागको १ भाग हालैदेखिको बकसपत्रको लिखत बदर हुने भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ ०२ गते रोज ४ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-१३७०, लिखत दर्ता बदर दर्ता, *विजयकुमार साहसमेत वि. फेकन साहसमेत*

वादी दाबीको जग्गाको प्राप्तिको स्रोत हेरिएमा उक्त जग्गा वादी फेकन साह, प्रतिवादी लक्ष्मेश्वर यादव भएको २०५६ सालको दे.नं.१८९४ को लेनदेन मुद्दा मिति २०५७।०४।२६ मा फैसला भई लेनदेन मुद्दाका ऋणी लक्ष्मेश्वर यादवको नाउँको कि.नं.१२९८ को ०-४-१२ तथा कि.नं.५२३ को क्षेत्रफल ०-३-८ समेतका जग्गा उक्त लेनदेन मुद्दाको बिगोमा लिलाम भई लेनदेन मुद्दाका वादी फेकन साहका नाममा मिति २०६०।६।७ मा लिलाम सकार गरी प्राप्त हुन आएको देखिन आउँछ। यी फेकन साहले वादी दाबीको जग्गा प्राप्त गर्दाका समयसम्म निजका पिता जीवित नै रहेको अवस्थामा प्रस्तुत मुद्दाका प्रतिवादी फेकन साह घरको मुख्य व्यक्ति भई कारोबार गर्नसक्ने अवस्थाको देखिन आउँदैन । निजको बाबुको मृत्युपश्चात् आमा सुजान देवीले घरको मुख्य भई व्यवहार गरेको कुरा फिराद लेखबाटै देखिएको छ । उपर्युक्तबमोजिम लक्ष्मेश्वर यादवसँग लेनदेन हुँदाका बखत तथा मुद्दा परी सोही मुद्दाको जरियाबाट फैसला कार्यान्वयनको सिलसिलामा लिलाम सकार गरी उक्त जग्गाहरू प्राप्त भएको अवस्थामा यी फेकन साहले जनकपुर चुरोट कारखानामा कार्यरत रहँदा आफ्नो आर्जन प्रयोग नगरी सगोलको सम्पत्तिबाट लेनदेन गरेको भन्ने जिकिर वादी पुनरावेदकले लिएको

देखिँदैन। यसरी उक्त जग्गाहरू प्राप्तिको स्रोत सगोलकै सम्पत्ति हो भन्नेबारे वादीतर्फबाट प्रमाण पेस गर्न नसकेको अवस्थामा यी प्रतिवादी फेकन साहले प्रतिउत्तर पेस नगर्दैमा वादी दाबी पुग्ने अवस्था नदेखिने।

प्रतिवादी फेकन साहको रोजगारीको अवस्था हेरिएमा पनि निज जनकपुर चुरोट कारखानाका कर्मचारी भई आय आर्जन गर्नसक्ने देखिइरहेको अवस्थामा निजले आफ्नो निजी ज्ञानसीप वा प्रयासबाट रकम लगानी गरी लिलाम सकारका कारण निजका नाममा दर्ता हुन आएको देखिन्छ। सगोलको सम्पत्तिबाट रकम लगानी गरी निजले प्राप्त गरेको देखिन आउँदैन। सगोलको सम्पत्तिबाट ऋण लगानी गरी प्राप्त भएको हो भन्ने कुरा पनि कहीँकतैबाट पुष्टि हुन आएको नदेखिने।

अत: प्रतिवादी फेकन साहका पिता जगन्नाथ साह घरको मुख्य भएको र निज जगन्नाथ साहको मृत्युपछि सुजान देवी घरको मुख्य भई व्यवहार गरेको अवस्थामा प्रतिवादी फेकन साहले आफूले रोजगारी गरी प्राप्त गरेको रकमबाट ऋण लगानी गर्न सक्ने नै देखिन्छ। यसरी आफ्नो निजी ज्ञानसीपबाट प्राप्त भएको रकम लगानी गरी लिलामको माध्यमबाट सकार गरी प्राप्त भएको सम्पत्तिलाई मुलुकी ऐन, अंशबन्डाको १८ नं. अनुसार सगोलको मान्न कानूनसङ्गत नदेखिने।

सगोलको सम्पत्ति लगानी गरी वादी दाबीको जग्गा प्राप्त भएको कुरा अकाट्य प्रमाणबाट पुष्टि नभएका अवस्थामा विवादित जग्गा प्रतिवादी फेकन साहको स्व:आर्जनको भई अन्य दाजुभाइहरूको हक लाग्ने अवस्था देखिएन। अतः पुनरावेदन अदालत, जनकपुरले प्रतिवादी फेकन साहले भोगेन्द्र साहलाई रजिस्ट्रेसन पारित गरी बिक्री गरेको जग्गा निजका अन्य अंशियारहरूको हक नलाग्ने भनी वादी दाबीबमोजिम ७ भागको ६ भाग लिखत बदर हुने ठहऱ्याएको सुरू धनुषा जिल्ला अदालतको मिति २०६७।६।५ को फैसला उल्टी गरी लिखत बदर गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहर्छ भनी गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।३।३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुदिपकुमार भट्टराई
कम्प्युटर: मिनु शाही
इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०४२९, निर्णय दर्ता बदर पर्खाल भत्काई खिचोला मेटाई चलन, *जीवनकुमार पौड्यालसमेत वि. गोपाल मानन्धर*

वादीले आफ्नो फिराद दाबीमा प्रतिवादीको जग्गा हाल चक्रपथ ट्र्याकभित्र परेको भनी उल्लेख गरेको पाइन्छ। विवाद निरूपणका लागि प्रमाण मुकररका क्रममा जिल्ला अदालतको आदेशानुसार विवादित जग्गाको भई आएको नापनक्सा मुचुल्का, नापीको नक्सा तथा चक्रपथमा परेको जग्गासमेतको विवेचना गरी पेस भएका प्रमाणसमेतको मूल्याङ्कन गरी वादी / प्रतिवादीको जग्गा यकिन गर्नुपर्नेमा सुरू जिल्ला अदालतबाट विवादित विषयमा सबुद प्रमाणको मूल्याङ्कन एवम् विवेचना गरी वादी / प्रतिवादीको जग्गा यकिन गरी इन्साफ गरेको देखिन आउँदैन। सुरू जिल्ला अदालतले फैसला गर्दा प्रतिवादीले हाल साबिक गर्दा वादी सर्जमिनमा बसेको र हाल साबिक हुँदाकै अवस्थामा वादीको जग्गा कम भएको भनी फैसलाको मुख्य निर्णयाधार बनाई संकलित सबुद प्रमाणको मूल्याङ्कन र विवेचना गरी वादी दाबी पुग्ने वा नपुग्ने भनेको देखिन नआउने।

सुरू फैसला बदर भई पुनः इन्साफका लागि सुरू जिल्ला अदालतमा पठाइएको पुनरावेदन अदालतको फैसलाबाट प्रतिवादीको कानूनप्रदत्त कुनै पनि हक अधिकारमा आघात पुग्ने नभई निर्णयको

परिपक्वताका लागि मात्र पुन: इन्साफका लागि पठाइदिएको देखिन आउँछ । पुनरावेदन अदालतबाट यस्तो अधिकारको प्रयोग मुद्दाको अवस्था परिस्थितिअनुसार गर्न सक्ने नै हुन्छ । पुनरावेदन अदालतले कुनै पक्षलाई दु:ख दिने नियतले जिल्ला अदालतमा मुद्दा फिर्ता पठाएको नभई वस्तुनिष्ठ रूपमा प्रमाणहरू बुझी निक्र्यौल गर्न लगाएको अवस्था मात्र हो । विभिन्न प्रमाणहरूको संकलन र मूल्याङ्कन गरी निष्कर्षमा पुग्नु न्यायको लागि अपरिहार्य हुने हुँदा यस प्रकृतिको विवादमा पुन: इन्साफ गर्न सुरू जिल्ला अदालतमा मुद्दा फिर्ता पठाउनुलाई अन्यथा सोच्नु पर्ने अवस्था नदेखिने ।

तसर्थ सुरू फैसला बदर गरी विवादित विषयमा जो जे बुझ्नुपर्ने हो बुझी सङ्कलित सबुद प्रमाणको यथेष्ट मूल्याङ्कन र विवेचना गरी इन्साफ गर्नु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुदिपकुमार भट्टराई

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम् ।

## इजलास नं. १६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CR-०५५६, जबरजस्ती करणी, *मनोज आचार्य वि. नेपाल सरकार*

जाहेरवाला नाम परिवर्तित पदमपुर “क” ले छोरीलाई यी प्रतिवादीले जबरजस्ती करणी गरेको भनी दिएको किटानी जाहेरीलाई समर्थन गर्दै अदालतसमक्ष बकपत्रसमेत गरेको पाइन्छ । मिसिल संलग्न पीडितको मौकाको कागजलाई समर्थन गरी पीडितले अदालतमा समेत उपस्थित भई बकपत्र गर्दा निज प्रतिवादी मनोज आचार्यले पछाडिबाट हात लगी मेरो पिसाब गर्ने ठाउँमा छिराएको र उसको पिसाब गर्ने मेरो पिसाब गर्ने ठाउँमा राखिदिनुभयो भनी उल्लेख गरेको देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको योनि / गुप्ताङ्ग बाहिर रातोपन छ भनी उल्लेख भएको देखिन्छ भने प्रतिवादीको लिङ्ग घर्षण भएको देखिन्छ भन्ने प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिनुका साथै उक्त स्वास्थ्य परीक्षण गर्ने डा.मनोज कुमार यादवले प्रतिवादीको लिङ्गको माथिल्लो भागमा रातोपन देखिएको र सो घर्षणले भएको जस्तो थियो भनी बकपत्र गरेको एवम् डा. मोना श्रेष्ठले पीडितको योनिको बाहिरी भागमा रातोपना २,३ ठाउँमा थियो, घर्षणले गर्दा हुन सक्छ भनी बकपत्र गरेको देखिएसमेतबाट निज प्रतिवादी मनोज आचार्य वारदातको समयमा आफू गाउँमा डुलिहिँडेको भनी अनुसन्धान अधिकारीसमक्षको साबिती बयान दबाबमा जबरजस्ती गराएको भनी लिएको जिकिर विश्वसनिय मान्न नसकिने ।

नाबालिग बच्चाको शारीरिक विकासको अवस्थाले लिङ्गको योनिमा पूर्ण प्रवेश सम्भव नहुन पनि सक्दछ र प्रस्तुत वारदातमा प्रतिवादीले लिङ्ग प्रवेशको भरमग्दुर प्रयास र घर्षण गरेको अवस्था पनि छ । घर्षण भएमा पनि जबरजस्ती करणी मान्नु पर्ने सिद्धान्तसमेत (ने.का.प. २०७२, नि.नं. ९५१९) मा प्रतिपादित भइसकेको स्थितिमा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी मनोज आचार्यउपरको किटानी जाहेरी र सो जाहेरीलाई समर्थन हुनेगरी अदालतमा गरेको बकपत्र, पीडितको मौकाको कागज र अदालतसमक्ष गरेको बकपत्र, पीडितको र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदन, निज प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानका साथै मिसिल संलग्न प्रमाणहरूबाट यी प्रतिवादीले वर्ष ५ को नाबालकलाई जबरजस्ती करणी गरेको

पुष्टि भइरहेको देखिँदा पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत: उल्लिखित आधार र कारणहरू समेतबाट प्रतिवादी मनोज आचार्यलाई सुरू चितवन जिल्ला अदालतले जबरजस्ती करणी उद्योग गरेको कसुरमा ५ वर्ष कैदको सजाय हुने र सोही महलको १० नं. र १०ग नं. बमोजिम पीडितलाई पीडक प्रतिवादीबाट क्षतिपूर्तिबापतमा रू.२५,०००।- (पच्चिस हजार) भराई पाउने ठहर्‍याई भएको मिति २०७१।२।५ को फैसला केही उल्टी गरी निज प्रतिवादीलाई दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) बमोजिम १० (दश) वर्ष कैद सजाय हुने र सोही महलको १० नं. र १०ग नं. बमोजिम पीडितलाई पिडक प्रतिवादीबाट क्षतिपूर्तिबापत रू.२५,०००।- (पच्चिस हजार) भराई पाउने ठहर्‍याई भएको मिति २०७२।२।१९ को पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल माघ ११ गते रोज ५ शुभम् ।

## इजलास नं. १८

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-WO-११९६, उत्प्रेषण / परमादेश, *पवनकुमार खड्का वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, भाटभटेनी, काठमाडौंसमेत*

रिट निवेदकले आफ्नो निवेदन बेहोरामा "संसदीय समितिले औंला ठड्याउँदासमेत रोक्न कुनै दायित्त्व निर्वाह नगर्ने र प्रहरी संगठनभित्र एउटा प्रहरी जवानको भर्ना, सरूवालगायतमा समेत प्रत्यक्ष संलग्न देखाउने मन्त्री एवम् सचिवहरू उक्त घोटालामा संलग्न छैनन् भनी भन्न नसकिने अवस्था रहेको र संसदीय समितिले विपक्षी मन्त्री तथा सचिवहरूको प्रत्यक्ष संलग्नता देखाएको भनी प्रतिवेदन पेस गरिसकेको अवस्था तथा हाल विशेष अदालत, काठमाडौंले विपक्षी बनाइएका केही अभियुक्तहरूले समेत उनीहरूको निर्देशनबमोजिम कार्य गरे गराएको भनी सार्वजनिक रूपमा नै दोषी ठहर गरिसकेको अवस्था हुँदा निजहरूले उन्मुक्ति पाउने अवस्था छैन" भनी निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेबमोजिम कुनै व्यक्तिहरू उपर कुनै व्यक्ति वा कुनै निकायले गरेको आशङ्का र अनुमानको आधारमा मात्र मुद्दा दायर गर्न मिल्ने नहुने ।

कुनै विषयमा भएको भ्रष्टाचारजन्य अपराधमा अनुसन्धान गर्ने निकायका रूपमा रहेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेझैं आधार र कारणसहितका प्रमाणहरू नहेरिकन शङ्का र अनुमानकै आधारमा कुनै व्यक्तिउपर भ्रष्टाचार मुद्दा दायर गर्नु गराउनु भनी यस अदालतले असाधारण अधिकार क्षेत्रको प्रयोग गरी आदेश जारी गर्न मिल्नेसमेत हुँदैन । कुनै व्यक्तिउपर मुद्दा चल्ने वा नचल्ने भन्ने सम्बन्धमा सम्बद्ध प्रमाण हेरी निष्कर्षमा पुग्न सकिने विषय भएकोले अदालत, स्वयम् नै वादीको रूपमा ग्रहण गरी यो यो व्यक्तिहरूलाई भ्रष्टाचारको अभियोगमा मुद्दा चलाउनु भनी आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा विपक्षीहरूका उपरमा समेत छानबिन गरी निजहरूलाई समेत विपक्षी बनाई विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को (ग) बमोजिम भ्रष्टाचार मुद्दा दायर गर्नु गराउनु भनी उत्प्रेषण, परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भन्ने प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुरथप्रसाद तिमल्सेना

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०७४५ र ०७१-RC-००७३, कर्तव्य ज्यान, *हरिराम थारू वि. नेपाल सरकार र नेपाल सरकार वि. हरिराम थारू*

मिसिल संलग्न प्रमाण कागजातहरूको विश्लेषण गर्दा, मिसिल संलग्न जाहेरी दरखास्त, घटना विवरण कागज, लास प्रकृति मुचुल्का र लास परीक्षण प्रतिवेदनसमेतबाट मृतक किरबहादुरको मृत्यु कर्तव्यबाट भएकोमा विवाद देखिँदैन । हरिराम थारूले मृतकका छोरासँग रातो मोटरसाइकलवाला व्यक्तिले मृतकलाई घर पुऱ्याइदिन्छु भनी लगी गएको भनी भनेको आधारमा त्यो मोटरसाइकलवाला मानिस खोज्ने क्रममा बाबुलालको पनि रातो मोटरसाइकल भएकोले र कालो कालो मोटो मान्छेले लगेको भनी प्रतिवादी हरिरामले भनेको भनी जाहेरवालाले बकपत्र गरेको अवस्थाबाट प्रतिवादी हरिरामले पटकपटक विरोधाभाष कुरा गरेको देखिने ।

प्रतिवादी हरिराम थारू र मृतक घरतर्फ जान भनी घटनास्थलकै बाटोतिर गइरहेको भन्ने जाहेरवालाकै बेहोराबाट प्रस्ट देखिन्छ । मृतकको खोजीतर्फ यी प्रतिवादी प्रयासरत नरहनु र मानवीय संवेदनशीलता प्रकट गरेकोसमेत देखिन आउँदैन । वारदातस्थल एकान्त र सुनसान स्थानमा रहनुबाट घटनाको प्रत्यक्षदर्शी नहुनु स्वाभाविकै रहन्छ भने सँगै जुवा तास खेलेका, सँगै रक्सी सेवन गरेका र पछि छोरा लिन आउँदा घर जान नदिई प्रतिवादी हरिरामसँगै बाटोमा जाँदै गरेको व्यक्तिको कर्तव्यबाट मृत्यु भएकोमा प्रतिवादी हरिरामले आफू बेखबर रहेको भन्नु र खोजतलासतर्फ पनि नलाग्नुबाट यी प्रतिवादी निर्दोष रहेछन् भनी अनुमान गर्न नसकिने ।

तसर्थ विवेचित आधार कारणबाट प्रतिवादी हरिराम थारूले मृतक किरबहादुर थारूलाई कर्तव्य गरी मारेको ठहर गरी निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०७१।०३।१७ को फैसला मिलेकै देखिने ।

प्रतिवादी र मृतकबीच पूर्वरिसइवी रहेको भन्ने मिसिलबाट नदेखिएको, सँगै तास खेली रक्सी सेवन गरी बाटोमा जाँदै गरेको भनेपनि निजकै कर्तव्यबाट मरेको भन्ने वारदातको प्रत्यक्षदर्शी कोही नरहेको, मार्ने पूर्वयोजना बनाएको भन्ने पनि अनुसन्धानबाट नखुलेको अवस्थामा उल्लिखित घटनाक्रमलाई समग्रमा मूल्याङ्कन गर्दा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको पूरै सजाय गर्दा चर्को पर्न जाने चित्तले देखेकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादी हरिराम थारूलाई १०(दश) वर्ष मात्र कैद हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७५ साल जेठ २१ गते रोज २ शुभम् ।

## इजलास नं. १९

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७१-WO-००५४, उत्प्रेषण / परमादेश, *नुतनकुमार थापा मगर वि. यादव सिंह मगरसमेत*

दाखिल खारेज नामसारी गर्ने प्रयोजनका लागि अन्तिम फैसला भएको ६ महिनाको अवधि **व्यतित भए** वा **म्याद नाघेपछि** प्रत्येक वर्षको निमित्त तिरोको चार खण्डको एक खण्ड जरिवाना गरी दाखिल खारेज नामसारी गरी दिनु पर्ने र जरिवाना गर्दा जतिसुकै वर्ष भए पनि तिरोबमोजिम भन्दा बढी जरिवाना गर्नु

हुँदैन र फैसलाबमोजिम दा.खा. नामसारी गरी दिनुपर्छ भन्ने नै विधायिकाको मनसाय रहेको देखिने।

फैसला अन्तिम भएको मितिले ६ महिनाभित्र दा.खा. नामसारीतर्फ निवेदन दिनु पर्ने र सो अवधि ब्यतित भएपछि पनि प्रत्येक वर्षका निमित्त तिरोको ४ खण्डको १ खण्ड जरिवाना गरी दा.खा. नामसारी गराउन सकिने व्यवस्था कानूनमा भएअनुरूप उदयपुर जिल्ला अदालतले फैसलाबमोजिम दा.खा. नामसारी गर्न उपर्युक्तबमोजिमको जरिवाना गरी दा.खा. नामसारी गरिदिनु भनी मिति २०७०।१।२७ मा भएको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।११।२९ को आदेश कानूनअनुरूप भएको देखियो । फैसला कार्यान्वयन गर्ने क्रममा कानूनबमोजिम भएका आदेशहरूबाट निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकाधिकारमा आघात परेको भन्न नसकिने।

अतः विवेचित आधार र कारणसमेतबाट उदयपुर जिल्ला अदालतको मिति २०६४।३।२४ को फैसला र सो फैसलालाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।२।४ को फैसला तथा उक्त फैसलाहरू कार्यान्वयन गर्ने क्रममा उदयपुर जिल्ला अदालतबाट मिति २०७०।१।१७ मा भएको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७०।११।२९ को आदेश मुलुकी ऐन, दण्ड सजायको महलको ४४ नं. को कानूनी व्यवस्थाको प्रतिकूल नदेखिएको र उक्त आदेशद्वारा निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकाधिकारमा आघात पारेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

## एकल इजलास

**स.प्र.न्या.श्री गोपाल पराजुली,** ०७४-WO-००६६, उत्प्रेषण, *सुनिलकुमार पटेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपालको संविधानको धारा २९५(१) बमोजिम प्रदेश सीमाङ्कनसम्बन्धी संघीय आयोग गठन गर्न निवेदन माग गरेको सम्बन्धमा हेर्दा नेपालको संविधानको धारा २९५(१) मा "प्रदेशको सीमाङ्कनसम्बन्धी विषयमा सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्न सक्नेछ" भन्ने संवैधानिक व्यवस्था देखियो। यो यस अवधिभित्र उक्त आयोग गठन गरी सक्नुपर्ने भन्नेसमेतको बाध्यात्मक संवैधानिक व्यवस्था गरेको नभई "नेपाल सरकारले एक संघीय आयोग गठन गर्न सक्नेछ" भनी त्यस्तो आयोग नेपाल सरकारले निर्णय गरेको अवस्थामा मात्र गठन हुने प्रकृति देखिएकोले उक्त संवैधानिक व्यवस्थाबाट समेत उक्त आयोग गठन नहुँदै पनि निर्वाचन क्षेत्र निर्धारण हुन नसक्ने भन्ने नदेखिने।

नेपालको संविधानको धारा ५६(३) बमोजिम यो संविधान प्रारम्भ हुँदाका बखत नेपालमा कायम रहेका अनुसूची–४ मा उल्लेख भएबमोजिमका जिल्लाहरू रहेका प्रदेश रहने छन् भनी प्रदेशको सीमाङ्कन हुने आधार र तदनुरूप प्रदेशको गठनसमेत भइसकेको देखिन्छ। संविधानको धारा २९५(१) मा "प्रदेशको सीमाङ्कनसम्बन्धी विषयमा सुझाव दिन नेपाल सरकारले एक संघीय आयोग गठन गर्न सक्नेछ" भन्ने संवैधानिक व्यवस्था रहेबाट त्यस्तो संघीय आयोग नेपाल सरकारले औचित्यता र आवश्यकतासमेतलाई विचार गरी हेरी गठन गर्न सक्ने प्रकृतिको देखिने।

जनसंख्याको आधारमा जिल्लाको संख्या पुनरावलोकन गर्नुपर्ने प्रस्ट संवैधानिक कानूनी आधार

निवेदकले नै खुलाउन नसकेको अवस्थामा संविधानको धारा ५६को उपधारा ३ सँग सम्बन्धित अनुसूची-४ मा तोकिएको जिल्लाको संख्या तोकिदिई किटानी गरेको अवस्थामा संवैधानिक व्यवस्थालाई चुनौती दिई जिल्लाहरूको पुनरावलोकन गरी संख्या घटाउने संवैधानिक र कानूनी आधार नै नदेखिँदा जिल्लाको संख्या पुनरावलोकन भइसकेपछि मात्र निर्वाचन क्षेत्र निर्धारण गर्नु भन्ने निवेदन दाबीसमेत संविधान र कानूनअनुरूपको दाबी मान्न मिल्ने नदेखिने।

निवेदकले मिति २०७४।४।२२ मा प्रस्तुत निवेदन दर्ता गरेको र उक्त मितिमा कानूनबमोजिम गाउँपालिका, नगरपालिकाको संख्या र सीमानासमेत यकिन भइसकी केही नगरपालिका र गाउँपालिकासमेतको निर्वाचन सम्पन्न भइसकेको देखिएकोले प्रदेशको सीमाङ्कनसमेतसम्बन्धमा कुनै विवाद नभई संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न गर्न सकिने अवस्थाको विद्यमानता भएको र जिल्लाको संख्या पुनरावलोकन हुने कुनै संवैधानिक आधार नभएकोले संविधानको धारा ८४(१)(क) बमोजिम नेपाललाई जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्ठताका आधारमा एक सय पैंसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम निर्वाचन हुन सक्ने नै देखिएकोले निवेदकको निवेदन दाबी प्रथमदृष्टिमै संवैधानिक र कानूनी आधार विनाको र संवैधानिक व्यवस्थालाई नै चुनौती दिएको देखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल भदौ १ गते रोज ५ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति